प्रस्तावित जलजला संरक्षित वन

# एक परिचय

आ.व. २०८२/०८३





लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय रोल्पा

Phone : 086-440112 Email: dforolpa12@gmail.com Website : dforolpa.lumbini.gov.np

# विभिन्न कार्यक्रमको केही तस्विरहरू









# विभिन्न कार्यक्रमको केही तस्विरहरू












# विभिन्न कार्यक्रमको केही तस्विरहरू









प्रस्तावित जलजला संरक्षित वन

# एक परिचय


डिभिजन वन कार्यालय रोल्पा

☎ 086-440112 ✉ dforolpa12@gmail.com

**शिर्षक : प्रस्तावित जलजला संरक्षित वन : एक परिचय**

**आर्थिक बर्ष : २०८२-२०८३**

प्रकाशन : (१) डिभिजन वन कार्यालय लिवाङ, रोल्पा
(२) जलजला संरक्षित वन परिषद् तदर्थ समिति

कभर तस्बिर : जलजला संरक्षित वन क्षेत्र

**पुस्तिका प्रकाशनमा सहयोग गर्ने कर्मचारीहरु :**

श्री टेकन प्रसाद आचार्य (वरिष्ठ वन अधिकृत)
श्री झक्कु प्रसाद आचार्य (लेखापाल)
श्री विमल डुम्रे (रेन्जर)
श्री दीपेन्द्र बुढा (सिनियर फरेष्टर)

# दुई शब्द



रोल्पा जिल्लामा रहेको जलजला क्षेत्र एक महत्वपूर्ण प्राकृतिक, धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक महत्वले भरिपूर्ण रहेको क्षेत्र हो । यो क्षेत्र जैविक विविधता, प्राकृतिक श्रोत, प्राकृतिक सौन्दर्य, ऐतिहासिक, पुरातात्विक दृष्टिकोणले समेत सम्पन्न रहेको छ । यस क्षेत्रमा मुख्यतया आदिवासी जनजातिहरुको बसोबास रहेको छ । त्यसैले गर्दा यस क्षेत्रका समुदायको आफ्नै सांस्कृतिक, भेषभुषा, रितिरिवाज रहेको छ, जसले जलजला क्षेत्रको मौलिकता अझै बढाएको छ । त्यसैले जलजला क्षेत्रलाई समुदायमा आधारित जलजला संरक्षित वन कायम गरी प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र बुद्धिमतापूर्वक उपयोग गर्ने प्रयास गरिनेछ । जलजला संरक्षित वनमा प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गरी अर्थपूर्ण उपलब्धि सुनिश्चित गर्न समुदाय, सरोकारवालाहरु, संघ, संस्था तथा सम्बन्धित निकायहरुमा समन्वय र सहकार्य गरी वन, जैविक विविधता, जैविक मार्ग, जलाधार क्षेत्र, धार्मिक, सांस्कृतिक, ऐतिहासिक र पर्यापर्यटनको लागि वातावरणमैत्री पूर्वाधार निर्माण कार्यहरुमा यस क्षेत्रका महिला, विपन्न, पिछडिएका वर्ग, दलित सबैको अर्थपूर्ण सहभागीता, प्रतिनिधित्व सुनिश्चित हुनेमा मैले आशा र बिश्वास लिएको छु ।

यस पुस्तिकामा खासगरी जलजला संरक्षित वन क्षेत्रको परिचय, यहाँ रहेका जैविक विविधता, यस क्षेत्रमा वसोवास गर्ने समुदायको सामाजिक तथा आर्थिक अवस्था, संरक्षित वन व्यवस्थान योजनामा प्रस्ताव गरिएका मुख्य विषय वस्तुहरू र योजना कार्यन्वयनमा सरोकारवालाहरूको भूमिका लगायत आ.व. २०८२/०८३ मा डिभिजन वन कार्यालय रोल्पाबाट संरक्षित वन क्षेत्रमा सम्पादन गरिएका विभिन्न क्रियाकलापहरूको वार्षिक प्रगति विवरण समेटिएको छ ।

यस पुस्तिका तयार गर्ने क्रममा सामुदायिक वन सम्बन्धी क्रियाकलापहरुको तथ्यांक विवरण उपलब्ध गराई सहयोग गर्ने सम्पूर्ण सामुदायिक वन उपभोक्ता समुह तथा कबुलियति वन उपभोक्ता समुहका पदाधिकारीहरु, तथ्यांक संकलन गर्ने कार्यमा संलग्न सव डिभिजन वन कार्यालयहरुमा कार्यरत वन अधिकृत, रेन्जर, फरेष्टर तथा वन रक्षकलगायतका सम्पूर्ण कर्मचारीहरु तथा यस पुस्तिकाको मस्यौदा तयार गर्ने वरिष्ठ वन अधिकृत टेकन प्रसाद आचार्य र जलजला संरक्षित वनका रेन्जर श्री विमल डुम्रेलाई पनि धन्यवाद दिन चाहन्छु । साथै यो पुस्तिका प्रकाशन गर्नमा बिशेष सल्लाह सुझाव दिने जलजला संरक्षित वन परिषद् तदर्थ समितिका संयोजक श्री कृषिकेशव वुढामगर लगायत सम्पूर्ण सदस्यहरुलाई पनि बिशेष धन्यवाद दिन चाहान्छु ।

**असार २०८३**

**यज्ञमूर्ति खनाल**
**डिभिजनल वन अधिकृत**

# विषय सुची


परिच्छेद १ : जिल्लाको सामान्य परिचय १

१.१ पृष्ठभूमि १

१.२ संरक्षित वन क्षेत्रको कार्ययोजनाका मान्यताहरु २

परिच्छेद २ : संरक्षित वन क्षेत्रको विवरण ३

२.१ भौगोलिक स्थिति ३

२.१.१ भौगोलिक अवस्था ३

२.१.२ संरक्षित वनको सिमाना ३

२.१.३ भू-उपयोगीताको अवस्था ४

२.१.४ वन अतिक्रमणको अवस्था ४

२.२ जैविक विविधता स्रोतहरु ४

२.२.१ वन स्रोत ४

२.२.१.१ वनको किसिम ४

२.२.१.२ वनको अवस्था ६

२.२.२. वन व्यवस्थापनका प्रयासहरु ७

२.२.२.१ सामुदायिक वन ७

२.२.२.२ धार्मिक वन ८

२.२.२.३ कबुलियती वन ८

२.२.२.४ चक्ला वन ९

२.२.२.५ निजी वन ९

२.२.३ लघु वन पैदावार (जडीबुटी) ९

२.२.४ जैविक विविधता ९

२.२.४.१ जीवजन्तुको विविधता ९

२.२.४.२ चराचुरुङ्गीको विविधता ९

२.२.४.३ वनस्पति विविधता १०

२.२.४.४ पारिस्थितिकीय प्रणाली तथा वासस्थान विविधता १०

२.२.२.५ जलाधार क्षेत्रमा जैविक विविधता ११

परिच्छेद ३ : सामाजिक तथा आर्थिक विवरण १२

३.१ सामाजिक १२

३.१.१ जनसंख्या १२

३.१.२ जाति र जनजाति विवरण १२

३.१.३ भाषा र धर्म १३
३.१.४ शिक्षा र साक्षरता १३
३.१.५. लैगिक सम्बन्धको अवस्था १४
३.१.६ जातीय, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु १४
३.२ आर्थिक अवस्था १४
३.२.१ जीविकोपार्जनको अवस्था १४
३.२.२ कृषि तथा पशुपालन १५
३.३ सामाजिक सेवा तथा भौतिक पूर्वाधार १६
३.३.१ यातायात तथा सडक सञ्जाल १६
३.३.२ विद्युत सेवा १७
३.३.३ सञ्चार १८
३.३.४ वैकल्पिक उर्जा १८
३.४ पर्यापर्यटन १८
३.४.१ पर्यटन सम्बन्धि उत्पादन तथा विविधिकरण १८
३.४.२ दृश्य तथा दृश्यावलोकन २०
३.५ संरक्षित वनक्षेत्रको समस्या तथा चुनौतिहरु २०
३.६ संरक्षित वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि कानुनी अवसरहरु २१
परिच्छेद ४ : संरक्षित वन व्यवस्थापन योजना २२
४.१ दुरदृष्टि तथा लक्ष्य २२
४.१.१ दुरदृष्टि २२
४.१.२ लक्ष्य २२
४.१.३ उद्देश्यहरु तथा अपेक्षित उपलव्धिहरु २२
४.२ व्यवस्थापनको सिद्धान्त तथा पहुँचहरु २६
४.३ सघन वन व्यवस्थापन क्षेत्र (Intensive forest management area) २६
४.४ भित्री संरक्षित क्षेत्रहरू (Core area) २६
४.५ संरक्षित वन क्षेत्रमा संलग्न प्रभावित स्थानीय तहहरु (Impacts zone forest management) २७
४.६ सांगठनिक व्यवस्था तथा कार्यान्वयन प्रक्रिया २७
४.६.१ प्रशासकिय संगठनात्मक स्वरुप २७
४.६.२ सांगठनिक ब्यवस्था र कर्मचारी २८
४.७ संलग्न सरोकारवालाहरुको भूमिका तथा जिम्मेवारी २९
४.७.१ डिभिजन वन कार्यालय रोल्पा २९
४.७.२ जलजला संरक्षित वन परिषद ३०
४.७.३ भू तथा जलाधार ब्यवस्थापन कार्यालय रोल्पा ३१

४.७.४ स्थानिय तह गा.पा. र न.पा.हरू ३१
४.७.५ कृषि ज्ञान केन्द्र ३२
४.७.६ भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ३२
४.७.७ जिल्ला समन्वय समिति ३२
४.७.८ जिल्ला घरेलु तथा साना उद्योग कार्यालय ३२
४.७.९ वन वातावरणमा कार्यरत संघ संस्था र सामुदायिक वन उपभोक्ता महासंघ ३२
४.७.१० प्राविधिक र आर्थिक सहयोग गर्ने दाताहरू र संघसंस्थाहरू ३३
४.७.११ सामुदायमा आधारित वन र भू तथा जलाधार संरक्षण समूहहरू ३३
४.८ सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य ३३
परिच्छेद ५ : आ.व. २०८२।०८३ मा संचालित कार्यक्रमहरुको संक्षिप्त विवरण ३४
५.१ पृष्ठभुमि ३४
५.२ संक्षिप्त कार्यक्रम प्रगति विवरण ३६
५.२.१ प्रदेश सरकारतर्फको कार्यक्रम ३६
५.२.२ संघिय सरकारको सर्शत अनुदान कार्यक्रम ३६
५.३ प्रस्तावित संरक्षित वन कार्ययोजना कार्यान्वयनमा हालसम्म सम्पादित कृयाकलापहरूको योगदान ३७

## अनुसूचीहरु

अनुसूची १ : जलजला संरक्षित वनमा पाईने वनस्पतिहरुको नामावली ३८
अनुसूची २ : जलजला संरक्षित वनमा पाईने बन्यजन्तुहरु ३९
अनुसूची ३ : जलजला संरक्षित वनमा पाइने चराचुरुंगीहरु ४०
अनुसूची ४ : गैह्रकाष्ठ वन पैदावारको स्थानीय नाम ४१
अनुसूची ५ : संरक्षित वनको मध्यवर्ति र प्रभावित क्षेत्रका सामुदायिक वन उपभोक्ता समुहको विवरण ४३
अनुसूची ६ : संरक्षित वनको मध्यवर्ति र प्रभावित क्षेत्रका कबुलियत वन उपभोक्ता समुहको विवरण ४७
अनुसूची ७ : आ.व. ०८२-०८३ मा प्रस्तावित जलजला संरक्षित वनको क्षेत्र भित्र संचालन भएका कार्यक्रमहरुको विवरण ४८
अनुसूची ८ : प्रस्तावित जलजला संरक्षित वन परिषद् तदर्थ समिति रोल्पाको पदाधिकारीहरुको नामावली तथा सम्पर्क नम्बर ४९
अनुसुची ९ : आ.व. २०८२।०८३ मा विनियोजित बजेट खण्डिकरण (ब्रेकडाउन) सम्बन्धी विवरण ५०
अनुसुची १० : आ.व. २०८२।०८३ मा सम्पादित क्रियाकलापहरुको प्रगति समिक्षा सम्बन्धी बैठक ५३
अनुसुची ११ : संरक्षित वन सम्बन्धी नक्साहरू ५५

## तालिकाहरु

तालिका नं. १ : जलजला क्षेत्रको भू-उपयोगिता विवरण ४
तालिका नं. २ : जलजला संरक्षित वनको अवस्था र बृद्धि मौज्दात विवरण ७
तालिका नं. ३ : जलजला संरक्षित वन क्षेत्रमा संलग्न गा.पा. र न.पा.को जनसंख्या विवरण १२
तालिका. नं. ४ : जलजला संरक्षित वन क्षेत्रमा संलग्न न.पा. र गा.पा.हरूको जातिगत विवरण प्रतिशतमा १२
तालिका नं. ५ : जलजला संरक्षित वन क्षेत्रमा बोलिने भाषा १३
तालिका नं ६ : जलजला संरक्षित वन क्षेत्रको साक्षरता विवरण १३
तालिका नं ७ : आर्थिक कृयाकलापहरुमा संलग्न विवरण १५
तालिका नं. ८ : कृषि तथा पशुपालनमा संलग्न घरधुरीहरू १६
तालिका नं. ९ : विद्युतिय सुविधा लिएका घरधुरीको संक्षिप्त विवरण १७
तालिका नं. १० : संचार सुविधाको संक्षिप्त विवरण १८
तालिका नं. ११ : कार्ययोजना कार्यान्वयनबाट हुने अपेक्षित उपलब्धिहरू २३
तालिका नं १२ : संरक्षित वन कार्यक्रमका कर्मचारीहरूको विवरण २८
तालिका १३ : आ.व. २०८२/८३ को बिनियोजित बजेट तथा कृयाकलापहरू ३४
तालिका १४ : आ.व.को २०८२/०८३ को प्रगति विवरण ३७

## चित्रहरु

चित्र नं. १ : जलजला संरक्षित वन क्षेत्र अन्तर्गतका सामुदायिक वन तथा कवुलियति वनहरुको विवरण ८
चित्र नं २ : प्रशासकिय संगठनात्मक स्वरुपको ढाँचा २८

## नक्साहरु

नक्सा नं. १.१ : संरक्षित वनको चारकिल्ला सहितको नक्सा ५५
नक्सा नं. १.२ : संरक्षित वनको भू-उपयोगिता देखाइएको नक्सा ५५
नक्सा नं. १.३ : संरक्षित वनमा पाइने वनको किसिम देखाइएको नक्सा ५६
नक्सा नं. १.४ : संरक्षित वनको भू-वनोट (उचाई) देखाइएको नक्सा ५६
नक्सा नं. १.५ : संरक्षित वन क्षेत्रको जलाधार क्षेत्र देखाइएको नक्सा ५७
नक्सा नं. १.६ : संरक्षित वनको भिरालोपन देखाइएको नक्सा ५७
नक्सा नं. १.७ : संरक्षित वनको भित्री, मध्यवर्ति र प्रभावित क्षेत्रको नक्सा ५८
नक्सा नं. १.८ : संरक्षित वनको भित्री भाग (Core area) देखाइएको नक्सा ५८
नक्सा नं. १.९ : संरक्षित वनको जैविक विविधता सम्बन्धि नक्सा ५९
नक्सा नं. १.१० : संरक्षित वनमा रहेका पर्यटकीय स्थल तथा ट्रेकिङ्क रुट नक्सा ५९

# परिच्छेद १ : जिल्लाको सामान्य परिचय

## १.१ पृष्ठभूमि

जलजला क्षेत्र लुम्बिनी प्रदेश रोल्पा जिल्ला अन्तर्गतको एक महत्वपुर्ण प्राकृतिक, धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक महत्वले भरिपुर्ण रहेको क्षेत्र हो । यस क्षेत्र जिल्ला सदरमुकाम लिवाङ देखी करिव ८० किलोमिटरको उत्तर-पूर्व तर्फको दुरीमा अवस्थित रहेको छ । यस क्षेत्रको मुख्य पहिचान नै दलदल (सिमसार क्षेत्र) जमिन रहेको छ । यो क्षेत्र समुन्द्री सतह देखि ३२९५ मिटर उचाइमा रहेको छ । जलजला संरक्षित वन करिब ४७ हजार हेक्टरमा उच्च पहाडी वन र बुकी क्षेत्रको रुपमा फैलिएर रहेको छ । यस संरक्षित वन क्षेत्र थवाङ गा.पा.का सबै (५ वटा वडाहरु), रोल्पा न.पा.का ३ वटा वडाहरु (८, ९ र १०), परिवर्तन गा.पा.को कुरेली (वडा नं. १) र सुनछहरी गा.पा. को जेल्वाङ (वडा नं. ७) समेत गरी ४ वटा स्थानीय तहका १० वटा वडाहरुमा फैलिएर रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने स्थानिय बासिन्दाहरु यसै वन क्षेत्रको वन पैदावर, चरन र जडिवुटी जस्ता प्राकृतिक स्रोतहरुमा निर्भर रहेका छन् । यो क्षेत्रमा उपोष्ण मनसुनी देखि ठण्डा समशीतोष्ण सम्मको हावापानी रहेको पाईन्छ । अतः यस क्षेत्र जैविक विविधताको दृष्ठिकोणले पनि सम्पन्न रहेको छ ।

यस क्षेत्रमा करिब १४ प्रजातिका गुराँस प्रजातिहरु रहेका छन् । यसै गरी जडिबुटिहरुमा सतुवा, पदमचाल, पाँचऔले, चिराइतो, सुनगाभा, सुगन्धवाल, सुनाखरी, समायो, चुत्रो, गरेली फूल, दालचिनी, तेजपात, बोझो, कचुर, पुदिना, टिमुर, सिल्टिमुर, धम्पे, सिङग्ली मिङग्ली, रुकन, ढुंगेफूल (पाषणवेद), विषमा, हड़िजोर, बकिन्नो, काकरसिंगे, सिउँडी आदि महत्वपुर्ण प्रजातिहरु पाइन्छन्। यसका साथै बन्यजन्तुहरुमा खास गरी घोरल, थार, रतुवा, हरिण, बँदेल, चितुवा, भालु र दुर्लभ रेड पाण्डा लगायत जंगली जनावरहरु पाइन्छन् भने चराचुङ्गीहरुमा डाँफे, मुनाल, कालिज सहित सयौं प्रकारका चराचुरुङगीहरुको बासस्थान पनि रहेको छ । यस क्षेत्रको उत्तरमा सिस्ने, पुथा, डोगारी, गुर्जा र धौलागिरी हिम श्रृंखला देखिन्छन् भने हिउँदमा जलजला आँफै हिउँले सेताम्मे भएर सुन्दर प्राकृतिक स्थलको रुपमा सजिएर रहेको हुन्छ ।

यस जलजला क्षेत्र धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिकोणले पनि महत्वपुर्ण स्थलको रुपमा रहेको छ। किंवदन्ती अनुसार यहाँको भामागुफाबाट १२ भाइ वराह र २२ बहिनी बज्यू वराह उत्पत्ति भई नेपालका विभिन्न स्थानमा फैलिएका थिए । त्यस कारण भामा गुफालाई वराहाको उत्पति स्थलको रुपमा मान्ने गरेका छन् । यस सानो रमाणीय उपत्यका भित्र बज्यू बराह, कैलु बराह र सतदेवका मन्दिरहरु छन् । यस क्षेत्रमा वैशाख पुर्णिमा, जेठ पुर्णिमा र श्रावण पुर्णिमामा मेला लाग्ने र श्रद्धालुहरुले सयौं भेडा र कुखुराको बलि दिने प्रचलन रहि आएको छ । यस स्थलको दर्शन गरेपछि मनोकांक्षा पुरा हुने र सन्तान लाभ हुने विश्वास रहँदैआएको छ । जेष्ठ पुर्णिमाको वराह मेलामा हजारौंको संख्यामा तिर्थालुहरु आउने गर्दछन् । यस रमणीय क्षेत्रको प्राकृतिक सुन्दरता झण्डै अन्य क्षेत्रहरु भन्दा अतुलनिय र बेग्लै प्रकारको रहेको पाईन्छ।

यस क्षेत्रमा अधिक आदीबासी जनजातिहरुको बसोबास रहेको छ । यी समुदायहरुको आफनै सांस्कृतिक, भेषभुषा, रीतिरिवाज रहेको छ, जसले यस क्षेत्रको रौनक अझै बढाएको छ । यस क्षेत्रलाई नेपालको एक महत्वपुर्ण जनयुद्धको उद्गम स्थलको रुपमा पहिचान बोकेको ऐतिहासिक थलोको रुपमा पनि परिचित रहेको छ। यी सम्पदाहरुका कारण पर्यापर्यटन क्षेत्रको विकास र विस्तार गरी स्थानिय समुदायको जिविकोपार्जनमा टेवा पुग्न सक्ने प्रचुर सम्भावना रहेको छ । अतः यस क्षेत्रको प्राकृतिक सम्पदा, धर्म, सांस्कृतिक र ऐतिहासिक महत्व बोकेको स्थल भएकोले यसको संरक्षण, सम्बर्धन र बुद्धिमतापुर्वक उपयोगका लागि डिभिजन वन कार्यालय रोल्पाले प्रचलित ऐन कानुनले निर्दिष्ट गरे बमोजिमका आधारमा संरक्षित वनको रुपमा प्रस्ताव गरी कार्ययोजना समेत तयार गरेको छ ।

## १.२ संरक्षित वन क्षेत्रको कार्ययोजनाका मान्यताहरु

यस संरक्षित वन जैविक विविधता, प्राकृतिक सौन्दर्य, धार्मिक, सांस्कृतिक, ऐतिहासिक र जल स्रोतको दृष्टिकोणले अति महत्वपूर्ण र संवेदनशील क्षेत्र भएकोले समुदायमा आधारित संरक्षित वन कार्ययोजना तयार गरी प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्बर्धन र बुद्धिमतापूर्वक उपयोग गर्ने प्रयास गरिएको छ । यस कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी अर्थपूर्ण उपलब्धि सुनिश्चित गर्न समुदाय, सरोकारवालाहरु, संघ संस्था तथा सम्बन्धित निकायहरूमा समन्वय र सहकार्य गरी वन, जैविक विविधता, जैविकमार्ग, जलाधार क्षेत्र, धार्मिक सांस्कृतिक, ऐतिहासिक जनयुद्ध र पर्यापर्यटनको वातावरण मैत्री पूर्वाधार निर्माण कार्यहरूमा महिला, विपन्न, पिछडिएका वर्ग, दलित आदिको अर्थपूर्ण उपस्थिति, सहभागिता, प्रतिनिधित्व सुनिश्चित गरिनेछ । यो योजना अधिकारवाला र सरोकारवालाहरूको साझा अवधारणाा बनाई समन्वय र सहकार्यको आधारमा कार्यक्रम कार्यान्वयन गरिनेछ। स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चलि आएका मुल्य र मान्यताहरूलाई पनि यो योजनाले अङ्गिकार गरेकोछ । तथापि विभिन्न कारणवश उक्त कार्ययोजना स्विकृत हुन नसकी यस क्षेत्र प्रस्तावित संरक्षित वनको रुपमा रही आएको छ ।

# परिच्छेद २ : संरक्षित वन क्षेत्रको विवरण

यस संरक्षित वन रोल्पा जिल्लाको सदरमुकाम लिवाङ देखी उत्तर-पूर्व तर्फ करिव ८० किलोमिटरको दुरीमा अवस्थित रहेको छ । यस वन क्षेत्र समुन्द्री सतह देखि ३२९५ मिटर उचाइमा सम्म फैलिएर रहेको छ । यस संरक्षित वन क्षेत्र दलदल जमिन (जलजला) को नामवाट करिब ४७ हजार हेक्टरमा फैलिएको छ । यहाँ उच्च पहाडी वन क्षेत्र र बुकी क्षेत्रहरु रहेको छ। यस क्षेत्रलाई जिल्लाको सदरमुकाम र अन्य महत्वपुर्ण क्षेत्रहरुबाट कच्ची मोटर बाटोले जोडिएकोछ। जिल्लाको सदरमुकाम लिवाङ देखी करिव ७ घण्टा मोटरमा यात्रा गरिसके पछि यस क्षेत्रको आधार क्षेत्र थवाङ् पुग्न सकिन्छ । यस आधार क्षेत्रबाट करीव ४ वा ५ घण्टा पैदल यात्रा गरी मात्र जलजला पुग्न सकिन्छ । यो क्षेत्र जैविक विविधता, प्राकृतिक श्रोत, प्राकृतिक सौन्दर्य, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक र धार्मिक दृष्टिकोणले पनि सम्पन्न रहेकोछ । यस वन क्षेत्रको भौगोलिक अवस्था निम्नानुसार विश्लेषण गरिएकोछ ।

## २.१ भौगोलिक स्थिति

### २.१.१ भौगोलिक अवस्था

यस संरक्षित वन रोल्पा जिल्ला अन्तगर्तका ४ वटा स्थानीय तहमा फैलिएर रहेको छ । यस क्षेत्रमा थवाङ गाउँपालिका सबै (५ वटा वडाहरु), रोल्पा न.पा.का ३ वटा वडाहरु (८, ९ र १०), परिवर्तन गाउँपालिका को कुरेली (वडा नं.१) र सुनछहरी गाउँपालिकाको जेल्वाङ (वडा न. ७) समेत गरी १० वटा वडाहरु प्रभावित क्षेत्रको रुपमा रहेका छन् । यस वन क्षेत्र समुन्द्री सतहबाट करिव १००० देखि ३५०० मिटर उचाइमा सम्म फैलिएर रहेको छ ।

यो वन क्षेत्रको WGS १९८४ Geographic Coordinates System अनुसार २८°१८'x४२°१२' देखि २८°१५'x५६°१२'उत्तर र ८२°३३'x१९°४५' देखि ८२°५२'x३३°८९'पूर्वी देशान्तरमा फैलिएर रहेकोछ। यस क्षेत्रमा उपोष्ण देखि समशीतोष्ण सम्मको हावापानी पाईन्छ । यहाँको अत्यधिक तापक्रम १४.० डिग्री सेल्सियस र न्युनतम तापक्रम ० डिग्री सेल्सियस छ । यस क्षेत्रमा पांगो, बलौटे, दोमट बलौटे र चिम्टाईलो रातो माटो पाईन्छ । यस क्षेत्रका बासिन्दाहरु यसै वन क्षेत्रका वनजन्य स्रोतहरु, चरन र जडिवुटीका लागि भरपर्दो आई रहेका छन् । यस संरक्षित वन क्षेत्रको अधिकतम भू-भाग औसत १५ डिग्री भन्दा कम भिरालो भएको भाग कम छ भने ३५-४५ डिग्री भिरालोपन भएको भाग अधिक रहेकोछ । १५-३५ डिग्री भिरालोपन भएको भाग तेस्रो ठुलो भागमा फैलिएकोछ ।

### २.१.२ संरक्षित वनको सिमाना

यस संरक्षित वनको सिमांकन स्थानीय स्तरमा गरिएको छलफल गरि प्राप्त सल्लाह र सुझावको आधारमा २०५४ सालमा स्थानीय स्तरवाट संरक्षण गर्दै आई रहेको क्षेत्र एवम् आसपासमा जोडिएर रहेका सामुदायिक वनको सिमानालाई आधार मानी सिमाङ्कन कायम गरिएको छ । यस सिमानाको भित्र पर्ने सरकारी वनलाई पुर्ण

रुपमा संरक्षित क्षेत्र (Core area) कायम गरिएको छ । यस वन क्षेत्रको चार किल्लाको विवरण निम्नानुसार रहेको छ ।

पूर्व : सिर्पन जलजला बेश क्याम्प हुँदै डयाङग्रो खोला र साझा खोला सामुदायिक वन सिमाना

पश्चिम : गल्फुखोला, बाडेर्खक हुँदै जलजला बेश क्याम्प र धरमपानी सामुदायिक वन सिमाना

उत्तर : सालपधुरी पुरानो पानी ढल हुँदै तिजिवङ्क जाने बाटो

दक्षिण : कालुङ्टुङ्ग डाडा, डुडुहाङ् हुँदै लामाई खर्क खोला, गल्फु खोला र भजुङ्गे खोला बेश क्याम्प

### २.१.३ भू-उपयोगीताको अवस्था

इसिमोड, २०२१ को डिजिटल भू-उपयोगिताको तथ्यांकको आधारमा यस यस क्षेत्रमा सबै भन्दा बढि वन क्षेत्र ७१.९२%, कृषि क्षेत्र १८.४३%, घाँसे मैदान ९.५१% अन्य क्षेत्र ०.१४४% रहेको पाइछ ।

**तालिका नं. १ : जलजला क्षेत्रको भू-उपयोगिता विवरण**

| क्र.स. | विवरण | क्षेत्रफल हे | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | वन क्षेत्र | ३०५४५.७३ | ७१.९२ | |
| २ | कृषि क्षेत्र | ७८२८.७३ | १८.४३ | |
| ३ | घाँसे मैदान | ४०३८.४२ | ९.५१ | |
| ४ | अन्य | ६१.०९ | ०.१४४ | |
| ५ | कुल जम्मा | ४२४७३.९७ | १०० | |

श्रोत : Digital Landuse data of ICIMOD, 2021

### २.१.४ वन अतिक्रमणको अवस्था

यस संरक्षित वनको सिमांकन आसपास क्षेत्रमा कुनै पनि वन अतिक्रमण रहेको छैन । यस संरक्षित वन भित्र कुनै प्रकारका निजी आवादी रहेमा डिभिजन वन कार्यालयको पहलमा नापी कार्यालयको सहयोगमा छुट्टाईने छ ।

## २.२ जैविक विविधता स्रोतहरु

### २.२.१ वन स्रोत

#### २.२.१.१ वनको किसिम

यस संरक्षित वनको भौगोलिक अवस्था, हावापानी र उचाईको आधारमा भित्री वन, मध्यवर्ति र प्रभावित क्षेत्रमा तपसिल बमोजिमका वनका प्रकार रहेका छन्। यस संरक्षित वन अन्तर्गत रहेको वनको किसिम (Data source: TISC 2002) लाई आधार लिई छुट्टाईएको छ । यी वनहरुमा पाईने वनस्पति प्रजातिहरुको स्थानीय र बैज्ञानिक नाम अनुसुची ६ मा समावेश गरिएको छ ।

### क) खोटे सल्ला वन (Chir pine forest)

यस संरक्षित वन क्षेत्र करीव १००० मी देखि २००० मिटर सम्मको दक्षिणी मोहडामा खोटे सल्लाको वन फैलिएर रहेको छ। यस प्रकारको वन जलजला संरक्षित वनको प्रभावित क्षेत्र अन्तर्गत रोल्पा नगरपालिका र परिवर्तन गाउँपालिका क्षेत्रमा फैलिएर रहेको छ । यस वनको माथिल्लो भागमा बाँझको वन छ भने तल्लो भागमा महुवा र टुनी आदि प्रजातिका वन रहेका छन् ।

### ख) खोटे सल्ला-चौडापाते वन (Chir Pine-Broad Leaved Forest)

यस संरक्षित वनमा करीव १००० मी देखि २००० मिटर सम्मको फैलिएर रहेको छ। यस भूभागमा खास गरी खोटेसल्ला, खर्सु, चिलाउने, कटुस, पैयुं, वैस, टुनी, चाँप, उत्तिस र कुटमिरो आदि प्रजातिहरु पाईन्छ । यसका साथै जडिबुटी एव गैरकाष्ठ वन पैदावारहरुमा मुख्य गरी टिमुर, पाखनवेद, कुरिलो, चिराइतो, झयाउ, काफल, रिठा, सगुन्धवाल, तेजपात, अल्लो बोझो, मालागिरी, निगालो, तितेपाती, गुर्जो, नागवेली आदि प्रजातिहरु पाईन्छ ।

### ग) चिलाउने कटुस वन (Schima-Castanopsis Forest)

यस संरक्षित वनमा करीव १००० मी देखि २००० मिटर सम्मको क्षेत्रमा यस प्रकारको वन रहेको छ।यस भूभागमा खास गरी चिलाउने, कटुस वनको बहुल्यता रहेको पाईन्छ । यो संरक्षित वनक्षेत्र सुनछहरी गाउँपालिकाको उत्तर तर्फको भागमा फैलिएर रहेको छ । यस क्षेत्रमा खास गरी जडिबुटी एव गैरकाष्ठ वन पैदावारहरुमा मुख्य गरी टिमुर, पाखनवेद, कुरिलो, चिराइतो, झयाउ, काफल, रिठा, सगुन्धवाल, तेजपात, अल्लो, खोटो, मालागिरी निगालो, नागवेली आदि प्रजातिहरु पाईन्छ ।

### घ) तल्लो शितोष्ण फलाट वन (Lower Temperate Oak Forest)

यस प्रकारको वन खास गरी उत्तरी भागको करीव २००० मी देखि २५०० मी. उचाई सम्मा संरक्षित वनको चारै तर्फ फैलिएर रहेको छ । यस भूभागमा फलाट (Quercus spps) को बहुल्यता रहेको छ । यस प्रजातिसँगै खर्सु, देवदार, लौठ सल्ला, ठिन्ग्रे सल्ला, फलाँट, लालीगुँरास आदि प्रजातिहरु पनि पाईन्छ । यस भागमा बहुमुल्य जडिबुटी खासगरी पाँचऔले, लौठ सल्ला, बुकिफुल, ठुलो ओखती, वन लसुन, विषफेद, सेतकचिनि, पदमचाल आदि प्रजातिहरु पाईन्छ । यो पुर्णरुपमा संरक्षित क्षेत्र (Core area) मा पाईन्छ ।

### ङ) बांझी-घोडा कटुस-फिरफिरे वन (Oak-Horsechestnut-Maple Forest)

यस प्रकारका वन करीव २१०० मिटर देखि २९०० मिटर सम्मको उचाई क्षेत्रमा पाईन्छ। यस क्षेत्रमा खास गरी फलाट, झुले सल्ला, स्प्रुस, भोजपत्र, गुराँस, सुनपाती, चिमल, धुपी, तालिसपत्र आदि रुख प्रजातिहरु पाइन्छन् । यस भूभागमा मुख्य जडिबुटी एव गैरकाष्ठ वन पैदावारहरुमा पाँचऔले, जटामसी, झ्याउ, पदमचाल, अतिस, वनलसुन आदि प्रजातिहरु पाईन्छन। यो वन खासगरी संरक्षित क्षेत्र (Core area) मा पाईन्छ।

### च) फर वन (Fir Forest)

यस प्रकारका वन करीव ३३०० मिटर देखि ३५०० मिटर सम्म उचाई क्षेत्रमा पाईन्छ। यस क्षेत्रमा खासगरी तालिसपत्र, खर्सु, झुले सल्ला, रानी सल्ला, भोजपत्र, लालीगुरास, धुपी आदि रुख प्रजातिहरु पाइन्छन् । यस भू भागमा मुख्य जडिबुटी एव गैरकाष्ठ वन पैदावारहरुमा पाँचऔले, जटामसी, झ्याउ, पदमचाल, अतिस, वनलसनु आदि प्रजातिहरु पाईन्छन। यस पुर्णरुपमा संरक्षित क्षेत्र (Core area) मा यस किसिमका वनहरु पाईन्छ।

### छ) शितोष्ण पहाडी बाझ वन (Temperate Mountain Oak Forest)

यस प्रकारका वन करीव २५०० मिटर भन्दा अधिक उचाई क्षेत्रमा पाईन्छ। यस क्षेत्रमा खास गरी खर्सु, लौठ सल्ला, रानी सल्ला, फलाट, झुले सल्ला, लालीगुराँस आदि रुख प्रजातिहरु पाइन्छन् । यस प्रकारका वन अधिकांश मात्रामा संरक्षित वनको मध्यवर्ति क्षेत्रमा फैलिएर रहेको छ । यस भू भागमा मुख्य जडिबुटी एवम् गैरकाष्ठ वन पैदावारहरुमा पाँचऔले, जटामसी, झ्याउ, पदमचाल, अतिस, वनलसनु आदि प्रजातिहरु पाईन्छन्। पुर्णरुपमा संरक्षित क्षेत्र (Core area) मा यस किसिमका वनहरु पाईन्छ।

### ज) भोजपत्र — गुरांस वन (Birch-Rhododendron Forest)

यस प्रकारका वन संरक्षित वनको उत्तर तर्फको मोहडाको ओसिलो भागमा फैलिएर रहेको छ । यस क्षेत्रमा खास गरी भोजपत्र, तालिस पत्र, फलाट, फिरफिरे र धुपी सल्ला आदि रुख प्रजातिहरु पाइन्छन् । यस भू भागमा मुख्य जडिबुटी एव गैरकाष्ठ वन पैदावारहरुमा पाँचऔले, जटामसी, झ्याउ, पदमचाल, अतिस, वनलसुन आदि प्रजातिहरु पाईन्छन् । पुर्णरुपमा संरक्षित क्षेत्र (Core area) मा यस किसिमका वनहरु पाईन्छ ।

### २.२.१.२ वनको अवस्था

यस संरक्षित वन क्षेत्रमा चिलाउने-कटुस वनको बाहुल्यता रहेको पाईन्छ । यस क्षेत्रमा रहेको वनको अवस्थालाई विश्लेषण र लेखाजोखा गर्दा प्रति हेक्टर विरूवा संख्या १३४१९ लाथ्राको संख्या ५९१३, पोल ७८५ वटा र रूख २१७ वटा रहेका छन् । दिगो वन व्यवस्थापनका लागि प्रति हेक्टर बिरूवा २०,०००, ३००० लाथ्रा, १५०० पोल र ३०० भन्दा बढी रूख भएमा राम्रो मानिन्छ । यसै क्षेत्रमा वनको बृद्धि मौज्दात सञ्चित पोल र रूखको क्रमश २१.६० र ८२.६२ घ.मी. रहेको छ । यस क्षेत्रको कुल बृद्धि मौज्दात पोल र रूख गरी जम्मा ११५.६४ घ.मी. रहेकोछ । यस वनको अवस्था सम्बन्धी संक्षिप्त विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ : जलजला संरक्षित वनको अवस्था र बृद्धि मौज्दात विवरण**

| क .सं | प्रजाति | वन क्षेत्रमा मौज्दात प्रति हे. | | | | | | जम्मा मौज्दात घ.मी. |
|---|---|---|---|---|---|---|---|---|
| | | विरूवा संख्या | | | | पोल (घ.मि.) | रूखको मौज्दात (घ.मि.) | |
| | | विरूवा | लाथ्रा | पोल | रूख | | | |
| १ | चिलाउने | २०६१ | ९६५ | १०७ | ३२ | ३.०१ | ७.०४ | १०.०५ |
| २ | कटुस | २१९५ | १०२९ | ११३ | २८ | २.१३ | ८.०२ | १०.१५ |
| ३ | बाझ | १७३१ | ९२१ | १८५ | ३१ | २.५१ | ९.२६ | ११.७७ |
| ४ | फलाट | १२२३ | ६२३ | ८७ | २२ | २.०१ | ७.१६ | ९.१७ |
| ५ | खस्रु | १४२१ | ८०७ | ११३ | २४ | ४.०७ | १२.८ | १६.८७ |
| ६ | लालीगुरास | ३२९ | ५० | ८२ | २१ | १.१९ | ६.९ | ८.०९ |
| ७ | रानी सल्ला | ११८ | ५३ | ४० | ३१ | ३.११ | १६.५७ | १९.६८ |
| ८ | ठिग्रें सल्ला | १०८ | ३३ | ३० | १५ | २.२१ | ९.५५ | ११.७६ |
| ९ | अन्य | ४२३३ | १४३२ | २८ | १३ | १.३१ | ५.३२ | ६.६३ |
| | जम्मा | १३४१९ | ५९१३ | ७८५ | २१७ | २१.६ | ८२.६२ | १०४.१७ |

श्रोतः सा.व.कार्ययोजना पुर्नरावलोकन तथा स्थलगत प्रमाणीकरण २०७९

### २.२.२. वन व्यवस्थापनका प्रयासहरु

यस संरक्षित वन क्षेत्र अन्तर्गत रहेका वनहरुको व्यवस्थापन कार्यहरु तपसिल बमोजिम रहेका छन् ।

### २.२.२.१ सामुदायिक वन

यस संरक्षित वनको मध्यवर्ति क्षेत्र र प्रभावित क्षेत्रमा स्थानीय समुदायलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गरी ब्यवस्थापन गरिरहेका छन् । यस संरक्षित वनको प्रभावित क्षेत्रका गाँउ-बस्तीमा रहेका टुक्रा-टाक्री वन क्षेत्रहरू र गाँउ-बस्तीसँग जोडिएर रहेका प्राकृतिक एंव बृक्षारोपण क्षेत्रहरूलाई मात्र सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएकोछ । हाल यस संरक्षित वनको प्रभावित क्षेत्रमा ८० वटा सामुदायिक वन स्थानीय समुहलाई हस्तान्तरण गरिएकोछ । यी मध्ये थवाङ गाउँपालिकामा ३३ वटा, रोल्पा न.पा. मा ३६ वटा परिवर्तन गा.पा.मा ८ र सुनछहरी गा.पा.मा वटा ३ सामुदायिक वन रहेका छन् । यी सामुदायिक वनहरूले ६८९९.१६ हे. क्षेत्रफल ओगटेकोछ, जहां ५३६४ घरधुरीहरू लाभाविन्त भैरहेका छन् । यी सामुदायिक वनहरुको विवरण अनुसुची ४ मा उल्लेख गरिएकोछ ।

### २.२.२.२ धार्मिक वन

यस संरक्षित वन क्षेत्रमा ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्वका स्थलहरू रहेकाछन् । हाल सम्म यस जिल्लामा १ वटा धार्मिक वन हस्तान्तरण भई व्यवस्थापन भैरहेको छ । तर यस संरक्षित वन अन्तर्गत कुनै पनि धार्मिक वन हस्तान्तरण भएको छैन । यस वन क्षेत्रका केही भागलाई धार्मिक वनको रूपमा हस्तान्तरण गरी सो वन क्षेत्र संरक्षण गर्नु सकिने सम्भावना रहेको देखिन्छ । यस साथै क्षेत्रलाई धार्मिक पर्यटन स्थलको रूपमा विकास गरी स्थानीय जनताको जीविकोपार्जनमा महत्वपूर्ण योगदान दिन सक्ने देखिन्छ ।

### २.२.२.३ कबुलियती वन

यस संरक्षित वनका प्रभावित क्षेत्रमा २५ वटा कबुलियती वन गरिबीका रेखामुनी रहेका जनतालाई उपभोक्ता समुहको रुपमा गठन गर्न हस्तान्तरण भई ब्यवस्थापन भै रहेका छन् । यस संरक्षित वन अन्तर्गत मध्यवर्ति र प्रभावित क्षेत्रमा पर्ने कबुलियती वनको विवरण अनुसुची ५ मा समावेश गरिएको छ । यस बाहेक उद्योग धन्दाहरूका लागि कबुलियती वनको सम्भावना रहेता पनि हाल सम्म हस्तान्तरण भएको देखिंदैन । सामुदायिक वन भित्र स्थानीय गरीव जनताहरूको पहिचान गरी गरीवमुखी कबुलियती वन व्यवस्थापन गर्न सकिन्छ। साथै यस वन क्षेत्र वरिपरि रहेका हैसियत बिग्रेका टुक्रा टाक्री वनक्षेत्रहरू पनि स्थानीय गरीव जनताहरूको पहिचान गरी गरीवमुखी कबुलियती वन व्यवस्थापन गर्न सकिन्छ।




**चित्र नं. १ : जलजला संरक्षित वन क्षेत्र अन्तर्गतका सामुदायिक वन तथा कवुलियति वनहरुको विवरण**

### २.२.२.४ चक्ला वन

यस संरक्षित वनको प्रभावित क्षेत्रमा कुनै पनि चक्ला वन व्यवस्थापनका क्रियाकलापहरू संचालन गरिएको छैन

### २.२.२.५ निजी वन

यस संरक्षित वनको प्रभावित क्षेत्रमा निजी वनको रूपमा दर्ता गरी वन व्यवस्थापन गर्ने अभ्यासहरूको कमी रहेकोछ । यस जिल्ला अन्तर्गत ७ वटा निजीवन दर्ता भै १३.०३ हेक्टरमा ब्यवस्थापन भैरहेकोछ । यी मध्ये २ वटा निजी वन यस संरक्षित वनका प्रभावित क्षेत्रमा पर्दछ । यस संरक्षित वनक्षेत्रका प्रभावित गाउँपालिकामा निजी वन व्यवस्थापनको राम्रो सम्भावना देखिएकोछ । अतः यस योजना अवधिमा निजी वनलाई स्थानीय पलिकसँग समन्वय गरी प्राथमिकताका साथ प्रोत्साहन सकिने कार्यक्रम लिईएकोछ ।

### २.२.३ लघु वन पैदावार (जडीबुटी)

यस संरक्षित वन क्षेत्रमा महत्वपुर्ण जडिबुटिहरु पाईन्छ । यी जडिबुटिहरुमा मुख्य गरी सतुवा, पदमचाल, पाँचऔले, चिराइतो, सुनगाभा, सुगन्धवाल, सुनाखरी, समायो, चुत्रो, गरेलीफूल, दालचिनी, तेजपात, बोझो, कचुर, टिमुर, सिल्टिमुर, धुपी, सिङग्लीमिङग्ली, रुकन, ढुंगेफूल, विषमा, हड्जिोर, बकिन्नो, काकरसिंगे, सिउँडी आदि पाइन्छन् । वर्तमान अवस्थामा अब्यवस्थित रुपमा जडिबुटिहरु संकलनका कारण प्राकृतिक वासस्थानमा ह्रास आई उत्पादनमा नकारात्मक प्रभाव परि रहेको छ । यस क्षेत्रमा पाईने महत्वपुर्ण गैरकाष्ठ तथा जडिबुटीहरुको स्थानिय र बैज्ञानिक नामको विवरण अनुसुची ४ मा उल्लेख गरिएको छ ।

### २.२.४ जैविक विविधता

### २.२.४.१ जीवजन्तुको विविधता

यस संरक्षित वन जैविक विविधताको दृष्टिकोणले सम्पन्न रुपमा रहेको छ । यस क्षेत्रमा पहाडी र उच्च पहाडी क्षेत्रमा पाईने वन्यजन्तुहरुको मुख्यतया वासस्थान रहेको छ। यस क्षेत्रमा स्तनधारी वन्यजन्तुको रुपमा रतुवा, बँदेल, हुँडार, ब्वाँसो, स्याल, रातोबाँदर, वन विरालो, भालु, चितुवा, दुम्सी, खरायो, चरीबाघ, कस्तुरी मृग, झारल, घोरल, मलसाप्रो, न्याउरी मुसो, लोखर्के आदि पाईन्छ । यस क्षेत्रमा संकटापन्न प्रजातीको रुपमा रेड पाण्डा (हाब्रे) पनि रहेको पाईन्छ । साथै घस्रने जिवजन्तु प्रजातिहरुमा खास गरी अजिंगर, सुनगोहोरो, कठुवा, धामन आदि पाईन्छ । यस क्षेत्रमा पाईने बन्यजन्तुहरुको स्थानिय र बैज्ञानिक नामको विवरण अनुसुची २ मा उल्लेख गरिएको छ ।

### २.२.४.२ चराचुरुङ्गीको विविधता

यस संरक्षित वनमा विभिन्न प्रजातिका चराहरु पाईन्छ । यहाँ मुख्य गरी कालो तित्रा, सिम तित्रा, लुईचे, फाप्रे, सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, खैरो हाँस, चिल, बाज आदि चराचुरुङ्गीहरु पाईन्छ । यस क्षेत्रमा पाईने चराचुरुङ्गीहरुको स्थानिय र बैज्ञानिक नामको विवरण अनुसुची ३ मा उल्लेख गरिएको छ ।

### २.२.४.३ वनस्पति विविधता

यस क्षेत्रमा विभिन्न प्रकारका वनस्पतिहरु पाईन्छ । यहाँ करिब १४ प्रजातिका गुराँस रहेको अनुमान गरिन्छ। करीव ३००० मिटर भन्दा उच्च स्थानका लेकहरुमा जेठ र आषाढसम्म लटरम्म रुपमा गुराँस फुलिरहन्छ। यस बाहेक अन्य मुख्य रुख प्रजातिहरु साल, अस्ना, साँदन, धँगेरो, जामुन, खयर, चिउरी, बिमल, कुटमिरो, खोटेसल्लो, चिलाउने, कटुस, पैंयु, बैंस, टुनी, चाँप, उत्तिस, ओखर, बाँझ, गुराँस, लाँकुरी, लौठसल्ला, काफल, रिठ्ठा, तेजपात, खस्रु, देवदार, फलाँट, गोब्रेसल्ला आदि रहेका छन्। यसैं गरी प्रमुख जडिवुटी प्रजातिहरुमा बेल, बोझो, सर्पगन्धा, निम, तितेपाती, अमला, पिपला, मजिठो, घोडताप्रे, हर्रो, बर्रो, टिमुर, पाषणवेद, कुरीलो, चिराइतो, झ्याउ, लौठसल्ला, काफल, रिठ्ठा, सुगन्धवाल, तेजपात, अल्लो, लोक्ता, मालागेडी, निगालो, बज्रदन्ति, गुर्जो, बुकिफुल, पाँचऔले, ठुलोओखती, वनलसुन, कुरीलो, चिराइतो, विषफेज, पदमचाल आदि रहेका छन् ।

### २.२.४.४ पारिस्थितिकीय प्रणाली तथा वासस्थान विविधता

यस संरक्षित वन क्षेत्रको उचाई सामुन्द्रिक सतहबाट ९०९ मिटर देखि ३,५७३ मिटर सम्म फैलिएर रहेको पाइन्छ । यस क्षेत्रमा रहेको भौगोलिक विषमता तथा हावापानीको विविधताको कारणले गर्दा विभिन्न प्रकारका पारिस्थितिकीय प्रणालीहरू रहेका छन्। यस संरक्षित वनमा चार किसिमको वन, घांसे मैदान, ताल तलैया, पोखरी, नदी, खोला तथा सिमसार क्षेत्र आदि जस्ता विविध पारिस्थितिकीय प्रणालीहरू रहेका छन् । यी विविध प्रकारको परिस्थितिकीय प्रणालीको आधारमा विभिन्न किसिमका वन्यजन्तु र वनस्पतिहरु तथा यिनीहरुको बासस्थानहरू रहेका छन् । यस क्षेत्र कस्तुरी, निगाले बाघ र रेडपाण्डा जस्ता दुर्लभ वन्यजन्तुहरुको वासस्थान रहेको छ ।

यस संरक्षित वनमा रहेको वन परिस्थितिकीय प्रणालीहरू अन्तर्गत चार प्रकारका वनका किसिमका साथ बहुमुल्य जडिबुटीहरु पनि रहेका छन्। यसका साथै यस क्षेत्रमा घांसे मैदानहरु पनि रहेका छन्। यस घांसे मैदानहरुमा विभिन्न प्रजातीका रैथान प्रजातिहरु रहेका छन् ।

यस क्षेत्रमा स-साना खोलाको रुपमा फगाम खोला, उवा खोला, चुनवान खोला, धाङ्सी खोला लगायत अन्य अधिक खोलाहरु उदगम भै बगेर माडी खोला, लुङग्री खोला र री खोलाहरुमा मिसिएर बग्दछ । यसका साथै जलजला क्षेत्रमा दलदल जमिनहरु पनि रहेको पाईन्छ । जसबाट विभिन्न प्रकारका खोलाहरु उद्गम भै चारै दिशामा बग्दछ । यस दलदल जमिनहरुलाई स्थानीय भाषामा जलजला पनि भनिन्छ। यो क्षेत्र एक प्रकारको छुट्टै पारिस्थितिकीय प्रणाली हो। जुन क्षेत्र जैविक विविधताको दृष्टीकोणले अति महत्वपुर्ण क्षेत्रको रुपमा लिएको छ ।यस सिमसार क्षेत्रमा पाईने जलचर, उभचर लगायत अन्य घस्रने प्रजातिहरूको राम्रो बासस्थान रहेको पाईन्छ । यसका साथै यस क्षेत्रमा स-साना किसिमका ताल र पोखरीहरु पनि रहेका छन्। यो क्षेत्रमा विविध प्रकारका पारिस्थितिकीय प्रणालीका साथै विविध प्रकारका वनस्पति एवं जीवजन्तुहरूको बासस्थान रहेकोले जैविक विविधताको दृष्टिकोणले अति महत्वपूर्ण स्थलको रूपमा लिईएकोछ । अतः यी विविध प्रकारको

पारिस्थितिकीय प्रणाली र बासस्थानको संरक्षण र सम्बर्द्धन गर्न अति आवश्यक भएकोले संरक्षित वन कार्यक्रम मार्फत् बिशेष जोड दिनुपर्ने देखिन्छ ।

### २.२.२.५ जलाधार क्षेत्रमा जैविक विविधता

यस जलजला संरक्षित वन क्षेत्रबाट उदगम भै स-साना खेलोको रुपमा फगाम खोला, उवा खोला, चुनवान खोला, धाङ्सी खोला, आदि रहेका छन्। यी खोलाहरु अन्तमा माडी खोला, लुङग्री खोला र री खोलाहरुमा गै मिसिएर बग्दछ । यसका साथै यस क्षेत्रमा स-साना किसिमका ताल र पोखरीहरु पनि रहेका छन् । साथ साथै यी ताल तथा खोलाहरुका उदगम स्थलका आसपास क्षेत्रहरुमा सिमसार क्षेत्रहरू दलदल जमिन रहेका छन्। अतः यो क्षेत्रमा रहेका जलाधार क्षेत्रहरु र यसका आसपारमा रहेको सिमसार क्षेत्र जैविक विविधताको दृष्टिकोणले अति महत्वपूर्ण तथा संवेदनशील क्षेत्रको रुपमा रहेकोले यस क्षेत्रको दीगो व्यवस्थापनका लागि प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।

# परिच्छेद ३ : सामाजिक तथा आर्थिक विवरण

## ३.१ सामाजिक

### ३.१.१ जनसंख्या

यस संरक्षित वन क्षेत्रको प्रभावित क्षेत्रमा रहेको थवाङ गाउँपालिका अन्तर्गतका ५ वटै वडा, सुनछहरी गाउँपालिकाको वडा नं. ७, रोल्पा नगरपालिकाको वार्ड नं. ८, ९ र १० र परिवर्तन गाउँपालिकाको १ नं. वडा समावेश गरिएको छ । यी प्रभावित क्षेत्रमा जम्मा ६४०१ घरधुरीहरू संलग्न रहेका छन् । यस संरक्षित वनमा करीव २८१११ जनसंख्या रहेको छ। जसमा पुरुष १३२०५ र महिला संख्या १४९०८ रहेको छ । संरक्षित वनको प्रभावित क्षेत्रमा रहेको जनसंख्या विवरण देहायको तालिका नं. ३ दिईएकोछ ।

**तालिका नं. ३ : जलजला संरक्षित वन क्षेत्रमा संलग्न गा.पा. र न.पा.को जनसंख्या विवरण**

| क्र.सं | नगरपालिका/गाउँपालिकाको नाम | जनगणना २०७८ | | | घरधुरी संख्या |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | थवाङ गा.पा.का सबै वडाहरु | ५११० | ५७४१ | १०८५१ | २५५१ |
| २ | रोल्पा न.पा ८, ९ र १० वडाहरु | ५२७० | ६०१६ | ११२८४ | २६०० |
| ३ | सुनछहरी गा.पा. वडा. न ७ | १४६३ | १५७४ | ३०३७ | ५७५ |
| ४ | परिवर्तन गा.पा. वडा. न १ | १३६२ | १५७७ | २९३९ | ६७५ |
| जम्मा | | १३२०५ | १४९०८ | २८१११ | ६४०१ |

श्रोतः जनगणना २०७८

### ३.१.२ जाति र जनजाति विवरण

यस संरक्षित वनको प्रभावित क्षेत्रमा रहेका रोल्पा न.पा. लगायत थवाङ, परिवर्तन र सुनछहरी गा.पा.हरुमा विविध प्रकारका जातिहरुको बसोबास रहेको पाईन्छ । यी जातिहरु मध्ये मगर जातिको बाहुल्यता अधिक रहेको देखिन्छ भने दोस्रो रुपमा क्षेत्री, तेस्रो रुपमा दलित र न्युन रुपमा ठकुरी, सन्यासी र गुरुङ रहेका छन्।

**तालिका. नं. ४ : जलजला संरक्षित वन क्षेत्रमा संलग्न न.पा. र गा.पा.हरूको जातीगत विवरण प्रतिशतमा**

| क्र. सं | न.पा र गा.पा.को नाम | क्षेत्री | मगर | कामी | दमाई | ठकुरी | सन्यासी | गुरुङ |
|---|---|---|---|---|---|---|---|---|
| १ | थवाङ गा.पा. सबै वडाहरु | १.१६ | ८३.०० | ११.२२ | १.५७ | ०.२६ | १.१८ | ०.९७ |
| २ | रोल्पा न.पा. ८,९ र १० वडाहरु | २७.८९ | ४२.७० | १२.७६ | ४.२८ | ० | ४.७२ | ० |
| ३ | सुनछहरी वडा. न ७ | ७.१९ | ७२.३० | १५.१३ | २.७१ | ० | ० | ०.४८ |
| ४ | परिवर्तन वडा. न १ | ३५.७० | ५०.५० | ८.१३ | ३.३४ | १.०५ | ० | ० |

श्रोतः रोल्पा जिल्लाको वस्तुगत विवरण २०७५

### ३.१.३ भाषा र धर्म

यस संरक्षित वनको प्रभावित क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूको भाषा र धर्म मिश्रित रुपमा रहेको पाईन्छ। यस क्षेत्रमा सवै भाषा बोल्नेको सख्या अधिक रहेको छ । थवाङ गा.पा. मा अधिक मगर भाषा बोल्ने र क्रमशः खाम र नेपाली भाषीको संख्या रहेको छ ।

**तालिका नं. ५ : जलजला संरक्षित वन क्षेत्रमा बोलिने भाषा**

| क्र. सं | न.पा. र गा.पा.को नाम | नेपाली | मगर | खाम | गुरुङ | अन्य | सवै भाषा |
|---|---|---|---|---|---|---|---|
| १ | थवाङ गा.पा. सवै वडाहरु | १७६७ | ६५५४ | २४१४ | १०१ | ३१ | १०८८१ |
| २ | रोल्पा न.पा. ८, ९ र १० वडाहरु | ७७०८ | १९२६ | ६८८ | १०० | | १०४९८ |
| ३ | सुनछहरी वडा.न ७ | ८१४० | ६८५० | ९८३ | ४५ | १६ | १६०३४ |
| ४ | परिवर्तन वडा.न १ | २६८३ | १५३ | ० | ० | १५३ | २९८९ |

श्रोतः रोल्पा जिल्लाको वस्तुगत विवरण २०७५

रोल्पा न.पा., सुनछहरी र परिवर्तन गा.पा. अन्तर्गतको प्रभावित क्षेत्रमा नेपाली भाषा बढीमा बोलिन्छ भने क्रमश मगर र खाम भाषा बोलिन्छ। यस क्षेत्रमा बोल्ने भाषाको विवरण देहायको तालिका नं. ६ दिईएकोछ। यस संरक्षित वनको प्रभावित क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूमा विभिन्न धर्मावलम्बी रहेका छन् । यस संरक्षित वन रहेका बासिन्दाहरु मध्ये ८७.१७ प्रतिशत हिन्दु धर्मावलम्बीहरू रहेका छन् भने ११.५१ प्रतिशत बौद्ध १.७२ प्रतिशत, क्रिश्चियन र बाकी अन्य धर्मावलम्बीहरू रहेका छन्।

### ३.१.४ शिक्षा र साक्षरता

जनगणना २०७८ अनुसार, जलजला संरक्षित वन क्षेत्रका प्रभावित न.पा. र गा.पाका १० वडाहरुमा औसत रूपमा ७४.५ प्रतिशत साक्षरता रहेकोछ । जस मध्ये पुरूष ८२.९ प्रतिशत छ भने महिलाको ६७.७ प्रतिशत रहेकोछ। साक्षरता प्रतिशत १५.६५ प्रतिशतले कम रहेको देखिन्छ । यस संरक्षित वनक्षेत्रको प्रभावित स्थानिय तहमा औसत साक्षरता विवरण तालिका नं. ६ प्रस्तुत गरिएकोछ।

**तालिका नं ६ : जलजला संरक्षित वन क्षेत्रको साक्षरता विवरण**

| क्र. सं | न.पा. र गा.पा. नाम | सक्षारता प्रतिशत | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा ओषत |
| १ | थवाङ गा.पा. सवै वडाहरु | ८२.७ | ६५.१ | ७३.३ |
| २ | रोल्पा न.पा. ८,९ र १० वडाहरु | ८६.७ | ७२.७ | ७९.० |
| ३ | सुनछहरी वडा नं. ७ | ८१.४ | ६३.५ | ७२.१ |
| ४ | परिवर्तन वडा नं. १ | ८१.१ | ६७.७ | ७३.९ |
| | जम्मा | ८२.९ | ६७.२ | ७५.५ |

श्रोतः जनगणना २०७८

### ३.१.५. लैंगिक सम्बन्धको अवस्था

यस संरक्षित वनक्षेत्रको प्रभावित क्षेत्रहरुमा लैङ्गिकता सम्बन्धि सवालहरु तुलानात्मक रुपमा कमै विभेदहरु रहेको पाईन्छ । जनगणना २०७८ अनुसार, १४९०८ महिला रहेका छन्। यी प्रभावित क्षेत्रमा ५३.० प्रतिशत महिला रहेको देखिन्छ । यसका साथै यस संरक्षित वन क्षेत्र वरिपरि रहेका सामुदायिक वन उपभोक्ता समुह, कबुलियती वन समुह, उपभोक्ता र भूसंरक्षण समुहहरूको मुख्य निर्णय तहहरूमा पनि महिलाहरूको सहभागिता राम्रो नै देखिन्छ । यस तथ्याङ्कले सो क्षेत्र लैंगिकताको दृष्टिकोणले ठीकै देखिन्छ ।

### ३.१.६ जातीय, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु

यस संरक्षित वनमा समावेश गरिएका १० वडाहरुमा विविध जाति समुदायहरुको बसोबास रहेको छ।यस प्रभावित क्षेत्रमा बसोबास गरेका जातजातिहरु मध्ये बाहुल्यता मगर जातिको रहेको छ भने दोस्रो रुपमा क्षेत्री, तेस्रो रुपमा दलित र न्युन रुपमा ठकुरी, सन्यास र गुरुङ रहेका छन्। यी जातीय समूहहरूको आ-आफ्ना संस्कृति, रीतिरिवाजहरू रहेका छन् । यस जलजला संरक्षित वन क्षेत्रमा परापूर्वकाल देखिका बराह प्रमुख महत्वपूर्ण मन्दिरहरूको रुपमा रहेको पाईन्छ। किंवदन्ती अनुसार यस क्षेत्रमा रहेको भामा गुफाबाट १२ भाइवराह र २२ बहिनी बज्यूवराह उत्पत्ति भई नेपालका विभिन्न स्थानमा फैलिएर रहेको पाईन्छ । त्यस कारण भामा गुफालाई वराहाको उत्पतिस्थलको रुपमा स्थानीयहरुले मान्ने गरेका छन् । यस रमणीय क्षेत्रको प्राकृतिक सुन्दरता झण्डै अरु क्षेत्रहरु भन्दा अतुलनिय र बेग्लै प्रकारको छ।

यस बराह मन्दिर र भामा गुफा रोल्पाको मात्र नभई रुकुम, सल्यान, दाङ, प्यूठान र सुर्खेत लगायतका जिल्लावासीहरुको आस्थाका केन्द्रको रुपमा रहेको छ । दलदल जमिन रहेकै स्थानमा सानो उपत्यका भित्र बज्यूबराह, कैलु बराह र सतदेवका मन्दिरहरु छन् जँहा वैशाख पुर्णिमा, जेठ पुर्णिमा र श्रावण पुर्णिमामा मेला लाग्ने गर्दछ । यस अवसरमा स्थानिय श्रद्धालुहरु आफ्ना मनोकाँक्षा पुराका लागि भेडा र कुखुराको बली दिने चलन रहि आएको छ। यस धार्मिक स्थलको दर्शन गरे पछि मनोकांक्षा पुरा हुने र सन्तान लाभ हुने विश्वास रहँदै आएको छ । जेष्ठ पुर्णिमाको वराह मेलामा हजारौंको संख्यामा तिर्थालुहरु आउने गर्दछन्। यो क्षेत्र धार्मिक पर्यापर्यटनको दृष्टिकोणले अति महत्वपुर्ण क्षेत्रको रुपमा परिचितरहेको छ जहां यस दिन हजारौं मानिसहरू मेला हेर्न आउँदछन् ।

## ३.२ आर्थिक अवस्था

### ३.२.१ जीविकोपार्जनको अवस्था

यस संरक्षित वनको प्रभावित क्षेत्रका बासिन्दाहरूको जीविकोपार्जनका अवसरहरू कृषि, पशुपालन, पर्यापर्यटन, काष्ठ तथा गैरकाष्ठमा आधारित उद्यम र स्वदेश तथा विदेशी रोजगारीहरू रहेका छन् । यस क्षेत्रमा ६१.१-६९.१% सम्म मानिसहरु आर्थिक रुपमा सक्रिय रहेका छन् भने ३०.९-३६.१% सम्मका मानिसहरु आर्थिक रुपमा निस्क्रिय रहेका छन् । यसै गरी ८५.८-९६.०% सम्मका मानिसहरु कुनै न कुनै रोजगारीमा संलग्न रहेका छन्भने ४.०-१४.२% सम्मका मानिसहरु बेरोजगारी अवस्थामा रहेको पाईन्छ । यस क्षेत्रमा बसोबास

गर्ने जाति मध्ये जनजाति समुदायका मानिसहरू बृटिस सैनिक, भारतीय सैनिक लगायत अन्य मुलुकहरूमा रोजगारीका लागि जाने, साथै गाउँमा बाँकी बासिन्दाहरू पनि शहरी क्षेत्र तिर बसोबासको लागि बसाई सराई गर्ने प्रचलन बढेकोले यस क्षेत्रमा जनशक्तिको कमीका साथै खेती योग्य जमिनहरु बाझो रहने कारणहरुले उत्पादनशीलताको क्षमता अनुसार उत्पादन हुन सकिरहेको अवस्था छैन । आर्थिक कृयाकलापहरुमा संलग्न विवरण तालिका नं ७ मा उल्लख गरिएको छ ।

**तालिका नं ७ : आर्थिक कृयाकलापहरुमा संलग्न विवरण**

| क्र. सं | स्थानीय तहको नाम | आर्थिक कृयाकलापका विवरण प्रतिशतमा | | | |
|---|---|---|---|---|---|
| | | आर्थिक सक्रिय | आर्थिक निस्क्रिय | रोजगारी | बेरोजगारी |
| १ | थवाङ गा.पा. सबै वडाहरु | ६१.१ | ३०.९ | ९१.७ | ८.३ |
| २ | रोल्पा न.पा. ८,९ र १० वडाहरु | ६८.४ | ३१.५ | ९६.० | ४.० |
| ३ | सुनछहरी वडा न. ७ | ६३.८ | ३६.१ | ८५.८ | १४.२ |
| ४ | परिवर्तन वडा न. १ | ६९.१ | ३०.९ | ९४.० | ६.० |

स्रोतः जनगणना २०७८

## ३.२.२ कृषि तथा पशुपालन

यस संरक्षित वन क्षेत्रको प्रभावित क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूको मुख्य पेशा नै कृषि, पशुपालन हो । यस ग्रामिण क्षेत्रका स्थानीय बासिन्दाहरू कृषि बालीहरूमा मकै, गहुँ, कोदो, आलु भांग्रो र तरकारी लगाउँने गर्दछन् । यस क्षेत्रका अधिकांश मानिसहरू रोजगारीका लागि देश-विदेश तिर जाने प्रचलन रहेकोले स्थानीय स्तरमा जनशक्तिको कमी भै खेती योग्य जमिनहरू वर्तमान अवस्थामा खेती नगरी बाँझो रहिरहेको अवस्था छ। फलस्वरुप स्थानीयमा कृषि उपजको उत्पादनमा निकै कमी आईरहेको छ । यस प्रकारको कृषि उपजमा आएको कमीका कारण स्थानीय स्तरमा खाद्य सुरक्षामा जोखिम बढेको पाईन्छ । अतःबाझो रुपमा रहेको कृषि योग्य जमिनलाई उत्पादनमा ल्याई कृषि ज्ञान केन्द्रहरु सँग समन्वय र सहकार्य गरी कृषि उत्पादन बढाउन सक्ने प्रवल सम्भावना रहेको छ ।

यस संरक्षित वनक्षेत्रको प्रभावित क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूको मुख्य पेशा मध्ये पशुपालन पनि एक हो । पराम्परागत रुपमा संरक्षित वनका खर्कहरुमा गोठ राखी पशुपालन गर्ने प्रचलन रहेको छ । वर्तमान अवस्थामा गोठ राखी पशुपालन गर्ने प्रचलनमा केही कमी आएता पनि अझै गोठ राखी ब्यवसायिक रुपमा नै पशुपालन गर्ने चलन रहेकोछ । यस क्षेत्रमा परम्परागत रुपमा ठुलो संख्यामा भेडा पालन गरी जिविकोपार्जन गर्ने समुदायहरु रहेका छन्। यस क्षेत्रमा खास गरी प्रत्येक घरमा केही न केही पशुपालन गर्ने गरेको पाईन्छ। यस प्रभावित क्षेत्रका बासिन्दाहरुको पशु चरण गर्ने क्षेत्र यही जलजला संरक्षित वन रहेको छ । वर्तमान अवस्थामा स्थानिय जलजला संरक्षण प्रेमीहरुको पहलमा २०५४ साल देखि जलजला सम्वेदनशिल क्षेत्रको पहिचान एवम् सिमांकन गरी संरक्षणका प्रयास भै रहेको देखिन्छ । यसै प्रयासका कारण भेडा पालन पेशामा केही कमी आएको

देखिन्छ। पशुपालन पेशाको दिगो ब्यवस्थापनका लागि पशु सेवा कार्यालय र स्थानिय तहको पहलमा स्थानीय स्तरमा जनचेतना अभिबृद्धि गरी गाउँउघरमा नै बधुवाको रुपमा पशुपालन गर्ने कार्यलाई विशेष जोड दिईएको छ । यस संरक्षित वनक्षेत्रका प्रभावित क्षेत्रहरुमा अपनाइएका कृषि तथा पशुपालन लगायत जीविकोपार्जनका अन्य पेशाहरुको अवस्था र अवसरहरूलाई तालिका नं ८ मा विश्लेषण गरी समावेश गरिएकोछ ।

**तालिका नं. ८ : कृषि तथा पशुपालनमा संलग्न घरधुरीहरू**

| क्र. सं | स्थानीय तहको नाम | जिविकोपार्जन अवसरमा सलग्न घरधुरीहरु | |
|---|---|---|---|
| | | कृषि पशुपालन पेशा (% मा) | कृषि वन र माछापालन कामदार (% मा) |
| १ | थवाङ गा.पा. सवै वडाहरु | ७९.६ | ७६.० |
| २ | रोल्पा न.पा. ८, ९ र १० वडाहरु | ७२.३ | ६७.२ |
| ३ | सुनछहरी वडा न. ७ | ६८.७ | ६४.२ |
| ४ | परिवर्तन वडा. न. १ | ७८.२ | ७४.६ |

श्रोतः स्रोतः जनगणना २०७८

## ३.३ सामाजिक सेवा तथा भौतिक पूर्वाधार

### ३.३.१ यातायात तथा सडक सञ्जाल

यस जलजला संरक्षित वन क्षेत्रमा वर्तमान अवस्थामा यातायात तथा सडक सञ्जालको विकास र विस्तार भै रहेको छ । यस महत्वपुर्ण क्षेत्रमा सहज रुपमा आवाज जावातका लागि प्रमुख तीन स्थान खास गरी (सुलिचौर, लिवाङ र थवाङ) बाट निर्मित कच्ची सडक सन्जालबाट यात्रा गरी पुग्न सकिन्छ ।

**सुलिचौर-जेलवाङ-जलजलाः**

सुलिचौरबाट भाडाका जिपहरुबाट करीव २ घण्टाको यात्रामा सुनछहरी गाँउपालिका वडा नम्बर ७ को जेल्वाङ सम्म पुग्न सकिन्छ । जेल्वाङबाट गुरिल्ला पदमार्ग हुँदै ६ देखि ८ घण्टाको उकालो जंगल पैदल यात्रा पछि जलजला पुगिन्छ ।

**लिवाङ-ओखेनी-धरमपानी-जलजलाः**

यस सडक अन्य सडकहरु भन्दा छोटो रहेको मानिन्छ । रोल्पाको सदरमुकाम लिवाङबाट उत्तर तर्फ रोल्पा नगरपालिका वडा नम्बर ८ को ओखेनी भन्ने ठाँऊसम्म कच्ची सडकमा गाडीको यात्रा गरी करिब डेढ घण्टामा जलजला पुग्न सकिन्छ । ओखेनीबाट धरमपानी हुँदै जलजला मन्दिर क्षेत्र सम्मा करिब ३ देखि ४ घण्टाको पैदल यात्रा गरी पुग्न सकिन्छ ।

**लिवाङ-जंकोट जलजलाः**

सदरमुकाम लिवाङवाट माडीचौर, नम्लि, भिरखोला हुँदै जंकोटसम्म कच्ची सडक सन्जालबाट करीव २ घण्टामा गाडीको यात्रा गरी पुग्न सकिन्छ । सडक यात्रा पश्चात् जंकोटबाट गैराखुटी, निपाने, हाल्टेछेडा,

भाडेधुरी, धरमपानी जलजला पदमार्ग हुँदै करीव ६ देखि ७ घण्टाको पैदाल यात्रा गरेपछि जलजला वराहा मन्दिर सम्म पुग्न सकिन्छ ।

**थवाङ-चालावाङ-जलजलाः**

रोल्पाको थवाङवाट चालावाङ सम्म करीव आधा घण्टाको गाडीको यात्राबाट पुग्न सकिन्छ । ततःपश्चात् तेजिवाङ, भेडीखर्क जलजला पैदल हुँदै ३ देखि ४ घण्टा यात्रा गरी पुग्न सकिन्छ । यो बाटो अन्य पैदल यात्राको बाटाहरु भन्दा सहज रहेकोछ ।

**लिवाङ-मिरुल (टुटु)-जलजलाः**

लिवाङबाट कच्ची सडक मिरुल जलजला सम्म करीव ३ घण्टाको बस यात्रा पछि थवाङ गाँउपालिका वडा नम्बर ३ मिरुलको टुटु भन्ने ठाँउ सम्म पुगिन्छ । टुटुबाट पर्जा जलजला पैदल मार्ग हुँदै जलजला मन्दिर सम्म पुग्दछ । यो पैदल यात्रालाई ४ देखि ५ घण्टाको समय लाग्दछ । घोराहीबाट सहिद मार्ग हुँदै ४ घण्टाको बस यात्रामा मिरुल पुग्न सकिन्छ । मिरुलबाट थवाङ पुग्न थप डेढ घण्टाको यात्रा गर्नु पर्दछ ।

सुलिचौर-उवा-जलजलाः सुलिचौर कच्चा सडक हुँदै थवाङ गाँउपालिकाको वडा नम्बर ४ र ५ स्थित उवा भन्ने स्थान सम्म करिब ४ घण्टाको बस यात्रा गरी पुग्न सकिन्छ । उवाबाट सुनफुल जलजला पैदल मार्ग हुँदै पुष्पा, मालिवार खोला, ग्याङरो, साउने खोला, रइधुरी हुँदै करीव ३ देखि ४ घण्टाको यात्रा पश्चात जलजला सम्म पुग्न सकिन्छ ।

### ३.३.२ विद्युत सेवा

संरक्षित वनको प्रभावित क्षेत्रको अधिकांश भागमा विद्युत सेवाको सुविधा पुगेकोछ । थवाङ बजार क्षेत्रमा सौर्य उर्जाको प्रयोग गरी बिद्युत सुविधाहरू उपलब्ध भै रहेको छ । तर अझै पनि यस क्षेत्रमा बिद्युत सुविधाहरू पर्याप्त उपलब्ध हुन सकिरहेको अवस्था छैन । ती क्षेत्रहरूले बिद्युत सुविधालाई प्राथमिकतामा राखी कार्यक्रममा राखेर अगाडि बढि रहेका छन् । यस संरक्षित वनक्षेत्रको प्रभावित गा.पा.हरू मध्ये अझै बिद्युत सेवा पुग्न नसकेका गा.पा.हरूले मट्टितेल र सौर्य वत्तीको प्रयोग गरिरहेका छन् । यस क्षेत्रमा वर्तमान अवस्थामा रहेको विद्युतिय सुविधाको संक्षिप्त विवरण देहायको तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ : विद्युतिय सुविधा लिएका घरधुरीको संक्षिप्त विवरण**

| क्र. सं | न.पा. र गा.पा. नाम | विद्युत सेवा | सौर्य सेवा | अन्य सेवा |
|---|---|---|---|---|
| १ | थवाङ गा.पा. सवै वडाहरु | ७०.९% | २७.८% | २४.९% |
| २ | रोल्पा न.पा. ८,९ र १० वडाहरु | ८०.७% | १७.४% | २.१% |
| ३ | सुनछहरी वडा न. ७ | ५०.८% | ४२.८% | ६.७% |
| ४ | परिवर्तन वडा न. १ | ९६.६% | ३.०% | ०.४% |

स्रोतः जनगणना २०७८

### ३.३.३ सञ्चार

यस संरक्षित वनक्षेत्रको प्रभावित क्षेत्रहरूमा सञ्चार सेवाको दृष्टिकोणले सम्पन्न रहेको मानिन्छ । यस क्षेत्रका अधिकांश घर परिवारहरूले नेपाल टेलिकम, एनसेल र स्काई मोबाईल फोनको प्रयोग गरी सञ्चारका सुविधाहरू लिईरहेका छन् । यसका साथै टेलिफोन र हुलाक सेवाको पनि पर्याप्त सुविधा रहेकोछ ।

**तालिका नं. १० : संचार सुविधाको संक्षिप्त विवरण**

| क्र. सं | न.पा. र गा.पा. नाम | ल्याण्डलाईन | मोवाईल | स्मार्ट मोवाईल | इन्टरनेट |
|---|---|---|---|---|---|
| १ | थवाङ गा.पा. सवै वडाहरु | ०.१% | ८२.१% | ७०.१% | ७.२% |
| २ | रोल्पा न.पा. ८,९ र १० वडाहरु | २.५% | ७७.३% | ५४.२% | १२.०% |
| ३ | सुनछहरी वडा न. ७ | ०.१% | ८३.१% | ६५.२% | १२.०% |
| ४ | परिवर्तन वडा न. १ | ०.१% | ८३.१% | ६५.२% | १४.४% |
| | जम्मा | | | | |

स्रोतः जनगणना २०७८

### ३.३.४ वैकल्पिक उर्जा

यस संरक्षित वनक्षेत्रका प्रभावित क्षेत्रका ग्रामिण भागहरुमा ऊर्जाको मुख्य श्रोत दाउरा नै रहेकोछ। यो क्षेत्रमा उपोष्ण देखि समशीतोष्ण सम्मको हावापानी रहेकोछ । यस संरक्षित वनक्षेत्रको उच्च भागमा रहेका प्रभावित क्षेत्रहरूमा अधिकतम चिसोको कारण वैकल्पिक ऊर्जाका लागि गोबर ग्याँस त्यति उपयुक्त देखिँदैन भने तल्लो भागहरूमा बढी चर्पी जडित गोबर ग्याँसहरू प्रयोग गरिएका छन् । साथै यो क्षेत्र गोबर ग्याँसको लागि बढी सम्भाव्य क्षेत्रको रूपमा पनि रहेकोछ । साथै स-साना जलबिद्युत तथा बायोबिक्रेटको पनि राम्रो सम्भावना रहेकोछ । यस क्षेत्रमा केही संस्थाहरूले बायोबिक्रेट सम्बन्धी ज्ञान र सीप स्थानीय समुदायहरूलाई हस्तान्तरण गरी उत्पादन भई प्रयोग र बिक्री गरिरहेको देखिन्छ । यसका साथै सुधारिएको चुलो र सौर्य उर्जाको पनि सम्भावना र प्रयोग भैरहेका छन्। ।

## ३.४ पर्यापर्यटन

### ३.४.१ पर्यटन सम्बन्धि उत्पादन तथा विविधिकरण

यस जलजला संरक्षित वन ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, जैविक विविधता, जलधार एवम् प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेको लुम्विनी प्रदेशको पर्यटक आर्कषक गर्ने विभिन्न स्थलहरू मध्ये एक महत्वपूर्ण स्थल हो । यस क्षेत्रमा रहेको भौगोलिक विषमता तथा हावापानीको विविधताको कारणले गर्दा विभिन्न प्रकारका पारिस्थितिकीय प्रणालीहरू रहेका छन्। यस क्षेत्रबाट उत्तरमा सिस्ने, पुथा, डोगारी, गुर्जा र धौलागिरी हिम श्रृंखला देखिन्छन् भने हिउँदमा जलजला आँफै हिउँले सेताम्मे बनेको हुन्छ । अतः यस रमणीय क्षेत्रको प्राकृतिक सुन्दरता झण्डै अरु क्षेत्रहरु भन्दा अतुलनिय र बेग्लै प्रकारको छ ।

यस जलजला संरक्षित वन क्षेत्रलाई एक धार्मिक स्थलको रुपमा खास गरी प्रमुख महत्वपुर्ण बराह मन्दिरको रुपमा रहेको छ । किंवदन्ती अनुसार यस क्षेत्रमा रहेको भामा गुफाबाट १२ भाइवराह र २२ बहिनी बज्यूवराह उत्पत्ति भई नेपालका विभिन्न स्थानमा फैलिएर रहेको देखिन्छ । त्यस कारण भामा गुफालाई वराहाको उत्पति स्थलको रुपमा स्थानीयहरुले मान्ने गरेका छन् । दलदल जमिन रहेकै स्थानमा सानो उपत्यका भित्र बज्यूबराह, कैलुबराह र सतदेवका मन्दिरहरु छन् जहाँ वैशाख पुर्णिमा, जेठ पुर्णिमा र श्रावण पुर्णिमामा मेला लाग्ने गर्दछ । यस अवसरमा स्थानिय श्रद्धालुहरुले आफ्ना मनोकाँक्षा पुराका लागि भेडा र कुखुराको बली दिने चलन रहि आएकोछ । अतः यो क्षेत्र धार्मिक पर्यापर्यटनको दृष्टिकोणले अति महत्वपुर्ण क्षेत्रको रुपमा रहेकोछ ।

यस प्रभावित क्षेत्रमा बसोबास गरेका जातजातिहरु मध्ये मगर जातिको बाहुल्यता रहेको छ भने दोस्रो जाति क्षेत्री, तेस्रो दलित र न्युन रुपमा ठकुरी, सन्यासी र गुरुङ रहेका छन्। यस क्षेत्र स्थानिय जातिका ऐतिहासिक सांस्कृतिक, रीतिरिवाज र भेषभुषाहरू झल्काउने एक महत्वपूर्ण थलो पनि हो । यी जातीय समूहहरूको आ-आफ्ना संस्कृति, रीतिरिवाजहरू रहेका छन् । जसको आ आफ्ना मौलिकता रहेको छ । यस क्षेत्रमा रहेको जातीय सांस्कृतिक भेषभुषा रितीरिवाजहरु आफ्नै मौलिकता रहेकोले पर्यटक आर्कषक रुपमा रहन सक्दछ ।

यस क्षेत्रमा स-साना खोलोको रुपमा फगाम खोला, उवा खोला, चुनवान खोला, धाङ्सी खोला लगायत अन्य अधिक खोलाहरु उदगम भै बगेर माडी खोला, लुङग्री खोला र री खोलाहरुमा मिसिएर बग्द छ । यसका साथै जलजला क्षेत्रमा दलदल जमिनहरु पनि रहेको पाईन्छ । जसबाट विभिन्न प्रकारका खोलाहरु उदगम भै चारै दिशामा बग्दछ । यस दलदल जमिनहरुलाई स्थानीय भाषामा जलजला पनि भनिन्छ । यो क्षेत्र एक प्रकारको छुट्टै पारिस्थितिकीय प्रणाली हो। जुन क्षेत्र जैविक विविधताको दृष्टीकोणले अति महत्वपुर्ण क्षेत्रको रुपमा लिएको छ । यी विभिन्न खोलाहरुको उद्गम स्थल र दलदल जमिनका स्वरुपहरू पनि पर्यटक आर्कषक रुपमा रहेको छ ।

यस क्षेत्रमा वनस्पतिहरुको विविधता पनि एक पर्यटक आर्कषक क्षेत्रको रुपमा लिन सकिन्छ । यस क्षेत्रमा करिब १४ प्रजातिका गुराँस रहेको अनुमान छ । लेकहरुमा जेठ र आषाढ सम्म लटरम्म रुपमा गुराँस फुलिरहन्छ । यस बाहेक अन्य मुख्य रुख प्रजातिहरु चिउरी, विमल, कुटमिरो, खोटेसल्लो, चिलाउने, कटुस, पैंयु, बैंस, टुनी, चाँप, उत्तिस, ओखर, बाँझ, गुराँस, लाँकुरी, लौठसल्ला, काफल, रिठ्ठा, तेजपात, खस्रु, देवदार, फलाँट, गोब्रे सल्ला आदि रहेका छन्। यसैं गरी प्रमुख जडिवुटी प्रजातिहरुमा बेल, बोझो, सर्पगन्धा, निम, तितेपाती, अमला, पिपला, मजिठो, टिमुर, पाषणवेद, कुरीलो, चिराइतो, झ्याउ, लौठसल्ला, रिठ्ठा, सुगन्धवाल, तेजपात, अल्लो, लोक्ता, मालागेडी, निगालो, बज्रदन्ति, गुर्जो, बुकिफुल, पाँचऔले, ठुलो ओखती, वन लसुन, कुरीलो, चिराइतो, विषफेज, पदमचाल आदि रहेका छन्।

यस क्षेत्र जैविक विविधता र जलश्रोतको दृष्टिकोणले पनि अति नै महत्वपूर्ण र पर्यटकहरूलाई आर्कषण गर्ने श्रोतको रूपमा लिन सकिन्छ । यस क्षेत्रमा दुर्लभ तथा महत्वपूर्ण वनस्पतिहरूमा लौठसल्ला, सुनाखरी, छत्रेउन्यु र वन्यजन्तुहरुमा हाब्रे (रेड पाण्डा) र निगाले बाघ जस्ता प्रजाति रहेका छन्। हालै २०८३ बैशाख महिनामा जलजला संरक्षित वन क्षेत्र अन्तर्गतको सुनछहरी गाउँपालिका वडा नं. ७, जेलवाङको माथिल्लो

भागको वन क्षेत्रमा हाब्रे (रेडपाण्डा) फेला पारी क्यामेरामा कैद गर्ने जेलवाङका बाल्कुराम पुनलाई डिभिजन वन कार्यालय रोल्पाले सम्मान गरी जिल्लास्तरमा रेडपाण्डा संरक्षण सम्बन्धी अन्तर्कृया गोष्ठी सम्पन्न गरेको थियो । त्यसैगरी रेडपाण्डा संरक्षणका लागि रेडपाण्डाको संभावित वासस्थान रहेका सुनछहरी गाउँपालिका वार्ड नं. १ सेरम, वार्ड नं. २ को भित्री गाम क्षेत्र तथा सुनछहरी गाउँपालिकाको कार्यालयमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष एवं सरोकारवालाहरूसँग समेत अन्तर्कृया गरिएको थियो ।

यस क्षेत्र नेपालको ऐतिहासिक माओवादी जनयुद्धका आधार क्षेत्रको रुपमा परिचित रहेको छ । यस क्षेत्रमा तत्कालिन समयमा प्रथम संचारको रुपमा संचालित रेडियो जनगणतन्त्र संचालन स्थल र गुरिल्ला लडाकुहरुको सैनिक तालिम केन्द्रको रुपमा स्थापित गरी तालिम संचालन गरेको स्थल र जनयुद्ध संग्रहालयको रुपमा रहेकोले यस स्थल हाल पर्यटकहरु आर्कषण गर्ने महत्वपुर्ण आधारको रुपमा रहेको देखिन्छ । यसरी यस क्षेत्रमा सहिद पार्क, साहसी पहाड चढ्ने र भ्युटावर आदि विविध पर्यटक आर्कषित गर्ने स्थलहरू रहेका छन्। यी क्षेत्रको उचित व्यवस्थापन गर्न सकेमा स्थानीय समुदायले पर्यटनलाई एक मुख्य आयआर्जन गर्ने श्रोतको रूपमा विकास गर्न सक्दछन् । यी विषयवस्तुहरूलाई मध्यनजर राख्दै पर्यापर्यटनको दीगो व्यवस्थापनका लागि कार्यक्रमहरू तर्जुमा गर्नुपर्ने देखिन्छ ।

### ३.४.२ दृश्य तथा दृश्यावलोकन

यस जलजला संरक्षित वन क्षेत्र समुन्द्री सतह देखि ३२९५ मिटर उचाईमा करिब ४७ हजार हेक्टरमा फैलिएको उच्च पहाडी वन र बुकी क्षेत्रको रुपमा फैलिएर रहेको छ । हिउँद समयमा हिउँ पर्दा जलजला क्षेत्र हिउँले सेताम्मे बनेको हुन्छ । अतः यस रमणीय क्षेत्रको प्राकृतिक सुन्दरता झण्डै अरु क्षेत्रहरु भन्दा अतुलनिय र बेग्लै प्रकारको छ । यस क्षेत्रको दृश्यावलोकन क्षेत्रबाट स्पष्ट रूपमा महत्वपूर्ण हिम श्रृङ्खलाहरू उत्तरमा सिस्ने, पुथा, डोगारी, गुर्जा र धौलागिरी हिम श्रृङ्खला आदिको दृष्यावलोकनका लागि यस क्षेत्रमा आउने गर्दछन्। यी क्षेत्रहरूमा रहेका दृष्यावलोकन स्थलहरू वा सम्भाव्य स्थलहरूको पहिचान गरी आवश्यक पूर्वाधारहरू, सेवा र सुविधाहरूको विकास गर्न अति आवश्यक देखिन्छ । अतःयस क्षेत्रमा पर्यटकहरूको आर्कषणका लागि दृश्यावलोकनका साथै अन्य वातारणमैत्री पर्यटक पूर्वाधारहरू निर्माणका लागि जोड दिनुपर्ने देखिन्छ।

## ३.५ संरक्षित वनक्षेत्रको समस्या तथा चुनौतिहरु

यस संरक्षित वनमा विभिन्न विषयगत क्षेत्रहरू विभिन्न स्थलहरुमा छलफल गरी प्राप्त समस्या तथा चुनौतीहरू निम्नानुसार रहेकाछन्ः

- भू क्षय तथा बाढी पहिरोको समस्या
- जथाभावी रुपमा ग्रामिण सडक निर्माण,
- खुला चरिचरण तथा परम्परागत घुम्ती गोठ प्रणाली
- अवैध वन्यजन्तु चोरी सिकारी
- वन पैदावार चोरी निकासी
- पानीका मुहान तथा पोखरी सुक्दै जानु
- दलदल जमिन सुक्दै जानु

- अवैध तथा अवैज्ञानिक जडीबुटी संकलन
- गैरकाष्ठ तथा जडीबुटी उद्यमका लागि प्रशोधन तथा बजार निश्चित नहुनु
- संरक्षण कार्यमा सरकारको नजर पुग्न नसक्नु
- फोहोर मैलाको वैज्ञानिक व्यवस्थापन नभएको
- वन डढेलो घटना क्रम दिन प्रति दिन बढदै जानु

## ३.६ संरक्षित वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि कानुनी अवसरहरु

यस संरक्षित वन कार्ययोजना, संघिय वन ऐन २०७६ नियमावली २०७९, लुम्बिनी प्रदेश वन ऐन २०७८ र नियमावली २०७९ मा भएको प्रावधान बमोजिम तयार गरिएको छ । वन ऐन-२०७६ मा भएको प्रावधानहरूलाई नियमावली, मार्गदर्शन र निर्देशिकाहरू बनाई कानूनी व्यवस्थाका साथ कार्यान्वयन गरेको छ। त्यस्तै वन ऐन-२०७६ र स्थानीय तह संचालन ऐन-२०७४ मा भएका केही प्रावधानहरू एक आपसमा बाझिएका छन् । खाद्य सुरक्षाको हक नागरिकको एक हकको व्यवस्था भएकोले यसमा वन क्षेत्र र वन पैदावारमा आधारित जनसंख्यालाई वनक्षेत्रमा कार्यरत निकायले के कति आफ्नो योगदान गर्न सक्छ भन्ने कुरा वनक्षेत्रले एकिन गर्नु पर्ने विषय भएकोछ ।

संघिय वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ र लुम्बिनी प्रदेशको वातावरण संरक्षण ऐन २०७७ तथा वातावरण संरक्षण नियमावली २०७७ वन पैदावार तथा गैर काष्ठ वन पैदावार र जडीबुटीहरूको संकलन निकासीमा हदबन्दी तोकिएकोले प्रारम्भिक वातावरणीय परिक्षण गर्ने वावातावरणीय प्रभाव मूल्यांकन गर्ने प्रचलन बढेको देखिन्छ । त्यस्तै वन पैदावार सम्बन्धी उद्योगहरू स्थापना गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्ने गरेकोछ ।

यी उल्लेखित वन, वातावरण, भू-संरक्षण तथा वन्यजन्तुहरूको दीगो संरक्षण र व्यवस्थापनका लागि ऐन, नियमावाली, निर्देशिका तयार गरी कार्यान्वयन भइरहेकोछ । तर यी ऐन नियमहरू संरक्षित वनक्षेत्रको संरक्षण र व्यवस्थापनका लागि आंशिक रूपमा सहयोग गरेता पनि यो संरक्षित वनको जन सहभागिता र समावेशी संरक्षण र व्यवस्थापनका लागि एक छुट्टै नियमावाली र निर्देशिकाहरूको आवश्यकता पर्दछ । यसका साथै आदिबासी जनजातिहरूको ज्ञान र शीपबाट प्राप्त हुने फाइदाको बाँडफाँट र ज्ञान र शीपलाई अभिलेखीकरण गर्न कानूनी खाकाको रूप दिन सकेको छैन । अतः यी माथि उल्लेखित विययवस्तुहरूलाई उचितढंगले समावेश गरी एक व्यावहारिक र उपयोगी कानुनी आधारहरू निर्माण गरी संरक्षित वनको वैज्ञानिक र दीगो व्यवस्थापन गर्न सक्ने अवसरहरू रहेकाछन् ।

# परिच्छेद ४ : संरक्षित वन व्यवस्थापन योजना

## ४.१ दुरदृष्टि तथा लक्ष्य

### ४.१.१ दुरदृष्टि

जलजला संरक्षित वनमा **"दीगो रुपमा जैविक विविधता, धार्मिक, सांस्कृतिक एवं जलाधार क्षेत्रको ब्यवस्थापन, स्थानीय समुदायको समुन्नत जीविकोपार्जन"**

### ४.१.२ लक्ष्य

सहभागितामूलक संरक्षणमुखी वन व्यवस्थापनद्वारा जैविक विविधता, धार्मिक, सांस्कृतिक, जल श्रोत र पर्यापर्यटनको दीगो व्यवस्थापन एवं वातावरणीय सन्तुलन कायम गरी स्थानीय जनताको जीविकोपार्जनमा सुधार ल्याउने ।

### ४.१.३ उद्देश्यहरु तथा अपेक्षित उपलव्धिहरु

यस जलजला संरक्षित वन कार्ययोजनाका उद्देश्यहरु निम्नानुसार रहेको छ ।

**उद्देश्यहरू**

१. समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापनद्वारा वनस्पति, वन्यजन्तु, बासस्थान एवम् सूक्ष्म पारिस्थितिकीय प्रणालीहरू र प्राकृतिक सौन्दर्य क्षेत्रहरूको उचित संरक्षण र सम्बर्धन र बुद्धिमत्तापूर्वक उपयोग गर्ने ।

२. धार्मिक, साँस्कृतिक, ऐतिहासिक र ऐतिहासिक जनयुद्धका आधार क्षेत्रको सरक्षण र सम्बर्धन गर्ने ।

३. समुदायमा आधारित पर्यापर्यटन र हरित उद्यमको स्थापनाद्वारा हरित रोजगारी सिर्जना गरी स्थानीय जनताको जीविकोपार्जनमा सुधार गर्ने ।

४. संरक्षित वन क्षेत्रको तल्लो तथा माथिल्लो तटीय क्षेत्र बीच सुमधुर सम्बन्ध र समन्वय कायम गरी सहभागितामूलक जलाधार क्षेत्रको दिगो व्यवस्थापन गर्ने ।

५. संरक्षित वन परिषदको संस्थागत क्षमता र सुशासन अभिबृद्धि गर्ने ।

यस संरक्षित वन कार्ययोजनाले आगामी ५ वर्षका लागि आफ्ना दुरदृष्टि, लक्ष्य, उद्देश्यहरू, रणनीति र कार्यनीतिहरूका साथ कार्यक्रमहरू तयार गरेको छ । यस कार्यक्रमको सफल कार्यान्वयन पश्चात्यी लक्ष्य र उद्देश्यहरू पूरा भई निम्न उपलब्धिहरू प्राप्त हुनेछ ।

यस संरक्षित वनका उद्देश्यहरु र यसका आशातित उपलब्धीहरु तालिका नम्वर ११ मा उल्लेख गरिएको छ ।

## तालिका नं. ११ : कार्ययोजना कार्यान्वयनबाट हुने अपेक्षित उपलब्धिहरू

| कार्ययोजनाका उद्देश्यहरू | उपलब्धिहरू |
|---|---|
| १.समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापनद्वारा वनस्पति, वन्यजन्तु, तिनीहरूको बासस्थान, सूक्ष्म पारिस्थितिकीय प्रणालीहरू र प्राकृतिक सौन्दर्य क्षेत्रहरूको उचित संरक्षण र सम्बर्धन गरी बुद्धिमत्ता पूर्वक उपयोग गर्ने | ▪ संरक्षित वनमा जनसहभागितामूलक सक्रिय वन व्यवस्थापनद्वारा वन मौज्दातमा १५% ले बृद्धि भएको हुने।<br>▪ संरक्षित वन रहेका सा.व.हरुको हस्तान्तरण र नविकरण भै सकृया ब्यवस्थापन भै वनको संरक्षण, सम्बर्द्धन र उपयोग सहज भएको हुने।<br>▪ संरक्षित वन क्षेत्रमा वन डढेलोको जनचेतना अभिबृद्धिका साथ अग्नी रेखा निर्माण र मर्मतका कारण वन डढेलोको जोखिम न्युन भै वनको हैसियतमा सुधार भएको हुने।<br>▪ संरक्षित वन क्षेत्र अन्तर्गत सामुदायिक वन र निजी क्षेत्रमा बहुमुल्य जडिबुटीको ४ पकेट क्षेत्र स्थापना गरी संरक्षण र सम्बर्धनबाट उत्पादनमा बृद्धि भएको हुने।<br>▪ संरक्षित वन क्षेत्रका प्रभावित क्षेत्र अन्तर्गत रहेका कच्चा सडक सन्जालमा करोव ५०००० विरुवा बृक्षारोपण भएको हुने।<br>▪ ३० प्रतिशत घरधुरीले वैकल्पिक ऊर्जाहरूको प्रयोग गरी वन क्षेत्रमा पर्ने चाप घटेको हुने।<br>▪ २५ प्रतिशत प्रभावित क्षेत्रका घरधुरीहरूले डाले घाँस, भुई घांसको विकास गरी उन्नत जातका बधुवा पशुपालन प्रणाली अपनाएको हुने ।<br>▪ पराम्परागत भेडापलाक समुहलाई क्षमता अभिबृद्धिका साथ घुम्ती चरन प्रणालीको विकास र विस्तार भएको हुने।<br>▪ दुर्लभ एवं संकटापन्न अवस्थामा रहेका वनस्पति बन्यजन्तुको ५ वटा नमुना प्लटहरु स्थापना गरी संरक्षण र सम्बर्द्धन भएको हुने।<br>▪ कम्तीमा ५ प्रकारका संरक्षित वन भित्र रहेका जैविक विविधता एवं परम्परागत ज्ञान र सीपको अभिलेखीकरण भएको हुने।<br>▪ चोरी शिकारी हुने संवेदनशील क्षेत्रमा समुदाय स्तरकोचोरी शिकारी नियन्त्रण ईकाई ४ वटा गठन गरी व्यापक प्रचार प्रसार भै चोरी शिकारीमा ५०% कमी भएको हुने<br>▪ संरक्षित वन क्षेत्रमा बन्यजन्तुको अहारा, बासस्थान र चरन क्षेत्रको विकास र विस्तार भै बन्यजन्तुमा बृद्धि भएको हुने।<br>▪ संरक्षित वनमा समुदायमा आधारित १ वनस्पति उद्यानको स्थापना भै संचालन भएको हुने।<br>▪ प्रभावित क्षेत्रमा १० वटा स्कुल, कलेजहरुमा इको क्लवहरु गठन गरी प्रचार प्रसारद्वारा वन, वन्यजन्तु र वातावरण संरक्षणमा सकारात्मक टेवा पुगेको हुने।<br>▪ बन्यजन्तु र मानव बीच रहेको द्धन्दलाई २०% ले न्यनीकरण भै संरक्षित वन प्रति स्थानीय जनताको संरक्षणमा सहभागिता बृद्धि भएको हुने। |

| कार्ययोजनाका उद्देश्यहरू | उपलब्धिहरू |
| --- | --- |
| २. धार्मिक, साँस्कृतिक र ऐतिहासिक जनयुद्धका आधार क्षेत्रको सरक्षण र सम्बर्धन गर्ने । | ▪ संरक्षित वन क्षेत्रभित्र रहेका धार्मिक स्थलहरूको संरक्षण र सम्बर्धन भई धार्मिक पर्यटकको संख्या १५% ले बढेको हुने।<br>▪ धार्मिक स्थलहरूको सम्बर्धनका लागि वातावारण मैत्री पुर्वाधार निर्माण भएको हुने।<br>▪ संरक्षित वनको प्रभावित क्षेत्रमा रहेको स्थानिय सांस्कृतिक, भेषभुषा र परारम्परा प्रचलनहरुको संरक्षण र सम्बर्धन भएको हुने।<br>▪ संरक्षित वनको प्रभावित क्षेत्रमा रहेको सांस्कृतिक, भेषभुषा, रितिरिवाज, परारम्परा झल्कने १ संग्रहालय स्थापना भै संचालन भएको हुने।<br>▪ संरक्षित वन क्षेत्रभित्र रहेका सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक धार्मिक स्थलहरूको संरक्षण भई पर्यापर्यटन १५% ले बढेको हुने।<br>▪ संरक्षित वन क्षेत्रमा रहेका ऐतिहासिक जनयुद्धका आधार क्षेत्रको पहिचानका साथ सरक्षण र सम्बर्धन भएको हुने। |
| ३. समुदायमा आधारित पर्यापर्यटन र हरित उद्यमको स्थापनाद्वारा हरित रोजगारी सिर्जना गरी स्थानीय जनताको जीविकोपार्जनमा सुधार गर्ने। | ▪ संरक्षित वन क्षेत्र अन्तर्गत सम्भावय विविध पर्यटकीय क्षेत्रहरूको पहिचान विकास र विस्तार भएको हुने।<br>▪ यस क्षेत्रमा पर्यटकहरुको लागि सहज र सरल यात्राका लागि पैदल मार्ग, विश्राम स्थल, पानी धारा र चर्पि आदि वातावरण मैत्री २० वटा पुर्वाधार निर्माण भएको हुने।<br>▪ पैदल मार्गहरुमा सुचनामुलक नक्सा तयारी र निर्माण भै पर्यटकहरुलाई सहज भएको हुने।<br>▪ पर्यटकहरुको लागि सहज र सरल यात्रा एवम् बासस्थानका लागि स्थानिय समुदायको समन्वय र सहकार्यमा तोकिएको स्थलमा होटल, होम स्टे एवम् पर्यटक गाईडको विकास भएको हुने।<br>▪ यस क्षेत्रमा पर्यटकीय क्षेत्रको विकास र विस्तारका लागि संघ, प्रदेश र स्थानिय पर्यटकीय क्षेत्रहरुको सन्जालसँग समन्वय र सहकार्य गरी पर्यटन क्षेत्रको प्रबर्धन भएको हुने।<br>▪ वन पैदावार एवम् जडिबुटीमा आधारित ४ उद्दमहरु स्थापना गरी भई २०० वटा हरित रोजगारीका अवसरहरू सिर्जना भएको हुने।<br>▪ बजारमुखी कृषि, फलफूल खेती, तरकारी तथा पशु उत्पादनमा आधारित निजी तथा समुदायको संलग्नतामा ४ उद्यम स्थापना भई १५० वटा रोजगारीका अवसरहरू सिर्जना भएको हुने।<br>▪ ब्यवसायीक रुपमा प्रयोग गर्ने बहुमुल्य जडिबुटी प्रजातिको नर्सरीको रुपमा उद्यम स्थापना भै रोजगारीका अवसर सिर्जना भएको हुने।<br>▪ १५ जना स्थानीय पथ प्रदर्शकहरुलाई तालिम दिई कुशल पथ प्रर्दशकको रुपमा रोजगारी प्राप्त गरेको हुने। |

| कार्ययोजनाका उद्देश्यहरू | उपलब्धिहरू |
|---|---|
| ४. संरक्षित वन क्षेत्रको तल्लो र माथिल्लो तटीय क्षेत्र बीच सुमधुर सम्बन्ध र समन्वय कायम गराई सहभागितामूलक अवधारणाा अनुसार जलाधार क्षेत्रको दिगो व्यवस्थापन गर्ने । | ▪ संरक्षित वनको प्रभावित क्षेत्रहरुमा रहेका पानी मुहान र ताल तलैयाहरुको संरक्षण र सम्बर्धन भै दलदल जमिनको पुर्नस्थापना भएको हुने।<br>▪ संरक्षित वन भित्र रहेका ताल तलैयाहरुको संरक्षण र सम्बर्धन गरी जैविक विविधताको संरक्षणका भएको हुने।<br>▪ संरक्षित वन भित्र रहेका पानी मुहान संरक्षण भै स्वच्छ पानीको मात्रमा बृद्धि भएको हुने।<br>▪ संरक्षित वन भित्र रहेका ताल तलैयाहरुको निर्माण, मर्मत संभार भै तल्लो तटीय क्षेत्रमा पानी रिचार्जमा सहयोग पुगेको हुने।<br>▪ संरक्षित वनको प्रभावित क्षेत्रहरुमा संरक्षणमुखी खेती प्रणालीको विकास र विस्तार भै भूसंरक्षण भएको हुने।<br>▪ संरक्षित वनको प्रभावित क्षेत्र र वन भित्रमा १० पहिरो, भूक्षयलाई बायोईन्जिनियरिङ तथा संरक्षणमुखी खेतीद्वारा भू-संरक्षण भई प्राकृतिक सौन्दर्य र श्रोतहरूको उचित व्यवस्थापन भएको हुने।<br>▪ तल्लो तटीय र माथिल्लो तटीय क्षेत्र बीच स्थापित भै संचालनमा रहेको वातावरणीय सेवा भुक्तानी प्रणाली सम्बन्धी जनचेतना अभिबृद्धि भै संस्थागत रुपमा दिगो विकास भएको हुने।<br>▪ संरक्षित वन क्षेत्रमा बाढी पहिरो जस्ता दैविक प्रकोप सम्बन्धी पुर्व तयारी सचेतना कार्यक्रम ५ पटक संचालन गरी धनजनको क्षती कमी भएको हुने।<br>▪ समुदायमा आधारित ४ विपद् व्यवस्थापन समिति गठन क्षमता अभिबृद्धि र सञ्जालीकरण भै संचालन भएको हुने।<br>▪ जलवायु परिवर्तन र रेड प्लस सम्बन्धी जनसचेतनाका साथ समुदायमा आधारित जलवायु अनुकूलन कार्ययोजना तयारी र कार्यान्वयन भएको हुने। |
| ५ संरक्षित वन परिषदको संस्थागत क्षमता र सुशासन अभिबृद्धि गर्ने । | ▪ संरक्षित वन परिषदको भौतिक पुर्वाधार निर्माण एंव संस्थागत क्षमता अभिबृद्धि भई दुरुस्त र चुस्त रुपमा सेवा प्रवाह भएको हुने।<br>▪ संरक्षित वन परिषदमा सुशासन कायम भई समावेशी, लैंगिकता र दिगो ब्यवस्थापनको आधारमा कार्यक्रमहरू सञ्चालन भएको हुने।<br>▪ ५०% सामुदायिक वनहरूमा सुशासन कायम भई समावेशी, लैंगिक समावेशीकरणको आधारमा कार्यक्रमहरू सञ्चालन भएको हुने।<br>▪ संरक्षित वनमा सुचना केन्द्र स्थापना र प्रचार प्रसार सामाग्रीहरु तयारी र वितरण भएको हुने। |

## ४.२ व्यवस्थापनको सिद्धान्त तथा पहुँचहरु

जलजला संरक्षित क्षेत्र जलधार, जैविक विविधता र प्राकृतिक सौन्दर्यले सम्पन्न महत्वपूर्ण वनक्षेत्र हो । यस संरक्षित वन क्षेत्रमा ४ वटा स्थानीय तह अन्तर्गत थवाङ गा.पा.का सबै (५ वटा वडाहरु), रोल्पा न.पा.का ३ वटा वडाहरु (८, ९ र १०), परिवर्तन गा.पा.को कुरेली (वडा नं. १) र सुनछहरी गा.पा.को जेल्वाङ (वडा न. ७) समेत गरी १० वटा वडाहरु प्रभावित क्षेत्रको रुपमा रहेका छन्। यस वन क्षेत्र समुन्द्री सतहबाट करिव १००० देखि ३५०० मिटर उचाइमा सम्म फैलिएर रहेको छ । यस संरक्षित वनलाई ब्यवस्थापनको दृष्टिकोणले भित्री संरक्षित क्षेत्रहरू (Core area) मध्यवर्ति क्षेत्र (Buffer area) र प्रभावित क्षेत्र (Impact area) गरी ३ भागमा विभाजन गरिएको छ । यस वनक्षेत्र भित्र रहेका जैविक विविधता, जलश्रोतहरू, ऐतिहासिक जनयुद्धका पुर्वाधार, प्राकृतिक सौन्दर्य, सांस्कृतिक, धार्मिक स्थलहरू र महत्वपूर्ण तथा अति संवेदनशील पारिस्थिकीय प्रणालीहरूको संरक्षण, सम्बर्धन र बुद्धिमत्तापूर्वक उपयोगको अवधारणा अनुसार व्यवस्थापन गरिनेछ । यो वनक्षेत्रको व्यवस्थापन सहभागितामूलक संरक्षणमुखी अवधारणाको सिद्धान्त अनुरूप दीगो व्यवस्थापन गरिनेछ । यसरी छुट्टाईएको व्यवस्थापन वनको संक्षिप्त रूपमा तल वर्णन गरिएकोछ ।

## ४.३ सघन वन व्यवस्थापन क्षेत्र (Intensive forest management area)

यस संरक्षित वनको भित्री वन क्षेत्रको रुपमा रहेको वनसँग जोडिएर रहेका सामुदायिक वन र कबुलियती वनहरुलाई रेखाङकन गरी मध्यवर्ति क्षेत्र कायम गरिने छ । यस मध्यवर्ति क्षेत्र ८७२१ हेक्टरमा फैलिएर रहेको छ । यस क्षेत्रका वनलाई स्थानीय समुदायहरुको सहभागितामा सामुदायिक, कबुलियत र धार्मिक वनलाई सकृय वन व्यवस्थापन (Intensive forest management area) को अवधारणा अनुसार ब्यवस्थापन गरिनेछ । यस क्षेत्रमा भइरहेका तथा हुन सक्ने सामुदायिक वन र कबुलियत वनहरूको व्यवस्थापन कार्य संरक्षणमुखी वन व्यवस्थापनको अवधारणा अनुसार गरिनेछ । यस समुदायद्वारा व्यवस्थापन गरिएको वनहरुमा जैविक विविधताको दृष्टिकोणले अति संवेदनशील क्षेत्रहरू परेमा समूहहरूले विशेष संरक्षणमुखी कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । यस वन क्षेत्रबाट उत्पादन भएका वन पैदावारहरू समूहहरूले कार्ययोजना र विधान अनुसार उपयोग गर्न सक्नेछ ।

## ४.४ भित्री संरक्षित क्षेत्रहरू (Core area)

यस संरक्षित वनको भित्री भागमा रहेको वनक्षेत्र (Core area) लाई पुर्ण संरक्षित वन क्षेत्र कायम गरी वन व्यवस्थापन गरिने छ । यस वनको क्षेत्रफल १८७२.०२ हेक्टरमा फैलिएर रहेको छ । यस वनमा भु-उपयोगको आधारमा ६८.८५% वन क्षेत्र, ३०.०६% घांसे मैदान, ०.१०% झाडी र ०.९८% अन्यले ओगटेर रहेकोछ । यस क्षेत्र ४ प्रकारका वन रहेका छन्। यस क्षेत्रका वनलाई जनसहभागिताको आधारमा एकीकृत रूपमा जल, जंगल, जमिन, जनता र वन्यजन्तुहरूको दीगो व्यवस्थापन गरिनेछ । यो संरक्षित वन लाई दीगो रूपमा सञ्चालन गर्नका लागि लुम्बिनी प्रदेश वन ऐन २०७८ दफा १४(४) मा ब्यवस्थापन भए अनुसार जलजला संरक्षित वन परिषद्को गठन गरिने छ । यस भित्री भागमा पर्ने प्राकृतिक स्रोतहरुलाई एकीकृत

रुपमा पुर्ण रुपमा संरक्षित ब्यवस्थापनको आवधारणा अनुसार दीगो ब्यवस्थापन गरिने छ । यस क्षेत्रमा कुनै समुदायमा आधारित बन परेमा ऐन २०७८ दफा १४(५) मा ब्यवस्थापन भए अनुसार सचालन गरिने छ । यसका साथै दुर्लभ तथा जोखिममा परेका वन्यजन्तुहरूको बासस्थान र पारिस्थितिकीय प्रणालीहरूको दीगो व्यवस्थापनमा विशेष जोड दिईनेछ । साथै यस भित्री भागमा रहेको महत्वपुर्ण धार्मिक र सांस्कृतिक स्थलहरुको स्थानीय ब्यवस्थापन समितिसँग समन्वय र सहकार्य गरी परिषदले उचित ब्यवस्थापन गरी संचालन गरिने छ।

## ४.५ संरक्षित वन क्षेत्रमा संलग्न प्रभावित स्थानीय तहहरु (Impacts zone forest management)

यस जलजला संरक्षित वनक्षेत्र ४ वटा स्थानीय तहका समावेश गरिएका १० वटा वडाहरुमा फैलिएर रहेको छ। यस संरक्षित वन अन्तर्गत भित्री भागमा रहेको वनक्षेत्र (Core area) र मध्यवर्ति क्षेत्र बाहेकका वन क्षेत्रलाई प्रभावित क्षेत्रको रुपमा कायम गरी वन लगायत अन्य प्राकृतिक स्रोतहरुको स्थानिय समुदायको सहभागितामा एकीकृत रुपमा ब्यवस्थापन गरिने छन्। यस वन क्षेत्रमा रहेको समुदायमा आधारित वनको ब्यवस्थापन समूहहरूले तयार गरेको कार्ययोजना र विधान अनुसार हुनेछ । यस संरक्षित वन क्षेत्रमा ४ स्थानीय तहका अन्तर्गत समावेश गरिएका गा.पा. र न.पा.का समेत गरी १० वटा वडाहरुलाई स्थानीय तहहरुको प्रभावित क्षेत्र कायम गरिएको छ ।

## ४.६ सांगठनिक व्यवस्था तथा कार्यान्वयन प्रक्रिया

यस संरक्षित वनक्षेत्र जिल्लाका ४ वटा न.पा. र गा.पा.हरूमा फैलिएर रहेको छ । यस क्षेत्रको भौगोलिक अवस्थालाई मध्य नजर गर्दै सरल, सुलभ तरिकाले सबै वर्गको पहुँच र नियन्त्रण हुने गरी सांगठनिक संरचनाको ढाँचा तयारी गरिएको छ । यसरी संरचना तयार गर्ने क्रममा स्थलगत, जिल्ला र प्रदेश स्तर, स्थानीय तह र सम्बन्धित विज्ञहरूसँग विभिन्न चरणमा गरिएको छलफल र अन्तरक्रियाबाट आएका सल्लाह र सुझावहरूलाई विश्लेषण गरी सहभागितामूलक एवं समावेशी प्रशासकीय संगठनात्मक स्वरूप तयार गरिएकोछ । यस संगठनात्मक स्वरूपको विभिन्न तहमा रहेका सांगठनिक सदस्यहरु र संलग्न सरोकारवालाहरूको भूमिका सम्बन्धमा संक्षिप्त रूपमा देहाय बमोजिम वर्णन गरिएकोछ । प्रस्तावित प्रशासकीय संगठनात्मक स्वरूपको ढाँचा निम्नानुसार रहेको छ ।

### ४.६.१ प्रशासकिय संगठनात्मक स्वरुप

यस संरक्षित वन ब्यवस्थापन कार्यक्रम प्रभावकारी रुपमा संचालनका लागि लुम्बिनी प्रदेश वन ऐन २०७८ दफा ४ बमोजिम ब्यवस्था भए अनुसार संरक्षित वन परिषद कायम गरिएको छ । यस परिषदमा प्रशासकिय संगठनात्मक स्वरुपको खाका देहाय बमोजिम चित्र नं. २ मा रहेको छ ।




**चित्र नं २ प्रशासकिय संगठनात्मक स्वरुपको ढाँचा**

### ४.६.२ सांगठनिक ब्यवस्था र कर्मचारी

यस संरक्षित वनको कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि छुट्टै अस्थायी कर्मचारीहरुको व्यवस्था गरी सञ्चालन गरिएको छ । यस कार्यक्रमका लागि सम्भाव्य कर्मचारीहरुको सांगठनिक स्वरुप देहायको तालिका नं १२ मा उल्लेख गरिएकोछ ।

**तालिका नं १२ : संरक्षित वन कार्यक्रमका कर्मचारीहरूको विवरण**

| क स | पद | संख्या | श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १ | वन अधिकृत | १ | रा प तृतीय | डि व काले तोकेको |
| २ | रेन्जर | १ | रा प अनं. प्रथम (प्रा) | करार |
| ३ | ग्रामिण सहजकर्ता | २ | रा प अनं. द्धितिय (प्रा) | करार |
| ४ | वन रक्षक | ४ | कार्यालय सहायक | करार |

प्रस्तावित दरबन्दीहरुको हकमा रेन्जर, ग्रामिण सहजकर्ता र कार्यालय सहयोगीलाई करार सेवामा संचालन गरिने व्यवस्था गरिएको छ ।

## ४.७ संलग्न सरोकारवालाहरुको भूमिका तथा जिम्मेवारी

यस संरक्षित वनको दिगो विकासका लागि सक्रिय जनसहभागिताको परिकल्पना गरिएकोछ । यस संरक्षित वनको सम्बन्धित बहुसरोकारवालाहरूको भूमिकालाई अपेक्षा गरिएकोछ । संरक्षित वनले बढ्दो जनताको आवश्यकता परिपूर्तिका साथ जलाधार क्षेत्रको संरक्षण र सम्बर्द्धनबाट जलजला क्षेत्रको पुर्नस्थापना, बहुमूल्य जडिबुटी, वनस्पति, वन्यजन्तु र जैविक विविधताको संरक्षण सम्बर्द्धनका साथ धर्म, सांस्कृतिक जगेर्ना साथै ऐतिहासिक जनयुद्धका आधारहरु संरक्षण र सम्बर्द्धनका गर्ने लक्ष्यलाई पूरा गर्न सक्ने सक्षम सरोकारवालाहरूको भूमिका र जिम्मेवारी बृहत रुपमा विभिन्न चरणमा गरिएको छलफलबाट आएको सल्लाह र सुझावहरूलाई मध्ये नजर गर्दै सरोकारवालाहरूको भूमिका संस्थागत रूपमा स्पष्ट आँकलन गरिएकोछ । यी सरोकारवालाहरूको अपेक्षित भूमिका र जिम्मेवारी निम्नानुसार दिईएकोछ ।

### ४.७.१ डिभिजन वन कार्यालय रोल्पा

- जलजला संरक्षित वनको कार्ययोजना कार्यान्वयन गर्न जिल्ला स्तरीय निकायको रूपमा समन्वय, सहकार्यका नेतृत्वदायी भूमिका खेल्ने ।
- जलजला संरक्षित वन परिषदको सदस्य सचिवको हैसियतले प्रशासनिक कार्यका साथै बार्षिक योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन एव मुल्यांकनमा सहजिकरण भूमिका निर्वाह गर्ने ।
- संरक्षित वनका मध्यवर्ति क्षेत्र र प्रभावित क्षेत्रमा सामुदायिक वन, कबुलियती वनहरुको संरक्षण, सम्बर्धन र उपयोगमा प्राविधिक ज्ञान र सीप हस्तान्तरण गर्ने ।
- संरक्षित वनमा पाईने महत्वपुर्ण बहुमुल्य जडिबुटीहरुको प्राकृतिक वासस्थानको पहिचान गरी समुदाय र निजीक्षेत्रसँग समन्वय र सहकार्यमा जडिबुटीहरुको पकेट क्षेत्रको रुपमा विकास र विस्तार गर्न सहजिकरण गर्ने।
- निजी तथा समुदायद्वारा व्यवस्थित वनमा आधारित आयमूलक तथा उद्यम सञ्चालन गरी स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गर्न प्रोत्साहन गर्ने ।
- निजी तथा सार्वजनिक जग्गामा प्रभावकारी रूपमा संरक्षण मुखी कृषि तथा निजी वन कार्यक्रम सञ्चालन गर्ने ।
- वैकल्पिक ऊर्जा क्षेत्रमा कार्यरत निजी र सरकारी संस्था सँग समन्वय र सहकार्य गरी वनक्षेत्रमा कार्यरत विभिन्न वन समूह मार्फत वैकल्पिक ऊर्जा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- सरकारी, गैर सरकारी र निजी क्षेत्रसँग समन्वय र सहकार्यमा वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, पारिस्थितिकीय प्रणालीहरुको संवेदनशिलताको आधारमा संरक्षण, सम्बर्धन र बुद्धिमतापुर्वक उपयोग गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
- अन्तराष्ट्रिय संघ संस्थाहरूसँग गरेको महासन्धीमा उल्लेखित प्रावधानहरूलाई जनता, वन समूह समेतलाई जानकारी दिई सो अनुसार कार्यक्रम बनाइ सञ्चालन गर्ने।

### ४.७.२ जलजला संरक्षित वन परिषद

- यस संरक्षित वन परिषद र स्वीकृत कार्ययोजना प्रभावकारी कार्यान्वयनका लागि परिषद संचालन लागि जलजला संरक्षित वन परिषद विनियम तयार गर्ने ।
- यस संरक्षित वन क्षेत्रको कार्ययोजना कार्यान्वयन गर्न ब्यवस्थापन, समन्वय र सहकार्यको स्थानीय स्तरमा नेतृत्वदायी भूमिका साथ कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने ।
- संरक्षित वन परिषदले स्थानिय तह, जिल्ला स्तरका कार्यालयहरु, प्रदेश र संघीय सरकार बीच समन्वय र सहकार्यमा कार्यक्रमहरु तर्जुमा र कार्यान्वन गर्ने ।
- यस संरक्षित वन परिषदले संरक्षित वन कार्यक्रमहरु सहयोगी आयोजना, संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी संरक्षित वन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- संरक्षित वनमा पाईने महत्वपुर्ण बहुमुल्य जडिबुटीहरुको प्राकृतिक वासस्थानको पहिचान गरी समुदाय र निजीक्षेत्रसँग समन्वय र सहकार्यमा जडिबुटीहरुको पकेट क्षेत्रको रुपमा विकास र विस्तार गर्ने।
- भू तथा जलाधार संरक्षण कार्यालयसँग समन्वय र सहकार्य गरी जलाधार क्षेत्रको संरक्षण र सम्बर्धनबाट संरक्षित वनमा रहेको जलजला क्षेत्रको पुर्नस्थापना गर्ने ।
- संरक्षित वनमा रहेको धार्मिक, सांस्कृतिक क्षेत्रहरुको स्थानिय तहसँग समन्वय र सहकार्य गरी संरक्षण र संम्बर्धनका लागि सांस्कृतिक संग्रालय स्थापना गर्ने ।
- संरक्षित वनमा रहेको ऐतिहासिक जनयुद्धका आधारको स्थानिय तह, प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्य गरी संरक्षण र संम्बर्धन गर्ने ।
- संरक्षित वनमा रहेको धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सौन्दर्यलाई स्थानिय तह, प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्य गरी संरक्षण र संम्बर्धन गर्ने ।
- संरक्षित वन परिषदले संरक्षित वन क्षेत्र भित्र संचालन भएका कार्यक्रमहरुलाई कार्य प्रगति, कार्यक्रमको उपलब्धी र सिकाईहरुलाई साल बसाली अभिलेख राखी कार्यक्रमलाई चुस्त र दुरुस्त राख्ने ।
- संरक्षित वन क्षेत्रका प्रभावित क्षेत्रमा बसोबास गर्ने विपन्न समुदायहरुको वन ब्यवस्थापनको कार्यक्रम मार्फत स्थानीय श्रोतमा आधारित हरित उद्यमहरु स्थापनाद्धारा रोजगारीका अवसरहरु सिर्जना गर्ने ।
- वैकल्पिक उर्जा क्षेत्रमा कार्यरत निजी र सरकारी संस्थासँग हातेमालो गरी वनक्षेत्रमा कार्यरत विभिन्न वन समूह मार्फत वैकल्पिक उर्जा संचालन गर्न प्रोत्साहन गर्ने ।
- वातावरण संरक्षण शिक्षाको स्थानीय समुदायहरुको सहभागितामा संचालन गर्ने ।
- संरक्षित क्षेत्रमा स्थापित तल्लो र माथिल्लो तटीय बीच स्थापित वातावरण सेवा भुक्तानी प्रणाली संस्थागत विकास र विस्तारमा समन्वयकारी भुमिका निर्वाह गर्ने ।
- जलजला संरक्षित वन परिषदलाई प्रभावकारी कार्यान्वयनका लागि परिषद संचालन विनियम प्रदेश मन्त्रालयको समन्वय र सहकार्यमा डिभिजन वन कार्यालय रोल्पाको पहलमा तयार गर्ने ।
- जलजला संरक्षित वन क्षेत्रलाई पर्यटन क्षेत्रको विकास र विस्तारका लागी स्थानिय तह, जिल्ला स्तरका सम्बन्धित सरोकारवालाहरु, प्रदेश र संघीय सरकार र निजी क्षेत्रको सहकार्यमा सर्वाजानिक निजी सझेदारीको अवधारणामा एकीकृत पर्यटन योजना तयार गर्न पहल गर्ने ।

- चोरी शिकारीका संवेदनशील क्षेत्रमा चोरी शिकारी नियन्त्रण ईकाईहरू गठन गरी स्थानीय वन समुहहरुसँग समन्वय र सहकार्यमा रोकथाम कार्यक्रमलाई प्रभावकारी बनाउने ।
- स्थानिय स्तरमा स्कुल, कलेज र स्थानिय संघसंस्थाहरू क्लवहरू स्थापना गरी चोरी शिकारी तथा अवैध जडिबुटी र काठ संकलन रोकथाम सम्बन्धी व्यापक रूपमा जनचेतना अभिबृद्धि गर्ने ।
- समुदायमा आधारित जैविक विविधता एवं परम्परागत ज्ञानको अभिलेखीकरण र संरक्षण गर्ने ।

### ४.७.३ भू तथा जलाधार ब्यवस्थापन कार्यालय रोल्पा

- जलजला संरक्षित वन क्षेत्र अन्तर्गत रहेका जलाधार, उप जलाधार र सूक्ष्म जलाधार क्षेत्रलाई वर्गीकरण र सोको प्राथमिकरण गरी सहभागितामुलक संरक्षण कार्यक्रम संचालन गर्ने ।
- संरक्षित वन क्षेत्रभित्र रहेका ताल तलैया, पोखरीहरु र पानी मुहानहरुको अध्ययन गरी सो को स्थानीय तहसँग समन्वय र सहकार्यमा संरक्षण र सम्बर्धन गरी दलदल अवस्थाको पुर्नस्थापना गर्ने।
- स्थानीय वन समुहहरुसँगको सहकार्यमा संरक्षण खेती सम्बन्धित ज्ञान र सीप हस्तान्तरण गरी भू संरक्षण गर्नुका साथै बहुमूल्य माटोको उर्वरतामा हुने ह्रास रोकथाम गर्ने ।
- संरक्षित वनका प्रभावित क्षेत्रहरुमा रहेको नांगो पाखा जग्गा, नदी उकास, भूक्षय भएको क्षेत्रमा वृक्षारोपण गरी भूक्षय न्यूनीकरण गर्ने ।
- स्कूलहरू र गैर सरकारी संस्था, सामुदायिक संस्था मार्फत प्रभावकारी संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- संरक्षित क्षेत्रमा स्थापित तल्लो र माथिल्लो तटीय बीच स्थापित वातावरणीय सेवाको भुक्तानी प्रणाली संस्थागत विकास र विस्तारमा समन्वयकारी भुमिका निर्वाह गर्ने ।

### ४.७.४ स्थानिय तह (गा.पा. र न.पा.) हरू

- जलजला संरक्षित वन अन्तर्गत रहेका वन, वनस्पति, वन्यजन्तु, जैविक विविधताको दीगो ब्यवस्थापनमा सहयोगी भुमिका खेल्ने ।
- जलजला संरक्षित वन अन्तर्गत रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थलहरुको संरक्षण र सम्बर्धनमा नेतृत्वदायिक भुमिका निर्वाह गर्ने ।
- संरक्षित वनक्षेत्र भित्र रहेका ताल तलैया, पोखरीहरु र पानी मुहानहरुको समन्वय र सहकार्यमा संरक्षण र सम्बर्धन गरी दलदल अवस्थाको पुर्नस्थापना गर्नमा सहयोगी भुमिका निर्वाह गर्ने
- यस जलजला संरक्षित वन अन्तर्गत रहेका ऐतिहासिक जनयुद्धका आधार क्षेत्रहरुको संरक्षण र सम्बर्धनका साथै ऐतिहासिक जनयुद्ध संग्रहालय स्थापनामा नेतृत्वदायी भुमिका निर्वाह गर्ने
- यस जलजला संरक्षित वनमा रहेका विविध पर्यटकीय आर्कषणका आधारहरुको स्थापना गरी पर्यापर्यटनको विकास र विस्तारका लागी सहजिकरण भुमिका निर्वाह गर्ने ।
- यस संरक्षित वन क्षेत्रमा रहेका स्थानीय सांस्कृतिक, भेषभुषा, रीतिरिवाजहरुको संरक्षण र सम्बर्धनका लागि सांस्कृतिक संग्राहलयको स्थापनामा पहल गर्ने ।
- संरक्षित वन अन्तर्गत पर्यापर्यटनको विविधीकरण गरी पर्यापर्यटन क्षेत्रको विकास र विस्तारमा आवश्यक सहयोग गर्ने ।

### ४.७.५ कृषि ज्ञान केन्द्र

- यस संरक्षित वन क्षेत्रको प्रभावित क्षेत्रमा भू-बनोट र हावापानीको आधारमा पहाडी क्षेत्रमा फलफुल, तरकारी र अन्नवालीका पकेट क्षेत्रहरुको पहिचान गरी व्यवसायिक खेतीमा जोड दिने ।
- संवेदनशील पहाडी क्षेत्रका किसानहरूले फलफूल तथा अन्य बहुवर्षीय संरक्षण खेतीको नमुना प्लटहरु निर्माण गरी सो को सिकाईलाई सरल र सुलभ तरिकाले आदान प्रदान गर्ने ।
- सम्बन्धित कृषकहरूलाई सरल र सुलभ तरिकाले तरकारी तथा अन्य उन्नत जातका बीउ-बिजन र प्रविधि ज्ञान उपलब्ध गराउने ।
- बाँझो रहेको उत्पादनशिल कृषि भूमिको उत्पादनमा ल्याउनका लागि आवश्यक प्राविधिक ज्ञान र सीप हस्तान्तरण गर्ने ।
- कृषि बजारको बजारीकरण, सन्जाल निर्माण र सुचना प्रणालीको विकास र विस्तारमा समन्वय र सहकार्य गर्ने ।

### ४.७.६ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

- यस संरक्षित वन क्षेत्रका कृषकहरूलाई उन्नत एवं बहुवर्षीय घाँसका बीउ तथा बिरूवाहरू उपलब्ध गराई निजी जग्गा, कबुलियती वन र सामुदायिक वनमा लगाउँन प्रोत्साहन गर्ने र यसको लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।
- अनुत्पादनशील पशुलाई क्रमशः वर्णशंकर, गोठ सुधार र उत्पादनशील पशु पालनमा समन्वय र सहकार्य गरी बधुवालाई प्रोत्साहन गर्ने ।
- पशुपालन व्यवसायमा देखिने रोग ब्याधीहरूको उपचारमा स्थानीय जनताको सरल र सुलभ पहुँच र नियन्त्रणका लागि पशु स्वास्थ्य शिविरहरू सञ्चालन गर्ने ।
- यस संरक्षित वन क्षेत्रका भेडा पालक कृषकहरूलाई उन्नत एवं बहुवर्षीय घाँसका बीउ वितरणका साथै घुम्ति चरण प्रणालीको विकास र विस्तार गर्ने ।

### ४.७.७ जिल्ला समन्वय समिति

- जिल्ला वन क्षेत्र समन्वय समितिमा प्रभावकारी एवं नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- जिल्ला वन क्षेत्र योजनामा भएको प्रावधान प्रभावकारीरूपमा लागू गर्न लगाउँने, यसको अनुगमन गर्ने यस संरक्षित वन क्षेत्रमा आइपरेका नीतिगत सवालहरूको सरल सुलभ तरिकाले व्यवस्थापन गर्ने ।

### ४.७.८ जिल्ला घरेलु तथा साना उद्योग कार्यालय

- वन पैदावारमा आधारित लघु उद्योग र उद्यमहरू सञ्चालन गर्न प्राविधिक, तालीम, अनुगमन र अन्य सहयोग प्रदान गर्ने ।

### ४.७.९ वन वातावरणमा कार्यरत संघ संस्था र सामुदायिक वन उपभोक्ता महासंघ

- यस संरक्षित वन क्षेत्रभित्र वा सँगै जोडिएर रहेको सामुदायिक वन र समूहहरूको अनुगमन गर्ने ।
- सामुदायिक वन समूहको क्षमता अभिवृद्धि गर्ने ।
- संरक्षणमुखी सामुदायिक वनको कार्ययोजना र समूहको विधान बनाउन, परिमार्जन गर्न सहयोग गर्ने ।

- सामुदायिक वनको हकहित सुरक्षित गर्न पैरवी कार्यक्रम सञ्चालन गर्ने ।
- जलजला संरक्षित वन क्षेत्रमा वन, वातावरण, जैविक विविधता, धर्म, संस्कृति र ऐतिहासिक क्षेत्रहरुको संरक्षण र सम्बर्धनका साथ प्रचार प्रसारमा सहयोग गर्ने ।
- जलजला संरक्षित वन क्षेत्रमा बढ्दै गई रहेको वातावरण प्रदुषणलाई न्यूनिकरण र उचित व्यवस्थापनमा स्थानिय तह र अन्य सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी प्रचार प्रसार गर्ने ।

### ४.७.१० प्राविधिक र आर्थिक सहयोग गर्ने दाताहरू र संघसंस्थाहरू

- वन पैदावारमा आधारित उद्योगधन्दा र उद्यमलाई सरल, सुलभ र लामो अवधिको सस्तो ब्याज भएको ऋृण लगानी गर्ने ।
- वन क्षेत्रको संस्थागत र दीगो विकासको लागि प्राविधिक र आर्थिक सहयोग प्रदान गर्ने ।

### ४.७.११ समुदायमा आधारित वन र भू तथा जलाधार संरक्षण समूहहरू

- सामुदायिक वनका दोश्रो पुस्ताका सवालहरूका साथ जैविक विविधतालाई समेत ध्यान दिई सामुदायिक वन विकास कार्यक्रम सञ्चालन गर्ने ।
- सामुदायिक वनभित्र कबुलियती वनको अवधारणामा गरीव, दलित, जनजातिहरूलाई प्रत्यक्ष लाभ हुने गरिवी न्युनीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- दीगो, बहुउपयोगी र बहुतलीय सामुदायिक वन व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।
- सामुदायिक वन विकास कार्यक्रम मार्फत भू संरक्षण कार्यक्रम, जैविक विविधता कार्यक्रम सञ्चालन गर्ने ।
- कबुलियती वन कार्यक्रम मार्फत् गरिवी न्यूनीकरण र वातावरण संरक्षण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने ।
- कबुलियती वन समूह मार्फत् भू तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- कबुलियती वन समूहहरूमा समूह सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने ।
- कबुलियती वनमा आयमूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ४.८ सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य

यस संरक्षित वन क्षेत्रको दीगो व्यवस्थापनबाट वन पैदावारको आवश्यकता परिपूर्तिका साथ जलाधार क्षेत्रको संरक्षण र सम्बर्धनका माध्यमबाट जलजला क्षेत्रको पुर्नस्थापना, बहुमुल्य जडिबुटी, वनस्पति, वन्यजन्तु र जैविक विविधताको संरक्षण संम्बर्धनका साथ साथै धर्म, संस्कृतिको जगेर्ना साथै ऐतिहासिक जनयुद्धका आधारहरु संरक्षण र संम्बर्धनका गर्नुका साथै स्थानिय समुदायको जिविकोपार्जनका सुधारमा गहन भुमिका रहने छ । अतः यस वनको व्यवस्थापनका सम्बन्धित सरोकारवालाहरूको बृहत् रूपमा गरिएको छलफलको आधारमा सरोकारवालाहरूको भूमिकालाई पनि स्पष्ट गरिएको छ । यी भूमिकालाई प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरू बीच समय समयमा बैठक तथा छलफल गर्नुपर्ने देखिन्छ । जसले गर्दा जलजला संरक्षित वनको दीगो रूपमा जलाधार क्षेत्रको संरक्षण र सम्बर्धनमा समन्वय र सहकार्यले थप ऊर्जाको रूपमा बल प्रदान गर्दछ ।

# परिच्छेद ५ : आ.व. २०८२।०८३ मा संचालित कार्यक्रमहरुको संक्षिप्त विवरण

## ५.१ पृष्ठभूमि

प्रस्तावित जलजला संरक्षित वनको संरक्षण र व्यवस्थापन गर्नको लागि डिभिजन वन कार्यालय, रोल्पाको चालु आ.व. ०८२।०८३ को लुम्बिनी प्रदेश सरकार तर्फको यस कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम तर्फको बजेट उपशिर्षक नं. ३२९०००१७ (क्र.सं. ११.४.१७.११४) अन्तर्गत जलजला क्षेत्र पर्यापर्यटन तथा वन संरक्षण कार्यक्रम तर्फ रु १० (दश) लाख तथा संघिय सरकार सर्शत अनुदान तर्फ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) तर्फको बजेट उप शिर्षक नं. ३२९९११२३ (क्र.सं.११.४.१७.१७३७ ) अन्तर्गत जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन (जलजला क्षेत्रमा जैविक विविधता संरक्षण कार्यक्रम ) तर्फ रु २० (बिस) लाख बजेट विनियोजन भई आएको थियो । वन तथा वातावरण मन्त्रालयबाट स्विकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ मा व्यवस्था भए अनुसार जलजला संरक्षित वन परिषदको तदर्थ समितिको बैठक मिति २०८२ साल पौष २१ गतेका दिन बसी प्राप्त बजेट कार्यक्रम कार्यान्वयन कार्यविधि, जलजला संरक्षित वनको स्विकृतिका लागि पेश भएको मस्यौदा कार्ययोजना एवं स्थानिय आवश्यकतालाई समेत विचार गरी विभिन्न कृयाकलापमा उक्त बजेट खण्डीकरण (ब्रेकडाउन) गर्ने निर्णय भै सोही अनुसार विभिन्न क्रियाकलापहरु संचालन गरिएको हो ।

**तालिका १३ : आ.व. २०८२।८३ को बिनियोजित बजेट तथा कृयाकलापहरू**

क) बजेट उपशिर्षक नं. ३२९९११२३, कोड नं. (क्र.सं.११.४.१७.१७३७ ) जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन (जलजला क्षेत्रमा जैविक विविधता संरक्षण कार्यक्रम) तर्फ

| क्र.स. | क्रियापलाप | इकाई | परिमाण | अनुमानित रकम | स्थान |
|---|---|---|---|---|---|
| १ | संरक्षित वनमा निर्भर रहेका समुदायको लागि आयआर्जन कार्यक्रम (जडिबुटी खेती विस्तार)(विरुवा खरिद सतुवा, पदमचाल, टिमूर आदि) | स्थान | ४ | ४००००० | रोल्पा न.पा.<br>थवाङ गा.पा.<br>परिर्वतन गा.पा.<br>सुनछहरी गा.पा. |
| २ | संरक्षित वनमा निर्भर रहेका समुदायको लागि आयआर्जन कार्यक्रम (जडिबुटी खेती विस्तार) बिरुवा ढुवानी | स्थान | ४ | १००००० | चार वटै पालिका |
| ३ | कार्यक्रम अनुगमन, समन्वय तथा सहजीकरण | एक बर्ष | | १२०००० | चार वटै पालिका |
| ४ | पर्यटकिय भवन घेरबार तथा मर्मत | प्याकेज | | ७८०००० | जलजला मन्दिर क्षेत्र |
| ५ | फोहर ब्यवस्थापन (मेलाको समयमा) | प्याकेज | १ | ५०,००० | मेलाको समयमा |

| क्र.स. | क्रियापलाप | इकाई | परिमाण | अनुमानित रकम | स्थान |
|---|---|---|---|---|---|
| ६ | वन संरक्षण तथा वन डढेलो सम्बन्धि चेतनामूलक क्रियाकलापको लागि प्रचार प्रसार पोष्टर, पम्पलेट, ब्रोसर, लिफलेट प्रकाशन तथा वितरण | पटक | १ | ५०००० | चार वटै पालिका |
| ७ | जलजला संरक्षित क्षेत्रभित्र रहेका प्रमुख वनस्पति तथा वन्यजन्तुको विवरण तयारी | प्याकेज | १ | १००००० | |
| ८ | सामुदायिक वनको कार्ययोजना नविकरण | वटा | १० | ४००००० | संरक्षित क्षेत्र अन्तरगतका सा.वहरु |
| | जम्मा | | | २०,००,००० | |

ख) बजेट उपशिर्षक नं. ३२९०००१७, कोड नं. (क्र.सं.११.४.१७.११४) अन्तर्गत जलजला क्षेत्र पर्यापर्यटन तथा वन संरक्षण कार्यक्रम तर्फ

| क्र.स. | क्रियापलाप | इकाई | परिमाण | अनुमानित रकम | स्थान |
|---|---|---|---|---|---|
| १ | जलजला संरक्षित वन क्षेत्रमा पर्ने सामुदायिक वन तथा कबुलियति वनहरु सँग संरक्षित वन सम्बन्धी अन्तरक्रिया गोष्ठी/तालिम | पटक | ६ | १५०००० | चार वटै पालिका |
| २ | जलजला संरक्षित वन सम्बन्धी स्कुल शिक्षा कार्यक्रम | पटक | ६ | १२०००० | संरक्षित क्षेत्र अन्तरगतका मा.वि. स्कुलहरु |
| ३ | जलजला संरक्षित वन सम्बन्धी पुस्तिका प्रकाशन तथा वितरण | प्याकेज | १ | १००००० | |
| ४ | करार रेन्जरको तलव (चाडवाड खर्च सहित) | महिना | १३ | ४५१५०० | |
| ५ | घरभाडा | महिना | १२ | ४८००० | |
| ६ | प्रगति समिक्षा/परिषदको बैठक | पटक | ३ | १३०५०० | जिल्ला स्तरमा |
| | जम्मा | | | १०००००० | |

## ५.२ संक्षिप्त कार्यक्रम प्रगति विवरण

### ५.२.१ प्रदेश सरकारतर्फको कार्यक्रम

क) वन उद्यम र पर्यापर्यटन प्रवर्धन कार्यक्रम

- जलजला संरक्षित वन क्षेत्रमा पर्ने सामुदायिक वन तथा कबुलियति वन उपभोक्ता समुहहरूसँग संरक्षित वन, वन व्यवस्थापन तथा जैविक विविधताको महत्व सम्बन्धी अन्तरक्रिया गोष्ठी ६ स्थानमा सम्पन्न गरिएको।
- जलजला संरक्षित क्षेत्र अन्तरगतका छ वटा माध्यमिक विद्यालयहरुका विद्यार्थीहरुमा वन, वातावरण तथा जैविक विविधता संरक्षण तथा महत्व, वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा स्कुल शिक्षा कार्यक्रम मार्फत जनचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरिएको। यस अवसरमा नेपालको संरक्षित वन्यजन्तु एवं संकटापन्न प्रजाति हाब्रे (रेड पाण्डा) यस संरक्षित क्षेत्रमा समेत पाइने भएकाले यसको महत्व, वासस्थान संरक्षण र व्यवस्थापन सम्बन्धीत विषय समेत उजागर गरेको ।
- प्रस्तावित जलजला संरक्षित वन परिषदको तदर्थ समितिको बैठक आ.व. २०८२।०८३ को स्वीकृत वजेट खण्डीकरण (ब्रेकडाउन) तथा सो कार्यान्वयन पश्चात् सम्पादित क्रियाकलापहरुको प्रगति समिक्षा गर्ने उद्देश्य राखी २ पटक बैठक बसी योजना तर्जुमा तथा समिक्षा सम्पन्न गरिएको।
- प्रस्तावित जलजला संरक्षित वन : एक परिचय नामक यो पुस्तिका प्रकाशन गरी वितरण गरिएको।
- प्रस्तावित जलजला संरक्षित वन सम्बन्धी कार्यक्रम कार्यान्वयन र सहजीकरण गर्न एक जना रेञ्जर करार सेवामा राखी कार्यक्रम कार्यान्वयन गरिएको।

### ५.२.२ संघिय सरकारको सर्शत अनुदान कार्यक्रम

क) राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

- जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रम अन्तरगत जलजला क्षेत्रमा जैविक विविधता संरक्षण कार्यक्रम तर्फ जलजला संरक्षित वनमा आश्रित समुदायका लागि आयआर्जन कृयाकलापमा पदमचाल, सतुवा, देवदार तथा टिमुरका विरुवाहरु जम्मा २२३८० गोटा खरिद गरि थवाङ गा.पा.का तीन वडाहरु, रोल्पा न.पा.का तीन वडाहरु, परिवर्तन गा.पा.को एक वडा अन्तरगतका निजि कृषक, सामुदायिक तथा कबुलियती वन समुहहरुमा वितरण तथा रोपण कार्यमा सहजिकरण कार्य सम्पन्न भएको।
- जलजला संरक्षित वन क्षेत्र अन्तर्गतको मन्दिर परिसरमा अवस्थित पर्यटकिय भवनको वरीपरी २१२ मिटर तारजाली सहित घेरबार गरिएको ।
- जलजला संरक्षित वन क्षेत्र सम्बन्धी विवरण, यस क्षेत्रभित्र पाईने जैविक विविधता तथा यस क्षेत्र भित्र गर्नहुने तथा नहुने कार्य सम्बन्धी जानकारी दिन होर्डिङ बोर्डको तयार गरी विभिन्न ४ स्थानमा स्थापना गरिएको।
- जलजला संरक्षित वनको बारेमा प्रचार प्रसार गर्न तथा विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक, सामुदायिक वन उपभोक्ता समुह, कबुलियती वन उपभोक्ता समुह, स्थानीय जनप्रतिनिधी लगायत यस

विषयमा चासो राख्ने सरोकारवालाहरूलाई जानकारी दिन जलजला संरक्षित वनको संक्षिप्त परिचय सहितको ब्रोसर छपाई गरी वितरण गरिएको ।

- जलजला संरक्षित वन क्षेत्रको कार्यक्षेत्र भित्र पर्ने म्याद सकिएका ५ वटा सामुदायिक वन उपभोक्ता समुहहरुको वन व्यवस्थापन कार्ययोजना परिमार्जन/नविकरण गरि कार्यान्वयन गरिएको ।
- प्रस्तावित जलजला संरक्षित क्षेत्रभित्र रहेका प्रमुख वनस्पति तथा वन्यजन्तुको विवरण पोष्टर/बोर्डको रुपमा तयारी गरी यस क्षेत्र अन्तर्गतका १० वटा वडाहरुको बैठक हलमा राख्न हस्तान्तरण गरिएको ।

**तालिका १४ : आ.व. २०८२/०८३ को वार्षिक प्रगति विवरण**

| ब.उ.सि.नं. | खर्च शिर्षक/क्रियाकलाप | विनियोजित बार्षिक बजेट (रु लाखमा) | बार्षिक खर्च (रु लाखमा) | प्रगति % |
|---|---|---|---|---|
| ३२९९११२३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | २० | १५.९७ | ८४.८७ |
| ३२९०००१७ | वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | १० | ९.६९ | ९६.९६ |
| | जम्मा | ३० | २५.६६ | ८५.५३ |

## ५.३ प्रस्तावित संरक्षित वन कार्ययोजना कार्यान्वयनमा हालसम्म सम्पादित कृयाकलापहरूको योगदान

- चालु वर्ष तथा विगत वर्षहरूदेखी नै सञ्चालित जनचेतनामुलक विभिन्न कृयाकलापहरूको माध्यमबाट प्रस्तावित जलजला संरक्षित वन क्षेत्रका स्थानीय वन उपभोक्ता समुहहरू तथा सरोकारवालाहरूको वन, वातावरण, जैविक विविधता सहित जलजला संरक्षित वनको धार्मिक, सांस्कृतिक एवं आर्थिक विशिष्टता संरक्षणमा योगदान पुगेको देखिन्छ ।
- जलजला क्षेत्रको प्रचार प्रसार एवं विश्वमै दुर्लभ एवं नेपालको संरक्षित वन्यजन्तु रेडपाण्डाको बासस्थान यसै संरक्षित वन क्षेत्रमा रहेको कुरा प्रमाणित भैसकेको सन्दर्भमा यस क्षेत्रको पर्यापर्यटन प्रवर्द्धन थप टेवा पुग्ने देखिन्छ ।
- हाल देशका विभिन्न क्षेत्रमा मानव वन्यजन्तु द्वन्दको घटना बढ्दै गरेको सन्दर्भमा यस क्षेत्रमा मानव वन्यजन्तु द्वन्दको घटना अन्य क्षेत्रको तुलनामा नरहेको वा नगन्य मात्रामा रहेको देखिन्छ, जसले गर्दा यस संरक्षित वनको संरक्षणमा थप टेवा पुग्ने देखिन्छ ।
- यस जलजला संरक्षित वन क्षेत्रको संरक्षण तथा दिगो उपयोग एवं पर्यापर्यटन मार्फत यस क्षेत्रका वासिन्दाहरूको जिविकोपार्जनमा सुधार ल्याउन यस क्षेत्रका जनप्रतिनिधी एवं सरोकारवालाहरूको चासो, समन्वय र सहकार्य बढ्दै गएको पाइन्छ, जसले गर्दा आगामी दिनमा प्रस्तावित संरक्षित वन अव कानुनी रूपमै वन संरक्षण क्षेत्र वा संरक्षित वनको रूपमा घोषणा गर्न थप वल पुग्ने देखिन्छ ।
- रोल्पा जिल्लाको एक मात्र प्रस्तावित जलजला संरक्षित वन लुम्बिनी प्रदेशको महत्वपुर्ण नदी पश्चिम राप्तीको जलाधार क्षेत्र रहेको र यो वन क्षेत्र नै राप्ती नदीको उद्गम क्षेत्र समेत रहेको, एवं यस मार्फत प्राप्त जलाधारीय वातावरणीय सेवा तल्लो तटीय क्षेत्रका उपभोक्तालाई उपलब्ध गराएको यथार्थलाई हृदयंगम गर्दै यसको संरक्षणको लागि थप प्रचार प्रसार गर्न जरूरी देखिन्छ ।

## अनुसूची १ : जलजला संरक्षित वनमा पाईने वनस्पतिहरुको नामावली

| सि.न. | स्थानीय नाम | बैज्ञानिक नाम | सि.न. | स्थानीय नाम | बैज्ञानिक नाम |
|---|---|---|---|---|---|
| १ | खोटे सल्लो | *Pinus roxburgii* | १९ | लालिगुराँस | *Rhododendron arboretum* |
| २ | लौठ सल्ला | *Tsuga domosa* | २० | काफल | *Myrica esculenta* |
| ३ | पैंयु | *Prunus serasoides* | २१ | असना | *Terminalia alata* |
| ४ | उतिस | *Alnus nepalensis* | २२ | भिमल | *Grewia optiva* |
| ५ | बैंस | *Salix babylonica* | २३ | देवदार | *Cedrus deodara* |
| ६ | टुनी | *Cedrela toona* | २४ | चिलाउने | *Schima wallichii* |
| ७ | चाँप | *Michelia champaca* | २५ | धुपी सल्ला | *Juniperus species* |
| ८ | खर्सु | *Quercus semicarpifolia* | २६ | बाझी | *Quercus incana* |
| ९ | कटुस | *Castanopsis indica* | २७ | महुवा | *Engelhaardia spicata* |
| १० | रिठ्ठा | *Sapindus mukorossi* | २८ | अंगेरी | *Lyona ovalifolia (Wall.) Drude* |
| ११ | चिउरी | *Bassia butyracea* | २९ | फलेदो | *Erythrina stricta* |
| १२ | ओखर | *Juglans regia* | ३० | मसुर कटुस | *Castanopsis tribuloides (Sm.) A. DC.* |
| १३ | लाँकुरी | *Fraxinusfloribunda* | ३१ | काफल | *Myrica esculenta Buch.-Ham. ex D. Don* |
| १४ | मेल | *Pyrus pashia* | ३२ | पाङ्ग्रा | *Aesculus indica* |
| १५ | टाँकी | *Bauhinia purpurea* | ३३ | गोब्रे सल्ला | *Pinus wallichiana A.B. Jack* |
| १६ | खन्यू | *Ficus semicordata* | ३४ | तालिस पत्र | *Abies spectabilis* |
| १७ | कुटमिरो | *Litcea monospetala* | ३५ | | *Abies pindrow* |
| १८ | बाँझ | *Quercus leucotrichophora* | ३६ | बांझी | *Quercus leucotrichophora* |

## अनुसूची २ : जलजला संरक्षित वनमा पाईने बन्यजन्तुहरु

| क्रस | नेपालीमा | अग्रेजी नाम | बैज्ञानिक नाम |
|---|---|---|---|
| १ | चित्तल | Spotted Deer | *Axis axis* |
| २ | कस्तुरी | Musk deer | |
| ३ | रेडपण्डा | Red Panda, | *Ailurus fulgens* |
| ४ | थार | Himalayan tahr | *Hemitragus jemlahicus* |
| ५ | चितुवा | Common Leopard | *Panthera pardus* |
| ६ | बदेल | Wild Boar | *Sus scrofa* |
| ७ | खैरो खरायो | Indian Hare | *Lepus nigricollis* |
| ८ | लङ्गुर | Langur Monkey | *Semnopithecus entellus* |
| ९ | कालो भालु | Asiatic Black Bear | *Ursus thhibetanus* |
| १० | दुम्सी | Porcupine | *Hystrix indica* |
| ११ | मलसाप्रो | Yellow Throated Marten | *Martes flavigula* |
| १२ | फ्याउ मुसा | Himalayan Marmot | *Marmota bobak* |
| १३ | वन विरालो | Jungle Cat | *Felis chaus* |
| १४ | स्याल | Jackel | *Canis aureus* |
| १५ | ब्वासो | Wolf | *Canis lupus* |
| १६ | रातो खरायो | Red Fox | *Vulpes vulpes* |
| १७ | रतुवा | Barking deer | *Muntiacus muntkaj* |
| १८ | बांदर | Monkey | *Macaca mulata* |
| १९ | चरी बाघ | Leopard Cat | *Prionailurus bengalensis* |
| २० | घोरल | Himalayan brown goral. | *Naemorhedus goral* |

## अनुसूची ३ : जलजला संरक्षित वनमा पाइने चराचुरुंगीहरु

| क.स | नेपाली नाम | अग्रेजी नाम | बैज्ञानिक नाम |
|---|---|---|---|
| १ | डांफे | Himalayan monal | *Lophophorus impejanus* |
| २ | च्याखुरा | Chukar | *Alectoris chukar* |
| ३ | लुईचे | Red Junglefowl | *Gallus gallus* |
| ४ | कालो तित्रा | Black Francolin | *Francolinus francolinus* |
| ५ | मुनाल | Satyr Tragopan | *Tragopan satyra* |
| ६ | कालिज | Kalij Pheasnt | *Lophura leucomelanos* |
| ७ | चखेवा चखेवी | Ruddy Shelduck | *Tadorna ferruginea* |
| ८ | मलेवा | Rock Dove | *Columba livia* |
| ९ | लेकाली मलेवा | Hill Pigeon | *Columba rupestris* |
| १० | कण्ठे ढुकुर | Eurasian Collared-dove | *Streptopelia decaocto* |
| ११ | जुरे कोईली | Jacobin Cuckoo | *Clamator jacobinus* |
| १२ | कोईली | Western Koel | *Eudynamys scolopaceus* |
| १३ | काफल पाक्यो | Indian Cuckoo | *Cuculus micropferus* |
| १४ | चिबे कोईला | Fork-tailed Drongo-cuckoo | *Surniculus dicururoides* |
| १५ | जलेवा | Great Cormorant | *Phalacrocoax carbo* |
| १६ | मलाहा चील | Osprey | *Pandion haliaetus* |
| १७ | पहाडी शदलचील | Mountain Hawk-eagle | *Nisaetus nipalensis* |
| १८ | पहाडी कोकले | Grey Treepie | *Dendrocitta formosae* |

## अनुसूची ४ : गैह्रकाष्ठ वन पैदावारको स्थानीय नाम

| सि. न. | प्रजातिहरु | बैज्ञानिक नाम | सि. न. | प्रजातिहरु | बैज्ञानिक नाम |
|---|---|---|---|---|---|
| १ | चिराईतो | *Swertia chiryita* | ३७ | सुगन्ध कोकिला | *Cinnamomum glaucescens* |
| २ | अर्किड सुनाखरी | *Various : Orchid spesies* | ३८ | ओखर | *Juglans regia* |
| ३ | मजिठो | *Rubia manjith* | ३९ | उन्यू | *Dryopteris filix-mas D.cochleata* |
| ४ | झ्याउ | *Lichen spp, Permelia nepalensis* | ४० | जामानेमाद्रो/ दारु हल्दी | *Mahonia nepalensis* |
| ५ | पाखनवेद / पाषणवेद | *Bergenia ciliatac* | ४१ | चुत्रो/दारुहल्दी | *Barberis Aristata* |
| ६ | बाटुलपाते | *Cissampelos pareira* | ४२ | तेगेडि | |
| ७ | चुमलानी | *Skimmia laureola* | ४३ | ठूलो ओखती | *Astible ribulis* |
| ८ | सिलाजित | *Rock excudate/Asphaltum* | ४४ | धसिङग्रे / मछिनो | *Gaultheria fragranttissima* |
| ९ | सतुवा | *Paris polyphylla* | ४५ | हडचुर | *Viscum album* |
| १० | अल्लो | *Girardiniadiversifilia* | ४६ | लौठ सल्ला | *Taxus contorta* |
| ११ | पावन बोक्रा/काउलो | *Perseaodoratissima /persea spp.* | ४७ | गुराँस | *Rhododendron arboretum* |
| १२ | पदमचाल/अमलबेद/चुल्ठे अमिलो काराज चुल्ठी | *Rheumaustrale* | ४८ | सुनपाती | *Rhododendron anthopogan* |
| १३ | अमला | *Phyllathus emblica* | ४९ | हर्रो | *Teminalia chebula* |
| १४ | गुर्जो लहरा | *Tinospora coradifolia* | ५० | बर्रो | *Terminalia bellerica* |
| १५ | टिमुर | *Zanthoxylum armatum* | ५१ | नागबेली | *Lycopodium clavatum* |
| १६ | कुरिलो / सतावरी | *Asparagus recemous* | ५२ | लोक्ता | *Daphne bholua/ D.papyracea* |
| १७ | पिपला | *Piper longum* | ५३ | बाबियो | *Eulaliophis inate* |
| १८ | दालचिनी बोक्रा/ सिन्कौली/ तेजपात | *Cinnamomum tamala* | ५४ | विषफेज | *Polypodium vulgare* |
| १९ | सोमलता | *Emphedra gerardiana* | ५५ | अम्रिसो | *Thysanolaena maxima* |
| २० | सेतो मुसली | *Chlorophytum spp.* | ५६ | यार्सा गुम्वा | *Cordyceps sinensis* |
| २१ | कालादाना | | ५७ | जटामसि | *Nardostachys grandiflora* |
| २२ | भोर्ला | *Bauhinia vahlii* | ५८ | विष/विषमा | *Aconitum palmatum* |
| २३ | रिठ्ठा | *Sapindius mukorossi* | ५९ | सेतकचिनी जरा | *.Salix spp* |
| २४ | कुटकी | *Neo-picorhiza scrophulariflora* | ६० | एक्लेविर | *Lobelia pyramidalis* |

| सि. न. | प्रजातिहरु | बैज्ञानिक नाम | सि. न. | प्रजातिहरु | बैज्ञानिक नाम |
|---|---|---|---|---|---|
| २५ | गुच्चिच्याउ | *Morchella conica/ Morchela esculenta* | ६१ | सिल्टीमुर | *Lindera neesiana* |
| २६ | साधारण च्याउ | *Wild mushroom* | ६२ | सजिवन | *Jatropha cuecas* |
| २७ | हलहले | *Rumex nepanensis* | ६३ | कालो मुसली | *Curculigo orcihoides* |
| २८ | सुगन्धवाल | *Valeriana jatamansi* | ६४ | अलैची | *Amomum subulatum* |
| २९ | बोझो | *Acorus calamus* | ६५ | सर्पगन्धा | *Raulwolfia serpentina* |
| ३० | तितेपाती | *Artemisia spp.* | ६६ | राती गेडि | *Abrus pricatorius* |
| ३१ | काकरसिंगी | *Insect gall on pistacia integerrima* | ६७ | सिकाकाई | *Acacia consina* |
| ३२ | सल्लाको खोटो (फल खोटो) | *Pinus roxburghii* | ६८ | मह | *Bee honey* |
| ३३ | पानी अमला | *Nephrolepis cordifilia* | ६९ | वन लसुन | *Allium walichii* |
| ३४ | टुकीफुल | *Taraxacum officinale* | ७० | इन्द्र जौ | *Holarrhena antidysentrica* |
| ३५ | बुकी फुल | *Gnaphalium, Anaphalis* | ७१ | काउसो | *Mucuna pruuita* |
| ३६ | उतिस | *Aconitum heterophyllum* | ७२ | निरमसी | *Deliphinium denudatum* |
| | | | ७३ | चिउरी | *Bassia butyracea* |

## अनुसूची ५ : संरक्षित वनको मध्यवर्ति र प्रभावित क्षेत्रका सामुदायिक वन उपभोक्ता समुहको विवरण

| क्र. सं. | सामुदायिक वन उपभोक्ता समुहको नाम | ठेगाना | सब डिभिजन | CFUG NEW Code | Approval date | Area (ha.) | Hhs. | OP revised date | OP Duration (Yr) | जनसंख्या महिला | जनसंख्या पुरुष | समिति महिला | समिति पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाखुरे | थवाङ-४ | सुनछहरी | ROL/SN/06/01 | २०६५-०३-३१ | १५८.८६ | ५८ | २०७७-०३-२६ | १० | १७८ | १७० | ४ | ५ |
| २ | वेसारेभिर तिकुर खोला | थवाङ-४ | सुनछहरी | ROL/SN/06/02 | २०६५-०३-१२ | १२.६१ | १०६ | २०७७-०३-२६ | १० | २६० | २७० | ४ | ५ |
| ३ | लुंगाफो भुल्कुटी काटे | थवाङ-४ | सुनछहरी | ROL/SN/06/03 | २०६९-०३-२२ | १०२ | ५१ | २०६९-०३-२२ | ५ | १५६ | १५५ | ४ | ५ |
| ४ | टिकाचुली हरियाली | थवाङ-४ | सुनछहरी | ROL/SN/06/04 | २०६९-०३-२२ | ७२.९९ | ३६ | २०७७-०३-२६ | १० | १०९ | १०५ | ३ | ६ |
| ५ | जैलेपानी छेतुवारी | थवाङ-४ | सुनछहरी | ROL/SN/06/05 | २०६९-०४-११ | ११६.१ | ४२ | २०६९-०४-११ | ५ | १३४ | १५३ | ५ | ६ |
| ६ | सांझाखोला | थवाङ-४ | सुनछहरी | ROL/SN/06/06 | २०६९-०६-१६ | २१८.८६ | ९५ | २०७५-०३-२६ | ५ | २६३ | २७१ | ४ | ७ |
| ७ | हादिगोर खोर | थवाङ-४ | सुनछहरी | ROL/SN/06/07 | २०७२-०३-२१ | ३१.७२ | ६५ | २०७९-०३-३१ | १० | १९० | १९४ | ५ | ६ |
| ८ | नौधारे तिवाङखोला | थवाङ-५ | सुनछहरी | ROL/SN/06/08 | २०७६-०१-०६ | ४११ | ९९ | २०७९-०३-३१ | ५ | २५२ | २६५ | ४ | ५ |
| ९ | झाङखाङ धारा | सुनछहरी-७ | सुनछहरी | ROL/SN/07/07 | २०६५-०३-३१ | १२.३३ | ३७ | २०७७-०३-२६ | १० | ९५ | ९० | ५ | ४ |
| १० | खिवाङधारा | सुनछहरी-७ | सुनछहरी | ROL/SN/07/08 | २०६६-०३-२२ | ९.७८ | ६५ | २०७७-०३-२६ | १० | २१० | २०९ | ४ | ५ |
| ११ | मुलाखर्क | सुनछहरी-७ | सुनछहरी | ROL/SN/07/09 | २०६७-०३-२३ | ७.०६ | ६१ | २०७७-०३-२६ | १० | २०० | २१८ | ४ | ५ |
| १२ | सुकिदह | परिवर्तन-१ | जलजला | ROL/JL/05/01 | २०५२/३/३२ | ५५.६५ | ७५ | २०७९-१०-१२ | १० | २१० | १७० | ५ | ६ |
| १३ | धुपिखोला | परिवर्तन-१ | जलजला | ROL/JL/05/02 | २०६६-०३-१८ | ३८.९८ | ८० | २०७९-०३-२७ | १० | २२० | १८० | ३ | ६ |
| १४ | धुपिनेटा पखेरा | परिवर्तन-१ | जलजला | ROL/JL/05/03 | २०६६-०३-१८ | १४७ | ३६ | २०७९-०३-२७ | १० | १३१ | ११९ | ५ | ४ |
| १५ | साउनेपानी | परिवर्तन-१ | जलजला | ROL/JL/05/04 | २०६६-०३-१८ | ७५.८६ | ८० | २०७९-०३-२७ | १० | ३५० | ३०० | ७ | ६ |
| १६ | वथानखोला | परिवर्तन-१ | जलजला | ROL/JL/05/05 | २०६७-०३-१० | ३१.४५ | ४२ | २०७९-०३-२७ | १० | ११५ | ११० | २ | ५ |
| १७ | धुपिगैरा | परिवर्तन-१ | जलजला | ROL/JL/05/06 | २०६८-०२-११ | ९२.१५ | ९० | २०७९-०३-२७ | १० | २९४ | २८० | ५ | ४ |
| १८ | घमेरी नमुँन्जा | परिवर्तन-१ | जलजला | ROL/JL/05/07 | २०७३-०३-२६ | १९७.८८ | १२० | २०७३-०३-२९ | ५ | ३४६ | ३४६ | ५ | ६ |
| १९ | घोसाङ कमीरेपानी | परिवर्तन-१ | जलजला | ROL/JL/05/54 | २०७९-०३-०५ | ९०.१ | ७० | २०७९-०३-०५ | १० | २५८ | २६१ | ६ | ७ |
| २० | जुर्वाङ | थवाङ-१ | जलजला | ROL/JL/06/01 | २०६५-०३-३१ | २.०९ | ४७ | २०८३/०२/२९ | १० | १२५ | ११९ | ७ | ६ |
| २१ | वाजादाया | थवाङ-१ | जलजला | ROL/JL/06/02 | २०६५-०३-३१ | १०.७ | २९ | २०७३-१०-११ | १० | ६८ | ७१ | ६ | ५ |

| क्र. सं. | सामुदायिक वन उपभोक्ता समुहको नाम | ठेगाना | सब डिभिजन | CFUG NEW Code | Approval date | Area (ha.) | Hhs. | OP revised date | OP Duration (Yr) | जनसंख्या महिला | जनसंख्या पुरुष | समिति महिला | समिति पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | रिखोला | थवाङ-१,२ | जलजला | **ROL/JL/06/03** | २०६५-०३-३१ | २१.९७ | २०३ | २०७८-०३-३१ | १० | ४४९ | ५२७ | ३ | १० |
| २३ | सेरपाका | थवाङ-२ | जलजला | **ROL/JL/06/04** | २०६५-०३-३१ | ६.१५ | १०२ | २०७३-१०-११ | १० | २९७ | ३०९ | ५ | ६ |
| २४ | दोठेगैरा | थवाङ-२ | जलजला | **ROL/JL/06/05** | २०६६-०३-१८ | २५.६२ | ३३ | २०७३-१०-११ | १० | ९४ | ९९ | ६ | ५ |
| २५ | छहरा | थवाङ-३ | जलजला | | २०८३-०३-३१ | १७८ | २८ | नयाँ | १० | ३२ | ३० | ६ | ५ |
| २६ | धुमा | थवाङ-२ | जलजला | **ROL/JL/06/06** | २०६६-०३-१८ | ५८.११ | ६० | २०७३-१०-११ | १० | १३६ | १४५ | ५ | ६ |
| २७ | धुपिखाङ छाप | थवाङ-१ | जलजला | **ROL/JL/06/07** | २०६६-०३-२३ | ७०. | ५२ | २०७९-०३-२७ | १० | १४० | १२० | १ | ८ |
| २८ | सिर्पखोला | थवाङ-२ | जलजला | **ROL/JL/06/08** | २०६७-०३-२१ | १९९.८५ | ४० | २०७३-१०-११ | १० | ११६ | ९६ | ६ | ५ |
| २९ | दिपज्योति | थवाङ-१ | जलजला | **ROL/JL/06/09** | २०६७-०३-२१ | ४८ | ७८ | २०७९-०३-२७ | १० | १५९ | १५३ | ४ | ९ |
| ३० | सिमारेखा | थवाङ-१ | जलजला | **ROL/JL/06/10** | २०७३-११-१८ | १३८.७७ | ४९ | २०८३/०२/२९ | १० | १३६ | १२३ | ५ | ६ |
| ३१ | कोइजावाङ | थवाङ-२ | जलजला | **ROL/JL/06/11** | २०७५-०३-३१ | २२.२७ | ५५ | २०८०-०३-१८ | १० | २०० | १३७ | ५ | ६ |
| ३२ | बसाडो | थवाङ-३ | जलजला | **ROL/JL/06/12** | २०६५-०३-३१ | १९.५२ | ३६ | २०७२-०३-०१ | ५ | ८३ | ९८ | ५ | ४ |
| ३३ | तम्घास | थवाङ-३ | जलजला | **ROL/JL/06/13** | २०६५-०३-३१ | २०.६३ | ५५ | २०७९-१०-१२ | १० | २२० | १८० | ४ | ५ |
| ३४ | वारीखाङ | थवाङ-३ | जलजला | **ROL/JL/06/14** | २०६५-०३-३१ | १०.११ | २४ | २०७९-०३-२७ | १० | ६२ | ६० | ५ | ४ |
| ३५ | कोन्टे | थवाङ-३ | जलजला | **ROL/JL/06/15** | २०६५-०३-३१ | १६.९१ | ३७ | २०७७-०३-२६ | १० | १३० | १३२ | ३ | ८ |
| ३६ | जनजागरण | थवाङ-३ | जलजला | **ROL/JL/06/16** | २०६६-०१-२४ | २६.४७ | ४२ | २०७९-०३-२७ | १० | १०० | ७६ | ४ | ५ |
| ३७ | मलवा ओडार | थवाङ-३ | जलजला | **ROL/JL/06/17** | २०६६-०३-१८ | १३१.५८ | ५२ | २०७९-०३-२७ | १० | १५४ | १४६ | ४ | ४ |
| ३८ | घोराकान्दे | थवाङ-३ | जलजला | **ROL/JL/06/18** | २०६६-०३-१८ | २२८.१५ | ५८ | २०७९-०३-२७ | १० | १८० | १७० | ४ | ५ |
| ३९ | धरमपानी | थवाङ-३ | जलजला | **ROL/JL/06/19** | २०६८-०२-११ | २०६.७८ | ५५ | २०८०-०३-१७ | १० | १६० | १९० | ४ | ४ |
| ४० | वाग्मा हरियाली | थवाङ-३ | जलजला | **ROL/JL/06/20** | २०७१-१२-११ | ८६.१४ | ७१ | २०८३/०२/२९ | १० | १४३ | १३२ | ५ | ६ |
| ४१ | नमुन्जा हरियाली | थवाङ-३ | जलजला | **ROL/JL/06/21** | २०७२-०३-२७ | १४४ | ११९ | २०७९-०३-२७ | १० | २५१ | २२५ | ४ | ७ |
| ४२ | जवार | थवाङ-३ | जलजला | **ROL/JL/06/22** | २०७४-०३-३० | ९८.५१ | ५६ | २०७४-०३-३० | ५ | ५९ | ७४ | ३ | ७ |
| ४३ | सुर्केडाँडा | थवाङ-१ | जलजला | **ROL/JL/06/23** | २०७९-०३-२७ | ६.७४ | ४३ | २०७९-०३-२७ | १० | १०९ | १०९ | २ | ५ |
| ४४ | मझुवाखोला | थवाङ-२ | जलजला | **ROL/JL/06/24** | २०८०-०३-१८ | १०१.६८ | ३४ | २०८०-०३-१८ | १० | १०५ | १०२ | ३ | ६ |
| ४५ | धनमुडा पैरालेउरे खर्क | रोल्पा न.पा.-१० | लिवाङ | **ROL/LW/10/20** | २०६४-०१-१२ | २७.९६ | ४३ | २०७३-११-१८ | १० | १२५ | १२८ | ४ | ५ |
| ४६ | सुनौलो सालघारी | रोल्पा न.पा.-१० | लिवाङ | **ROL/LW/10/21** | २०६४-०१-१२ | २०७ | १५३ | २०८१-०५-१८ | ५ | ३८४ | ४६३ | ७ | ६ |

| क्र. सं. | सामुदायिक वन उपभोक्ता समुहको नाम | ठेगाना | सब डिभिजन | CFUG NEW Code | Approval date | Area (ha.) | Hhs. | OP revised date | OP Duration (Yr) | जनसंख्या महिला | जनसंख्या पुरुष | समिति महिला | समिति पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४७ | नाइखोर्या जोगिनमारे | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/22 | २०६४-०२-१४ | १२५.०५ | १०२ | २०७६-०३-२७ | १० | २८६ | २४५ | ५ | ६ |
| ४८ | चिउरी धारा | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/23 | २०६४-०३-११ | १२७.७६ | ७१ | २०८१-०५-१८ | ५ | २३६ | २४० | ५ | ८ |
| ४९ | खस्रे धारा | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/25 | २०६४-०३-११ | ६३ | ६५ | २०७३-११-१८ | १० | १६५ | २०८ | ५ | ६ |
| ५० | खानीभिर | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/27 | २०६४-०३-१४ | ३३.६१ | ३१ | २०७६-०३-२७ | १० | ८० | ७७ | ६ | ५ |
| ५१ | धनतासे | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/29 | २०६४-०३-१५ | ३२.६६ | २१ | २०७६-०३-२७ | १० | ६२ | ५८ | ६ | ३ |
| ५२ | रानीवन सल्लेरी | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/30 | २०६५-०३-३० | १०६.२५ | ८८ | २०७६-०३-२७ | १० | २८४ | २५४ | २० | १ |
| ५३ | शिद्धथान सानी पोखरी महिला | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/31 | २०६९-०६-१६ | २५.० | १२८ | २०७६-०३-२७ | १० | ४०६ | ३७० | ९ | २ |
| ५४ | अधेंरी खोला महिला | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/32 | २०७०-०३-३० | २ | ७२ | २०७०-०३-३० | ५ | २३२ | २३८ | ९ | २ |
| ५५ | टापु | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/34 | २०७१-०३-१५ | १९५. | ९८ | २०७६-०३-२७ | १० | २८१ | २२१ | ५ | ६ |
| ५६ | लालीगुराँस | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/35 | २०७१-०३-१५ | ३३.६५ | ८४ | २०७६-०३-२७ | १० | ३०० | २०४ | ५ | ६ |
| ५७ | पेवा वल्दे दह | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/37 | २०७२-०३-१७ | २१५.८ | ८५ | २०७९-०३-०५ | ५ | १८३ | २०४ | ७ | ४ |
| ५८ | झ्याङखोला | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/38 | २०७३-०३-३० | ४९.८१ | ३७ | २०७९-०३-३१ | १० | १०७ | ११४ | ४ | ५ |
| ५९ | जलजला धरमपानी | रोल्पा न.पा.-१० | लिवाङ | ROL/LW/10/39 | २०७३-०३-३० | २९० | ७२ | २०७९-०३-०५ | ५ | २२४ | २४९ | ६ | ७ |
| ६० | गर्पा | रोल्पा न.पा.-९ | लिवाङ | ROL/LW/10/40 | २०५१-०३-१० | २७७.३६ | १३५ | २०८१-०५-१८ | ५ | ३९४ | ३९९ | ५ | ४ |
| ६१ | सालघारी रानीवन | रोल्पा न.पा.-९ | लिवाङ | ROL/LW/10/42 | २०५६-०३-११ | २८५.५९ | ११३ | २०८३-०३-३२ | १० | २५४ | २९४ | ७ | ४ |
| ६२ | सल्लेरी | रोल्पा न.पा.-९ | लिवाङ | ROL/LW/10/45 | २०६४-०३-१४ | १०४.७ | १६६ | २०७७-०३-२६ | १० | ४६२ | ४३५ | २ | ७ |
| ६३ | झारवाङ सिङकुङ पाल्पा | रोल्पा न.पा.-९ | लिवाङ | ROL/LW/10/46 | २०६५-०३-३० | १४.२४ | २४ | २०७७-०३-२६ | १० | ७४ | ६३ | १ | १० |
| ६४ | नैमापातल | रोल्पा न.पा.-९ | लिवाङ | ROL/LW/10/48 | २०६५-११-३० | १३ | ७८ | २०८३/०३/३२ | १० | २०२ | २०१ | ५ | ६ |
| ६५ | भांडेधुरी घमेरीखाल | रोल्पा न.पा.-९ | लिवाङ | ROL/LW/10/49 | २०६९-०३-२४ | ६५.९ | १०९ | २०७६-०३-१७ | १० | १०९ | ३३७ | ३ | ८ |
| ६६ | धर्मेखुटी धरमशाला | रोल्पा न.पा.-९ | लिवाङ | ROL/LW/10/50 | २०७०-०३-१४ | ४७ | ८१ | २०७९-०३-३१ | ५ | २४७ | २३८ | ४ | ५ |
| ६७ | सिरी सालघारी | रोल्पा न.पा.-९ | लिवाङ | ROL/LW/10/51 | २०७०-०३-१९ | ६७.५३ | ६० | २०७९-०३-३१ | ५ | १४५ | १३७ | ४ | ५ |

| क्र. सं. | सामुदायिक वन उपभोक्ता समुहको नाम | ठेगाना | सव डिभिजन | CFUG NEW Code | Approval date | Area (ha.) | Hhs. | OP revised date | OP Duration (Yr) | जनसंख्या महिला | जनसंख्या पुरुष | समिति महिला | समिति पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६८ | इन्द्रेणी | रोल्पा न.पा.-९ | लिवाङ | **ROL/LW/10/52** | २०७०-०३-२३ | १४१.५७ | ३६ | २०७६-०३-२७ | १० | ९९ | ९१ | ८ | ३ |
| ६९ | सल्लेरी | रोल्पा न.पा.-९ | लिवाङ | **ROL/LW/10/56** | २०७३-११-१८ | ६३.२५ | ८१ | २०७९-१०-१२ | १० | १८९ | १९८ | ५ | ६ |
| ७० | डाङडुङ | रोल्पा न.पा.-८ | लिवाङ | **ROL/LW/10/59** | २०५३-०३-२४ | ५१ | ६६ | २०७९-०३-३१ | १० | १५२ | १६५ | ६ | ५ |
| ७१ | सल्लेरी पाखा | रोल्पा न.पा.-८ | लिवाङ | **ROL/LW/10/61** | २०५६-०३-२४ | ३५.२४ | ४८ | २०७९-०३-३१ | ५ | १०४ | ८८ | ६ | ५ |
| ७२ | सल्लीगैरा माण्डलीप | रोल्पा न.पा.-८ | लिवाङ | **ROL/LW/10/62** | २०५६-०३-२४ | ३९.८१ | ८९ | २०७७-०३-२६ | १० | १३५ | १४३ | ४ | ७ |
| ७३ | लालीगुराँस | रोल्पा न.पा.-८ | लिवाङ | **ROL/LW/10/63** | २०५६-०३-२४ | ४९.६९ | ५८ | २०७९-०३-३१ | ५ | १८० | १६२ | ४ | ७ |
| ७४ | थाडेपाखा | रोल्पा न.पा.-८ | लिवाङ | **ROL/LW/10/64** | २०५६-०३-२४ | २१.२१ | ४१ | २०७९-०३-३१ | ५ | १२७ | ११४ | ४ | ५ |
| ७५ | सिद्धथान | रोल्पा न.पा.-८ | लिवाङ | **ROL/LW/10/65** | २०६५-०३-३१ | १४.५ | ४६ | २०७९-०३-३१ | १० | १४० | ११८ | ४ | ३ |
| ७६ | लालीगेंरास स्याला सल्लेरी | रोल्पा न.पा.-८ | लिवाङ | **ROL/LW/10/66** | २०६६-११-२८ | १०८.८४ | ८९ | २०७९-०३-३१ | ५ | ३०६ | ३२७ | ४ | ५ |
| ७७ | चिउरी | रोल्पा न.पा.-८ | लिवाङ | **ROL/LW/10/67** | २०६९-०३-२३ | ७.२ | ५० | २०७६-०३-१७ | १० | १४६ | १३४ | ४ | ५ |
| ७८ | तामाखानी | रोल्पा न.पा.-८ | लिवाङ | **ROL/LW/10/68** | २०७०-०३-२४ | १०६ | २७ | २०७९-०३.३१ | १० | ७५ | ८४ | ६ | ५ |
| ७९ | सिल्कुङ खोला | रोल्पा न.पा.-८ | लिवाङ | **ROL/LW/10/69** | २०७१-०३-१७ | ६.४६ | २३ | २०७९-०३-३१ | १० | ६१ | ६४ | ८ | १ |
| ८० | भेरीखोला धुपिढले | रोल्पा न.पा.-८ | लिवाङ | **ROL/LW/10/121** | २०८०-०३-२० | ८३.८८ | २८ | २०८०-०३-२० | १० | ७७ | ७९ | ६ | १० |
| | | जम्मा | | | | ६८९९.१६३ | ५३६४ | | | १४७१२ | १४६३३ | ३९६ | ४३८ |

**जनसंख्या महिला १४१७२** **जनसंख्या पुरुष १४६३३** **समिति महिला ३९६** **समिति पुरुष ४३८**

## अनुसूची ६ : संरक्षित वनको मध्यवर्ति र प्रभावित क्षेत्रका कबुलियत वन उपभोक्ता समुहको विवरण

| क्र.सं. | कवुलियती वन उपभोक्ता समूहको नाम | सव डिभिजन | ठेगाना | क्षेत्रफल (हे.) | घरधुरी संख्या | क.व. हस्तान्तरण भएको मिति | नविकरण गरिएको मिति | जनसंख्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | पुरुष |
| १ | झकेबाङ | जलजला | थबाङ गा.पा. १ | ९.७९ | १९ | २०६९-०३-२२ | | ५५ | ५७ |
| २ | तात्के | जलजला | थवाङ गा.पा. २ | ०.९१ | १५ | २०६८-०३-२१ | २०७६-०३-३१ | ४० | ४८ |
| ३ | गल्चो | जलजला | थवाङ गा.पा. ३ | ७.२१ | १३ | २०६८-०३-२५ | २०८०-०२-२८ | ५३ | ५४ |
| ४ | जुगेपानी | जलजला | थवाङ गा.पा. ३ | १.३२ | १५ | २०६८-०३-२१ | २०७६-०३-३१ | ४३ | ५६ |
| ५ | किसाच | जलजला | थवाङ गा.पा. ३ | १.९३ | ७ | २०८३-०३-०१ | नयाँ | २० | २९ |
| ६ | मौरीघाट | सुनछहरी | थवाङ गा.पा. ५ | १.२६ | १९ | २०६६-०३-२२ | २०७४-०३-३० | १६ | १५ |
| ७ | जुसेबाङ | सुनछहरी | थवाङ गा.पा. ४ | २.१६ | ७ | २०६६-०३-२२ | २०७४-०३-३० | २१ | २२ |
| ८ | चाम्पखोला | सुनछहरी | थवाङ गा.पा. ४ | १.६ | १० | २०६६-०३-२२ | २०८०-०१-१८ | ४० | २६ |
| ९ | नौघारी खोला | सुनछहरी | थवाङ गा.पा. ५ | १.२ | ९ | २०६७-०३-१८ | २०८०-०१-१८ | १९ | २० |
| १० | जेडान्द | सुनछहरी | थवाङ गा.पा. ५ | ३.४ | १४ | २०८३-०३-०१ | नया | ५० | ३६ |
| ११ | जिघम डांडा | जलजला | परिवर्तन गा.पा. १ | २.०५ | ८ | २०६८-०३-२१ | २०७६-०३-३१ | २९ | ३१ |
| १२ | सुनौलो गैरा | लिवाङ | रोल्पा न.पा. ९ | १.२५ | १५ | २०६३-०७-०१ | २०७९-०३-३१ | ४२ | ३७ |
| १३ | चुत्रागैरा | लिवाङ | रोल्पा न.पा. ९ | १ | ६ | २०६३-०७-०१ | २०७७-०३-२६ | १४ | १५ |
| १४ | काफलगैरा | लिवाङ | रोल्पा न.पा. ९ | ०.७७ | ५ | २०६३-०७-०१ | २०७७-०३-२६ | १२ | १३ |
| १५ | खैरेनी पाखा | लिवाङ | रोल्पा न.पा. ९ | ०.६६ | ७ | २०६३-०७-०१ | २०७७-०३-२६ | १८ | १६ |
| १६ | पहरा | लिवाङ | रोल्पा न.पा. ९ | १.२ | ६ | २०६४-०३-१५ | | २५ | २८ |
| १७ | गैरिखोला | लिवाङ | रोल्पा न.पा. ९ | ०.८६ | ५ | २०६४-०३-१५ | | १८ | २१ |
| १८ | माखोला | लिवाङ | रोल्पा न.पा. ९ | १.३१ | ८ | २०६४-०३-१५ | २०७७-०३-२६ | २४ | १८ |
| १९ | भिरबारी | लिवाङ | रोल्पा न.पा. ९ | १.१ | १५ | २०६४-०३-१५ | २०७७-०३-२६ | ३८ | ४३ |
| २० | हसियाँ उदाउनेधारा | लिवाङ | रोल्पा न.पा. ९ | ०.५ | १५ | २०६४-०३-१५ | २०७९-०३-३१ | ४२ | ३७ |
| २१ | गंगते | लिवाङ | रोल्पा न.पा. ९ | २.५२ | १५ | २०६६-०२-२१ | २०७९-०३-३१ | ४९ | ४५ |
| २२ | कालेछहरा | लिवाङ | रोल्पा न.पा. ९ | ३.६२ | १५ | २०६७-०३-१८ | २०७९-०३-३१ | ४८ | ४४ |
| २३ | खुर्सानीबारी | लिवाङ | रोल्पा न.पा. ९ | ०.५७ | ७ | २०६७-०३-१८ | २०७२-०३-३० | ३३ | ३४ |
| २४ | धुपिथान | लिवाङ | रोल्पा न.पा. ९ | ३.१ | ११ | २०६७-०३-१८ | २०७९-०३-३१ | ४९ | ४३ |
| २५ | हाङदुङ | लिवाङ | रोल्पा न.पा. ९ | ४.१८ | ७ | २०६६-०२-२१ | २०७९-०३-३१ | १२ | ३३ |
| | जम्मा | | | ५५.५ | २७३ | | | ८१० | ८२१ |

## अनुसूची ७ : आ.व. ०८२/०८३ मा प्रस्तावित जलजला संरक्षित वनको क्षेत्र भित्र संचालन भएका कार्यक्रमहरुको विवरण

| कार्यक्रमको नाम | कार्यक्रम संचालन स्थान | कार्यक्रम संचालन मिति | ब्राह्मण, क्षेत्री, सन्यासी, ठकुरी | आदिवासी, जनजाति तथा लोपोन्मुख | दलित | अन्य | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| जलजला संरक्षित वन क्षेत्रभित्र रहेका सामुदायिक तथा कबुलियती वनहरुसँग संरक्षित वन सम्बन्धी अन्तरक्रिया गोष्ठी/तालिम | रोल्पा न.पा ९ | २०८३।०१।२२ | ३ | २० | २ | ० | ९ | १६ | २५ |
| | रोल्पा न.पा ८ | २०८३।०१।२३ | ८ | १३ | ४ | ० | १२ | १३ | २५ |
| | रोल्पा न.पा १० | २०८३।०१।२४ | १६ | ९ | १ | ० | १० | १६ | २६ |
| | सुनछहरी गा.पा. ०७ | २०८३।०१।२७ | ५ | १७ | ५ | ० | ७ | २० | २७ |
| | थवाङ गा.पा. ३ | २०८३।०२।०६ | ३ | २१ | ४ | १ | १६ | १३ | २९ |
| | परिवर्तन गा.पा. १ | २०८३।०२।०९ | ६ | १९ | २ | १ | ७ | २१ | २८ |

| कार्यक्रमको नाम | कार्यक्रम संचालन स्थान | कार्यक्रम संचालन मिति | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|---|
| जलजला संरक्षित वन सम्बन्धी स्कुल शिक्षा कार्यक्रम | श्री रोल्वाङ मा.वि. सुनछहरी गा.पा. ०७ | २०८३।०१।२८ | ३० | ६२ | ९२ |
| | श्री बागेश्वरी मा.वि रोल्पा न.पा ९ | २०८३।०१।२९ | ४४ | ३६ | ८० |
| | श्री गुरुदय मा.वि. रोल्पा न.पा १० | २०८३।०१।३० | २७ | ३४ | ६१ |
| | श्री जनकल्याण मा.वि. परिवर्तन गा.पा. १ | २०८३।०२।०४ | २४ | ४८ | ७२ |
| | श्री हिमालय फूलबारी मा.वि थवाङ गा.पा. ३ | २०८३।०२।०७ | २३ | ३५ | ५८ |
| | श्री वीर बलभद्र मा.वि थवाङ गा.पा. १ | २०८३।०२।०८ | २५ | ३१ | ५६ |

| क्र.सं. | सा.व.उ.स.को नाम | ठेगाना | सब डिभिजन | Area (ha.) | Hhs. | OP revised date | OP Duration (Yr) | जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | जुर्वाङ | थवाङ-१ | जलजला | २.०९ | ४७ | २०८३/०२/२९ | १० | २४४ |
| २ | सिमारेखा | थवाङ-१ | जलजला | १३८.७७ | ४९ | २०८३/०२/२९ | १० | २५९ |
| ३ | वाग्मा हरियाली | थवाङ-३ | जलजला | ८६.१४ | ७१ | २०८३/०२/२९ | १० | २७५ |
| ४ | सालघारी रानीवन | रोल्पा न.पा.-९ | लिवाङ | २८५.५९ | ११३ | २०८३-०३-३२ | १० | ५४८ |
| ५ | नैमापातल | रोल्पा न.पा.-९ | लिवाङ | १३ | ७८ | २०८३/०३/३२ | १० | ४०३ |
| | | | | ५२५.०९ | ३५८ | | | १७२९ |

## अनुसूची ८ : प्रस्तावित जलजला संरक्षित वन परिषद् तदर्थ समिति रोल्पाको पदाधिकारीहरुको नामावली तथा सम्पर्क नम्बर

| सि.नं. | पद | नाम | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | संयोजक | श्री ऋषिकेशव वुढा मगर | थवाङ गाउँपालिका, थवाङ | ९८४५६१७७९२ |
| २ | सदस्य | श्री सुरेन्द्र थापा घर्ति | रोल्पा नगरपालिका लिवाङ | ९८५७८२२०८५ |
| ३ | सदस्य | श्री सुक वहादुर वुढा मगर | परिवर्तन गाउँपालिका पुत्लाचौर | ९८५७८३४११३ |
| ४ | सदस्य | श्री धन वहादुर पुन मगर | सुनछहरी गाउँपालिका पोवाङ | ९८६६२४८३२८ |
| ५ | सदस्य | श्री सरिता पुन | सुनछहरी गाउँपालिका पोवाङ | ९८६४९६०३३४ |
| ६ | सदस्य | श्री जुन कुमारी पुन | थवाङ गाउँपालिका थवाङ | ९८४९०२६०२० |
| ७ | सदस्य | श्री सुनिता आचार्य | रोल्पा नगरपालिका लिवाङ | ९८६८२२२६११ |
| ८ | सदस्य | श्री जुनु कुमारी वुढा | परिवर्तन गाउँपालिका पुत्लाचौर | ९८६४७१७१२४ |
| ९ | सदस्य | श्री मानसिङ डाँगी | सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला शाखा रोल्पा | ९८६६९८२१९८ |
| १० | सदस्य | श्री सरस्वती गिरी | सुनौलो गैरा कवुलितती वन उपभोक्ता समुह रोल्पा ९ ह्रमा | ९८६६९८५५३३ |
| ११ | सदस्य | सचिव श्री टेकन प्रसाद आचार्य | डिभिजन वन कार्यालय, रोल्पा | ९८५७८७७०१८ |

## प्रस्तावित जलजला संरक्षित वन परिषद् तदर्थ समिति रोल्पाको कर्मचारीको नाम तथा सम्पर्क नम्बर

| सि.नं. | पद | नाम | कार्यालय | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | रेञ्जर | विमल डुम्रे | जलजला संरक्षित वन | ९८६७७३१८९३ |

## अनुसुची ९ : आ.व. २०८२।०८३ मा विनियोजित बजेट खण्डिकरण (ब्रेकडाउन) सम्बन्धी विवरण

आज मिति २०८२ साल पौष २१ गतेका दिन डिभिजन वन कार्यालय रोल्पाको आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जलजला संरक्षित वनको संरक्षण र व्यवस्थापन गर्नको लागि जलजला संरक्षित वन परिषदको तदर्थ समितिका संयोजक तथा थवाङ गाउँपालिकाका अध्यक्ष श्री ऋषिकेशव बुढा मगरज्यूको अध्यक्षता एवं जिल्ला समन्वय समितिको कार्यालय रोल्पाको समन्वय प्रमुख श्री सिता आचार्य ज्यूको प्रमुख आतिथ्यतामा तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसारको निर्णय सहित बैठक सम्पन्न गरियो।

**उपस्थिती**

संयोजक श्री ऋषिकेशव बुढा मगर, थवाङ गाउँपालिका थवाङ रोल्पा ।

सदस्य श्री सुरेन्द्र थापा घर्ति, रोल्पा नगरपालिका लिवाङ रोल्पा ।

सदस्य श्री सुक बहादुर बुढा मगर, परिवर्तन गाउँपालिका पुत्लाचौर रोल्पा ।

सदस्य श्री धन बहादुर पुन मगर, सुनछहरी गाउँपालिका पोवाङ रोल्पा

सदस्य श्री सरिता पुन, सुनछहरी गाउँपालिका पोवाङ रोल्पा ।

सदस्य श्री जुन कुमारी पुन, थवाङ गाउँपालिका थवाङ रोल्पा ।

सदस्य श्री सुनिता आचार्य, रोल्पा नगरपालिका लिवाङ रोल्पा ।

सदस्य श्री जुनु कुमारी बुढा, परिवर्तन गाउँपालिका पुत्लाचौर रोल्पा ।

सदस्य श्री मानसिङ्ग डाँगी, सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला शाखा रोल्पा ।

सदस्य श्री सरस्वती गिरी सुनौलो गैरा कबुलियती वन उपभोक्ता समुह रोल्पा ९ ह्मा ।

सदस्य सचिव श्री टेकन प्रसाद आचार्य, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

**विशेष आमन्त्रित**

समन्वय प्रमुख श्री सिता आचार्य, जिल्ला समन्वय समितिको कार्यालय, रोल्पा ।

प्र.जि.अ. श्री गंगा बहादुर क्षेत्री, जिल्ला प्रशासन कार्यालय, रोल्पा ।

डि.व.अ. श्री यज्ञमूर्ति खनाल, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

**अन्य उपस्थिति**

व.व.अ. श्री पूर्ण प्रसाद ढकाल, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

स.व.अ. श्री संजय कुमार मिश्र, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

लेखापाल श्री झक्कु प्रसाद आचार्य, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

व.प्र.स. श्री सोफिया खान, कर्मचारी प्रशासन शाखा, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा

सि.फ. श्री दीपेन्द्र बुढा, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

रेन्जर श्री विमल डुम्रे, डिभिजन वन कार्यालय लिवाङ रोल्पा ।

का.स. मेघराज उपाध्याय, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

का.स. रेशम बहादुर थापा मतवाला, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा

चौकीदार प्रकाश कवर, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

ह.स.चा. ईन्द्रजित पुरी, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

प्रस्तावहरु :

प्रस्ताव नं. १ : आ.व. २०८१।०८२ को प्रगति समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : प्रस्तावित जलजला संरक्षित वनको आ.व. २०८२।०८३ को स्वीकृत बजेट खण्डीकरण (ब्रेकडाउन) सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १ : प्रस्ताव नं. १ मा आ.व. ०८१।०८२ मा संरक्षित वनमा संचालन भएका कियाकलापहरुको प्रस्तुतिकरणबाट भए गरेका कियाकलापको बारेमा जानकारी प्राप्त भई समिक्षा गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं.२ माथि छलफल गर्दा डिभिजन वन कार्यालय रोल्पाको आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) तर्फको बजेट उप शिर्षक नं. ३२९९११२३ (क.सं.११.४.१७.१७३७) अन्तर्गत जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन (जलजला क्षेत्रमा जैविक विविधता संरक्षण कार्यक्रम) को लागि विनियोजित बजेट रु २० (बिस) लाख एवं वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम (प्रदेश) तर्फको बजेट उपशिर्षक नं. ३२९०००१७ (क.सं.११.४.१७.११४ ) अन्तर्गत जलजला क्षेत्र पर्यापर्यटन तथा वन संरक्षण कार्यक्रमको लागि विनियोजित वजेट रु १० (दश) लाख लाई तपसिल बमोजिमको कियाकलापमा खर्च गर्ने गरी खण्डीकरण (ब्रेकडाउन) गरियो ।

तपसिल

वजेट उपशिर्षक नं. ३२९९११२३, कोड नं. (क.सं. ११.४.१७.१७३७) जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन (जलजला क्षेत्रमा जैविक विविधता संरक्षण कार्यक्रम) तर्फ

| क.स. | कियापलाप | इकाई | परिमाण | अनुमानित रकम | स्थान |
|---|---|---|---|---|---|
| १ | संरक्षित वनमा निर्भर रहेका समुदायको लागि आयआर्जन कार्यक्रम (जडिबुटी खेती विस्तार)(विरुवा खरिद सतुवा, पदमचाल, टिमूर आदि) | स्थान | ४ | ४००००० | रोल्पा न.पा.<br>थवाङ गा.पा.<br>परिर्वतन गा.पा.<br>सुनछहरी गा.पा. |
| २ | संरक्षित वनमा निर्भर रहेका समुदायको लागि आयआर्जन कार्यक्रम (जडिबुटी खेती विस्तार) विरुवा ढुवानी | स्थान | ४ | १००००० | चार वटै पालिका |
| ३ | कार्यक्रम अनुगमन, समन्वय तथा सहजीकरण | एक बर्ष | | १२०००० | चार वटै पालिका |
| ४ | पर्यटकिय भवन घेरबार तथा मर्मत | प्याकेज | | ७८०००० | जलजला मन्दिर क्षेत्र |
| ५ | फोहर व्यवस्थापन (मेलाको समयमा) | प्याकेज | १ | ५०,००० | मेलाको समयमा |
| ६ | वन संरक्षण तथा वन डढेलो सम्बन्धि चेतनामूलक कियाकलापको लागि प्रचार प्रसार पोष्टर, पम्पलेट, ब्रोसर, लिफलेट प्रकाशन तथा वितरण | पटक | १ | ५०००० | चार वटै पालिका |
| ७ | जलजला संरक्षित क्षेत्रभित्र रहेका प्रमुख वनस्पति तथा वन्यजन्तुको विवरण तयारी | प्याकेज | १ | १००००० | |
| ८ | सामुदायिक वनको कार्ययोजना नविकरण | वटा | १० | ४००००० | संरक्षित क्षेत्र अन्तरगतका सा.वहरु |
| | जम्मा | | | २०००००० | |

बजेट उपशिर्षक नं. ३२९०००१७, कोड नं. (क.सं.११.४.१७.११४) अन्तर्गत जलजला क्षेत्र पर्यापर्यटन तथा वन संरक्षण कार्यक्रम तर्फ

| क.स. | क्रियापलाप | इकाई | परिमाण | अनुमानित रकम | स्थान |
|---|---|---|---|---|---|
| १ | जलजला संरक्षित वन क्षेत्रमा पर्ने सामुदायिक वन तथा कबुलियति वनहरु संग संरक्षित वन सम्बन्धी अन्तरक्रिया गोष्ठी/तालिम | पटक | ६ | १५०००० | चार वटै पालिका |
| २ | जलजला संरक्षित वन सम्बन्धी स्कुल शिक्षा कार्यक्रम | पटक | ६ | १२०००० | संरक्षित क्षेत्र अन्तरगतका मा.वि. स्कुलहरु |
| ३ | जलजला संरक्षित वन सम्बन्धी पुस्तिका प्रकाशन तथा वितरण | प्याकेज | १ | १००००० | |
| ४ | करार रेन्जरको तलब(चाडवाड खर्च सहित) | महिना | १३ | ४५१५०० | |
| ५ | घरभाडा | महिना | १२ | ४८००० | |
| ६ | प्रगति समिक्षा/परिषदको बैठक | पटक | ३ | १३०५०० | जिल्ला स्तरमा |
| | जम्मा | | | १०००००० | |

## अनुसुची १० : आ.व. २०८२।०८३ मा सम्पादित क्रियाकलापहरुको प्रगति समिक्षा सम्बन्धी बैठक

आज मिति २०८३ साल असार १७ गतेका दिन डिभिजन वन कार्यालय रोल्पाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व. २०८२।८३ मा प्रस्तावित जलजला संरक्षित वन क्षेत्रभित्र हाल सम्म सम्पादित क्रियाकलापहरुको प्रगति समिक्षा सम्बन्धी बैठक जलजला संरक्षित वन परिषदको तदर्थ समितिका संयोजक तथा थवाङ गाउँपालिका का अध्यक्ष श्री ऋषिकेशव वुढा मगर ज्यूको अध्यक्षता एवं जिल्ला समन्वय समितिको कार्यालयको समन्वय प्रमुख श्री सिता आचार्य ज्यूको प्रमुख आतिथ्यतामा तपसिल बमोजिमको उपस्थितिमा निम्नानुसारको निर्णय सहित बैठक सम्पन्न गरियो ।

<u>उपस्थिती</u>

संयोजक श्री ऋषिकेशव वुढा मगर, थवाङ गाउँपालिका थवाङ रोल्पा ।
सदस्य श्री सुरेन्द्र थापा घर्ति, रोल्पा नगरपालिका लिवाङ रोल्पा ।
सदस्य श्री सुक वहादुर वुढा मगर, परिवर्तन गाउँपालिका पुत्लाचौर रोल्पा ।
सदस्य श्री धन वहादुर पुन मगर, सुनछहरी गाउँपालिका पोवाङ रोल्पा
सदस्य श्री सरिता पुन, सुनछहरी गाउँपालिका पोवाङ रोल्पा ।
सदस्य श्री जुन कुमारी पुन, थवाङ गाउँपालिका थवाङ रोल्पा ।
सदस्य श्री सुनिता आचार्य, रोल्पा नगरपालिका लिवाङ रोल्पा ।
सदस्य श्री जुनु कुमारी वुढा, परिवर्तन गाउँपालिका पुत्लाचौर रोल्पा ।
सदस्य श्री मानसिङ डाँगी, सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला शाखा रोल्पा ।
सदस्य श्री सरस्वती गिरी सुनौलो गैरा कवुलिततो वन उपभोक्ता समुह रोल्पा ९ हमा ।
सदस्य सचिव श्री टेकन प्रसाद आचार्य, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

<u>आमन्त्रित</u>

समन्वय प्रमुख श्री सिता आचार्य, जिल्ला समन्वय समितिको कार्यालय, रोल्पा ।
प्र.जि.अ. श्री गंगा वहादुर क्षेत्री, जिल्ला प्रशासन कार्यालय, रोल्पा ।
डि.व.अ. श्री यज्ञमूर्ति खनाल, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

<u>अन्य उपस्थिती</u>

व.व.अ. श्री पूर्ण प्रसाद ढकाल, लिवाङ सव डिभिजन वन कार्यालय मेवाङ रोल्पा ।
व.व.अ. श्री संजय कुमार मिश्र, डिभिजन वन कार्यालय लिवाङ रोल्पा ।
व.अ.श्री नोमराज कडेल, माडी सव डिभिजन वन कार्यालय, रोल्पा ।
लेखापाल श्री झक्कु प्रसाद आचार्य, डिभिजन वन कार्यालय लिवाङ रोल्पा ।
व.प्र.स.श्री सोफिया खान, डिभिजन वन कार्यालय लिवाङ रोल्पा ।
रेन्जर श्री विमल डुम्रे, डिभिजन वन कार्यालय लिवाङ रोल्पा ।
सि.फ. श्री उमा के.सि, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।
सि.फ. श्री दीपेन्द्र वुढा, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।
का.स. श्री मेघराज उपाध्याय, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।
का.स. श्री रेशम वहादुर थापा मतवाला, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।
चौकीदार श्री प्रकाश कवर, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।
ईन्टर्न श्री निशा थापा, डिभिजन वन कार्यालय, लिवाङ रोल्पा ।

<u>प्रस्तावहरु :</u>

**प्रस्ताव नं. १** : आ.व. २०८२।०८३ को हाल सम्मको सम्पादित क्रियाकलापहरुको प्रगति समिक्षा सम्वन्धमा

**प्रस्ताव नं. २** : विविध

<u>निर्णयहरु</u>

**निर्णय नं. १** : आ.व. २०८२।०८३ मा संरक्षित वनमा संचालन भएका क्रियाकलापहरुको डिभिजनल वन अधिकृतज्यूबाट प्रस्तुतिकरण भइ हाल सम्म भए गरेका क्रियाकलापको बारेमा जानकारी प्राप्त भई समिक्षा गरियो । हाल सम्म लुम्बिनी प्रदेश सरकार, वन तथा वातावारण मन्त्रालय अन्तर्गत यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम तर्फको बजेट उपशिर्षक नं. ३२९०००१७ (क्र.सं. ११.४.१७.११४) अन्तर्गत जलजला क्षेत्र पर्यापर्यटन तथा वन संरक्षण कार्यक्रम तर्फ हालसम्मको प्रगति ९६.९६% भएको तथा राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) तर्फको बजेट उप शिर्षक नं. ३२९९११२३ (क्र.सं.११.४.१७.१७३७ ) अन्तर्गत जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन (जलजला क्षेत्रमा जैविक विविधता संरक्षण कार्यक्रम ) तर्फ हालसम्मको प्रगति ७५% भएको र बाँकी क्रियाकलापहरु कार्यान्वयन भइरहेको तथा अन्तिम भुक्तानीको चरणमा रहेको जानकारी प्राप्त गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं २ मा छलफल गरि प्रस्तावित जलजला संरक्षित वन क्षेत्रमा आगामी आ.व. मा गर्न सकिने क्रियाकलापहरुको बारेमा प्रारम्भिक छलफल गर्नुका साथै प्रस्तावित जलजला संरक्षित वनको कार्ययोजना स्वीकृतिका लागि सम्वन्धित निकायहरुसंग आवश्यक पहल गर्ने निर्णय गरियो।

## अनुसुची ११ : संरक्षित वन सम्बन्धी नक्साहरू

नक्सा नं. १.१ : संरक्षित वनको चारकिल्ला सहितको नक्सा




नक्सा नं. १.२ : संरक्षित वनको भू-उपयोगिता देखाइएको नक्सा



नक्सा नं. १.३ : संरक्षित वनमा पाइने वनको किसिम देखाइएको नक्सा




नक्सा नं. १.४ : संरक्षित वनको भू-वनोट (उचाई) देखाइएको नक्सा



नक्सा नं. १.५ : संरक्षित वन क्षेत्रको जलाधार क्षेत्र देखाइएको नक्सा




नक्सा नं. १.६ : संरक्षित वनको भिरालोपन देखाइएको नक्सा



नक्सा नं. १.७ : संरक्षित वनको भित्री, मध्यवर्ति र प्रभावित क्षेत्रको नक्सा




नक्सा नं. १.८ : संरक्षित वनको भित्री भाग (Core area) देखाइएको नक्सा



नक्सा नं. १.९ : संरक्षित वनको जैविक विविधता सम्बन्धि नक्सा




नक्सा नं. १.१० : संरक्षित वनमा रहेका पर्यटकीय स्थल तथा ट्रेकिङ्ग रुट नक्सा



# जलजला संरक्षित वन रोल्पाको सन्देश

कतै विना योजना हरियो रुख काट्दै त हुनुहुन्न ?

**एक पटक विचार गरौ ?**

» तपाई बाढी पहिरो निम्त्याउँदै हुनुहुन्छ ।

» तपाई पानीको मुहान सुकाउँदै हुनुहुन्छ ।

» तपाई सुख्खा खडेरी निम्त्याउँदै हुनुहुन्छ ।

» तपाई पृथ्वीको तापक्रम बढाउँदै हुनुहुन्छ ।

» तपाई प्राणवायु अक्सिजनको स्रोत विनाश गर्दै हुनुहुन्छ ।

» तपाईले रूखसँगै आफ्नै जीवन काट्दै हुनुहुन्छ ।

» आफ्ना सन्तानको सुरक्षित भविष्य काट्दै हुनुहन्छ ।

» तपाई आफ्नै जीवन संकटग्रस्त बनाउँदै हुनुहुन्छ ।

रूख तर्फ सोझिएको तपाईको हातको औजार कतै
तपाई कै भविष्य तर्फ त सोझिएको छैन ?
एक पटक विचार गरौं ____ ?

## वन जोगाऔं- आफ्नो भविष्य सुरक्षित गरौं

**डिभिजन वन कार्यालय**

**तथा**

**जलजला संरक्षित वन परिषद् तदर्थ समिति**

**रोल्पा**

# जलजला संरक्षित वन रोल्पाको अपील

जन्म देखि मृत्यू सम्म पनि चाहिने वन जंगलको संरक्षण गर्ने प्रत्येक नागरिकको दायित्व हो । गर्मी याममा वन जंगलमा लाग्ने डढेलोले वनस्पति, जीवजन्तु तथा तिनका वासस्थान समेत नष्ट पार्न सक्दछ । यसले वातावरणीय सन्तुलन खल्वल्याउँछ, जैविक विविधताको ह्रास गर्दछ र भू-क्षय एवं वाढी पहिरोलाई प्रोत्साहन गर्दछ ।

» वनमा आगो लगाउने मानिस यो सृष्टिमा सवै भन्दा अपराधी मानिस हो किनभने यसले लाखौ वनस्पति र करोडौं जीवजन्तुलाई एकै पटक मार्दछ ।

» एउटा रूखवाट करोडौं सलाईका काटी वन्दछन् तर एउटै सलाईको काटीले करोडौं रूखहरू क्षण भरमा नष्ट पार्दछ । त्यसैले सवै सचेत बनौं सलाई, लाईटर, चुरोटका ठुटा र अन्य आगलागीका सम्भावित वस्तुहरूको प्रयोग वन जंगलमा नगरौं, पिकनिक (वनभोज) पछि आगो राम्ररी निभाएर छाडौं, वन डढेलो लागीहाले मा सवैले मिलेर निभाऔं ।

## डिभिजन वन कार्यालय
तथा
## जलजला संरक्षित वन परिषद् तदर्थ समिति
रोल्पा

# जलजला संरक्षित वन रोल्पाको अनुरोध

- रूखको पात, फूल, फल, छायाँ, जरा, बोक्रा, सुगन्ध, चोप, मुना, कोइला सबै थोकले हाम्रो मनोकामना पूरा गरिरहेको छ ।
- एउटा रूख जो स्वयँ आँधी हुरी, खडेरी, शीत, बर्षा, सबै थोक सहेर पनि प्राणी जातिलाई सहारा दिन्छ र हाम्रो रक्षा गर्छ ।
- आफ्नो धन, विवेक, वाणी तथा कर्मद्वारा अरूको कल्याण गर्नु नै जीवनको सफलता हो, जुन कर्म एउटा रूखले गरिरहेको छ ।
- तर हामी कति कृतध्न छौं । आफ्नै जीवनको कल्याण गरिरहेको रूख काटिरहेका छौं । निहित स्वार्थका लागि वन विनाश गरिरहेको छौं ।
- मानिसको लागि वन जङ्गल भन्दा ठूलो तीर्थधाम अर्को कुनै छैन । त्यसैले आफ्नो घर वरिपरि रूख विरूवा रोपौं । रोपिएका विरूवाको संरक्षण गरौं

## वन जोगाऔं, पुण्य कमाऔं

**डिभिजन वन कार्यालय**

**तथा**

**जलजला संरक्षित वन परिषद् तदर्थ समिति**

**रोल्पा**

# जलजला संरक्षित वन रोल्पाको
# सार्वजनिक अनुरोध

» अतिवृष्टि, अनावृष्टि, बाढी पहिरोको प्रकोप निरन्तर बढीरहेको छ । हाम्रा गाउँ वस्ती असुरिक्षीत बन्दैछन् ।

» पानीका मुहानहरू सुक्दैछन् । खानेपानीको हाहाकार हुदैछ । खेतहरू बगर बन्दैछन् ।

» अत्यधिक इन्धनको प्रयोगका कारण निस्केको धूवाँले वायु प्रदूषित हुदैछ र हामीले फेर्ने प्राणवायु अर्थात अक्सिजन संकटमा छ । यसैले हाम्रो जीवन र हाम्रो भविष्य पनि संकटमा छ ।

» खोला नदीको फैलावट बढ्दैछ र खेतीयोग्य जमिन मरूभूमिमा परिणत हुँदैछ ।

» पृथ्वीको तापक्रम निरन्तर बढिरहेको छ र हामी नयाँ नयाँ रोगको प्रकोपमा परिरहेका छौं ।

**के यस विपत्तिको कुनै समाधान छैन त ?**

यसको एक मात्र समाधानको उपाय हो वन जङ्गलको संरक्षण र विकास

खाली जमिनमा विरूवा रोपौं ।
रोपेका विरूवा हुर्काऔ. ।
वन जङ्गलको संरक्षण गरौं ।

**आफू बाचौं र अरूलाई पनि बचाऔं ।**

# डिभिजन वन कार्यालय
तथा
# जलजला संरक्षित वन परिषद् तदर्थ समिति
**रोल्पा**

# जलजला संरक्षित वन रोल्पाको अपील

जन्म देखि मृत्यु पछि सम्म पनि चाहिने वन जंगलको संरक्षण गर्नु प्रत्येक नेपाली नागरिकहरुको दायित्व हो । गर्मी याममा वन जंगलमा लाग्ने डढेलोले सबैको मन खिन्न पार्ने गर्दछ । वन डढेलो बाट हुने प्रत्यक्ष वा अप्रत्यक्ष असरहरु र तीनबाट बच्ने उपायहरु निम्न छन् ।

१. वन डढेलो हाम्रो शत्रु हो, यसले वनस्पति, जीवजन्तु तथा तिनका वासस्थानलाई नोक्सान गर्छ, वातावरणीय सन्तुलन खल्वल्याउंछ,

**त्यसैले,**

**वन डढेलोबाट वन क्षेत्रलाई जोगाऔं,**

**लागी हालेमा निभाउने प्रयत्न गरौं ।**

२. वन डढेलोले वातावरणीय असन्तुलन निम्त्याउंछ, जैविक विविधताको ह्रास हुन मद्दत गर्छ, भू-क्षय, वाढी पहिरोलाई प्रोत्साहन गर्छ,

**त्यसैले,**

**होसियार रहौं, कतै हामीले चुरोटको ठुटा वनमा फाल्ने,**

**पिकनिक (वन भोज) सकिए पछि आगो निभाउन भुलेका त छैनौ ।**

३. घाँस पलाउँछ भन्ने लोभले कतै हामीले वनमा आगो लगाएका त छैनौ,
यसले वनमा आगो फैलिएर जंगल नै सखाप पारेको त छैन,
वनमा आगो लगाउने मानिस, यो श्रृष्टिमा सबैभन्दा पापी मानिस हो,

**किनभने,**

**यसले लाखौं वनस्पति तथा करोडौं जीवजन्तुलाई मार्दछ ।**

त्यसैले, सबै सचेत बनौं, सलाई, लाईटर, चुरोटका ठूटा जस्ता आगलागीका सम्भावित वस्तुहरुको प्रयोग वनक्षेत्रमा नगरौं, पिकनिक (वनभोज) पछि आगो निभाउँ, आगो लागी हालेमा सबै मिलेर निभाऔं ।

## डिभिजन वन कार्यालय

**तथा**

## जलजला संरक्षित वन परिषद् तदर्थ समिति

**रोल्पा**


जलजला संरक्षित वन क्षेत्रमा पाइने मुख्य वन्यजन्तु तथा वनस्पतिहरु
रेड पाण्डा
Red Panda/Lesser Panda
Ailurus Fulgens fulgens
IUCN : संकटापन्न (Endangered) CITES : Appendix I नेपालमा संरक्षित वन्यजन्तु
डाँफे
(Himalayan monal)
Lophophorus impejanus
IUCN : संकटको नजिक (Near Threatened) CITES : Appendix I
हिमाली गिद्ध
(Himalayan Griffon)
Gyps himalayensis
IUCN : संवेदनशील (Vulnerable) CITES : Appendix II
मुनाल
(Satyr tragopan)
Tragopan satyra
IUCN : संवेदनशील (Vulnerable) CITES : Appendix I रा.नि. तथा व.ज.सं.ऐन, २०२९ : संरक्षित
कालो चिमाल
(Rhododendron barbatum)
उपयोग:
चीर
(Cheer pheasant)
Catreus wallichii
IUCN : संकटापन्न (Endangered) CITES : Appendix I रा.नि. तथा व.ज.सं.ऐन, २०२९ : संरक्षित
लालीगुराँस
(Rhododendron arboreum)
उपयोग: काठ दाउरा, आयुर्वेदिक औषधि (उदररोग, रक्तविकार, विषविकार, ग्यास्ट्रिक), सजावट आदि ।
घोरल
(Himalayan goral)
Naemorhedus goral
IUCN : संकट नजिक (Near Threatened) CITES : Appendix I
निलो चिमाल
(Rhododendron companulatum)
उपयोग:
हिमाली कालो भालु
Himalayan Black Bear
Ursus Thibetanus
IUCN : संकटापन्न (Endangered) CITES : Appendix I
डिभिजन वन कार्यालय रोल्पा तथा जलजला संरक्षित वन परिषद् तदर्थ समिति
आ.व.: २०८२।०८३

## विभिन्न कार्यक्रमको केही तस्विरहरू













## ६. संरक्षित वनमा वन व्यवस्थापनका प्रयास

यस संरक्षित वन क्षेत्र अन्तर्गत रहेका वनहरुको व्यवस्थापन कार्यहरु तपसिल बमोजिम रहेका छन्।

### ६.१ सामुदायिक वन

यस संरक्षित वनको मध्यवर्ती तथा प्रभावित क्षेत्रमा रहेका टुक्रा–टाक्री वन क्षेत्रहरू स्थानीय समुदायलाई सामुदायिक वनका रूपमा हस्तान्तरण गरी व्यवस्थापन गरिएको छ। हाल यस संरक्षित वन क्षेत्रमा ८० वटा सामुदायिक वन रहेका छन्, जसले ६,७१८.९२ हेक्टर क्षेत्र ओगटेको छ र करिब ५,७२० घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। यी मध्ये थवाङ गाउँपालिकामा ३२ वटा, रोल्पा न.पा.मा ३७, परिवर्तन गा.पा. मा ८ र सुनछहरी गा.पा.मा ३ वटा सामुदायिक वन रहेका छन् ।

### ६.२ कबुलियती वन

संरक्षित वनको प्रभावित क्षेत्रमा २४ वटा गरीबमुखी कबुलियती वन कार्यक्रम अन्तर्गत हस्तान्तरण भई व्यवस्थापन भइरहेको छ। यी मध्ये थवाङ गाउपालिकामा ९ वटा, रोल्पा न.पा. मा १४ र परिवर्तन गा.पा.मा १ वटा कबुलियती वन रहेका छन्। आगामी दिनमा हैसियत बिग्रेका वन क्षेत्रहरू र सामुदायिक वनभित्रका गरीब समुदायलाई लक्षित गरी कबुलियती वन विस्तार गर्न सकिने सम्भावना देखिन्छ।

### ६.३ धार्मिक वन

यस क्षेत्रमा ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरू भए पनि हालसम्म संरक्षित वनभित्र धार्मिक वन हस्तान्तरण भएको छैन। उपयुक्त क्षेत्रहरूलाई धार्मिक वनका रूपमा विकास गरी संरक्षण तथा धार्मिक पर्यटनमार्फत स्थानीय जीविकोपार्जनमा योगदान दिन सकिने सम्भावना रहेको छ।

### ६.४ निजी वन

यस क्षेत्रमा निजी वन दर्ता र व्यवस्थापनको अभ्यास सीमित रहेको छ। हाल जिल्लामा ७ वटा निजी वन दर्ता भई १३.०३ हेक्टर क्षेत्रफलमा व्यवस्थापन भइरहेको छ, जसमध्ये २ वटा यस संरक्षित वनको प्रभावित क्षेत्रमा पर्दछन्। आगामी योजनामा निजी तथा कृषि वन प्रवर्द्धनलाई प्राथमिकता दिन उपयुक्त देखिन्छ।

### ६.५ लघु वन पैदावार (जडीबुटी)

यस संरक्षित वन क्षेत्रमा सतुवा, पदमचाल, पाँचऔंले, चिराइतो, सुगन्धवाल, टिमुर, तेजपात लगायत बहुमूल्य जडीबुटी पाइन्छन्। यी जडीबुटीको संरक्षण, दिगो संकलन र व्यवसायिक उपयोगमार्फत स्थानीय आम्दानी वृद्धि गर्ने उल्लेखनीय सम्भावना रहेको छ।

## ७. प्रशासकिय संगठनात्मक स्वरुप

जलजला संरक्षित वनको संरक्षण र व्यवस्थापन गर्नको लागि वि.सं. २०८० सालमा थवाङ गाउँपालिकाका अध्यक्ष श्री ऋषिकेशव बुढा मगरको संयोजकत्वमा ११ सदस्यिय जलजला संरक्षित वन परिषद तदर्थ समिति गठन भई डिभिजन वन कार्यालय रोल्पाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न क्रियाकलापहरु संचालन हुँदै आएका छन् ।

## ८. जलजला संरक्षित वनक्षेत्रका समस्या तथा चुनौतीहरु

यस संरक्षित वन क्षेत्रका मुख्य मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन्:

- भू क्षय तथा बाढी पहिरोको समस्या
- जथाभावी रुपमा ग्रामिण सडक निर्माण,
- खुला चरिचरण तथा पराम्परागत घुम्ती गोठ प्रणाली
- अवैध वन्यजन्तु चोरी सिकारी
- वन पैदावार चोरी निकासी
- पानीका मुहान तथा पोखरी सुक्दै जानु
- दलदल जमिन सुक्दै जानु
- अवैध तथा अवैज्ञानिक तरिकाले वन क्षेत्रबाट जडीबुटी संकलन हुनु
- गैरकाष्ठ तथा जडीबुटी उद्यमका लागि प्रशोधन तथा बजार निश्चित नहुनु
- संरक्षित वन क्षेत्रको वन संरक्षण कार्यमा सरकारी तवरबाट उचित ध्यान पुग्न नसक्नु
- फोहोर मैलाको वैज्ञानिक ढंगले व्यवस्थापन हुन नसक्नु

## ९. जलजला संरक्षित वनक्षेत्रका समस्या तथा चुनौती समाधान गर्ने उपायहरु

- बायो–इन्जिनियरिङ प्रविधिबाट पहिरो नियन्त्रण तथा जमिनको ढलान (Slope) स्थिरीकरण
- सडक निर्माण अघि वातावरणीय अध्ययन (IEE/EIA) अनिवार्य गर्ने
- चरिचरण क्षेत्र तोक्ने र वैकल्पिक घाँस तथा आहारा प्रवर्द्धन गर्ने
- सामुदायिक वन क्षेत्रमा गस्ती तथा प्रविधिमैत्री निगरानी प्रणाली विकास गर्ने
- वन पैदावारको डिजिटल अनुमति प्रणाली र अनुगमन कडाइ गर्ने
- पानीका मुहान संरक्षण, पुनर्भरण पोखरी र वर्षा पानी संकलन प्रवर्द्धन
- सिमसार तथा दलदल क्षेत्रको संरक्षण योजना कार्यान्वयन गर्ने
- जडीबुटीको दिगो संकलन सम्बन्धी मापदण्ड विकास गरी लागू गर्ने तथा क्षमता अभिवृद्धि र विस्तार गर्ने
- वन सहकारीमार्फत संकलित जडिबुटीको प्रशोधन, मूल्य श्रृंखला अभिवृद्धि र बजार विकास गर्ने
- संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय संयन्त्र स्थापना गर्ने
- मेला सञ्चालनको समयमा फोहोरमैला व्यवस्थापनमा 3R (Reduce, Reuse, Recycle) र कम्पोस्ट प्रणाली प्रयोग गर्ने

थप जानकारीका लागि सम्पर्क:
डिभिजन वन कार्यालय रोल्पा
वेभसाइट: www.dforolpa.lumbini.gov.np
Email: dforolpa12@gmail.com
फोन नं. ०८६ ४४०११२

# प्रस्तावित जलजला संरक्षित वन सम्बन्धी एक जानकारी



लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, रोल्पा**
तथा
**जलजला संरक्षित वन परिषद तदर्थ समिति रोल्पा**
आ.व. २०८२/८३

## १. वनको परिभाषा र प्रकार

वन ऐन, २०७६ अनुसार वन भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्रलाई जनाउँछ। वन क्षेत्र भन्नाले वनको सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वन भित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगर, प्रर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेतलाई बुझाउँछ । वन ऐन, २०७६ ले भू स्वामित्वका आधारमा वनलाई राष्ट्रिय वन र निजी वन गरी २ प्रकारमा विभाजन गरेको छ। राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र धार्मिक वन गरी राष्ट्रिय वन लाई ६ प्रकारमा वर्गीकरण गरेको पाइन्छ । लुम्बिनी प्रदेशको वन ऐन, २०७८ ले वन संरक्षण क्षेत्रलाई संरक्षित वनको रुपमा नामाकरण गरेको पाइन्छ।

## २ वन संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

वन ऐन २०७६ को दफा ११ को अधिनमा रही संघीय मन्त्रालयले प्रदेश मन्त्रालयको परामर्शमा राष्ट्रिय वनको कुनै भाग तथा सम्बन्धित भू-परिधीय क्षेत्रलाई सिमाङ्कन गरी विशेष कार्ययोजना बनाई वन संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सक्नेछ:

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको,

(ख) जलाधार संरक्षणको हिसाबले संवेदनशील देखिएको,

(ग) संरक्षित क्षेत्र बाहिर रहेका वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको, वा

(घ) पर्यापर्यटनको विकास गर्न उपयुक्त देखिएको ।

नेपालमा हाल ११ वटा संरक्षित वन/ वन संरक्षण क्षेत्र रहेका छन् । नेपालका विभिन्न प्रदेशमा अवस्थित महत्वपूर्ण वन संरक्षण क्षेत्रहरू यस प्रकार रहेका छन्: सुदूरपश्चिम प्रदेशमा कैलाली जिल्लाको बसन्ता र कैलाली-कञ्चनपुरमा फैलिएको लालझाडी-मोहना क्षेत्र गरी २ वटा रहेका छन्, कर्णाली प्रदेशमा सुर्खेतको काकेविहार वन संरक्षण क्षेत्र १ वटा रहेको छ भने लुम्बिनी प्रदेशमा गुल्मी जिल्लाका मदाने, रेसुङ्गा तथा थाप्ले-सत्यवती-सालिमेदह क्षेत्रहरू र बर्दिया जिल्लाको खाता क्षेत्र गरी ४ वटा वन संरक्षण क्षेत्र रहेको छ भने गण्डकी प्रदेशमा कास्की, पर्वत र स्याङ्जा जिल्लामा फैलिएको पञ्चासे वन संरक्षण क्षेत्र एक वटा रहेको छ, बागमती प्रदेशमा चितवनको बरण्डाभार तथा ललितपुर, काभ्रपलाञ्चोक र मकवानपुर जिल्लामा फैलिएको गोदावरी-फुलचोकी वन संरक्षण क्षेत्र पर्दछ र मधेश प्रदेशमा धनुषा जिल्लाको धनुषाधाम वन संरक्षण क्षेत्र रहेको छ।

### २.१ लुम्बिनी प्रदेशमा संरक्षित वन सम्बन्धी व्यवस्था

लुम्बिनी प्रदेश वन ऐन २०७८ बमोजिम संरक्षित वन सम्बन्धी व्यवस्था परिच्छेद ४ दफा १२ मा उल्लेखित छ । लुम्बिनी प्रदेशमा हालसम्म खाता, मदाने, रेसुङ्गा र थाप्ले सत्यवती सालिमेदह गरी ४ वटा वन संरक्षण क्षेत्र घोषणा भइसकेका छन् भने प्यूठानको गौमुखी, रोल्पाको जलजला र कपिलवस्तुको शिवगढी सुराइना गरी थप ३ वटा प्रस्तावित वन संरक्षण क्षेत्र / संरक्षित वनका रुपमा रहेका छन् ।

## ३. प्रस्तावित जलजला संरक्षित वनको विवरण

जलजला संरक्षित वन रोल्पा जिल्लाको सदरमुकाम लिवाङ देखी उत्तर-पूर्व तर्फ करिव ८० किलोमिटरको दुरीमा अवस्थित रहेको छ । यस वन क्षेत्र समुन्द्री सतह देखि ३२९५ मिटर उचाइमा सम्म फैलिएर रहेको छ । यस संरक्षित वन क्षेत्र दलदल जमिन (जलजला) को नामबाट करिब ४७ हजार हेक्टरमा फैलिएको छ । यहाँ उच्च पहाडी वन क्षेत्र र बुकी क्षेत्रहरु रहेको छ । यो क्षेत्र जैविक विविधता, प्राकृतिक श्रोत, प्राकृतिक सौन्दर्य, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक र धार्मिक दृष्टिकोणले पनि महत्वपूर्ण रहेको छ ।

### ३.१ भौगोलिक अवस्था

यो संरक्षित वन रोल्पा जिल्लाको थवाङ गाउँपालिकाका सबै (५ वटा वडाहरु), रोल्पा न.पा.का ३ वटा वडाहरु (८, ९ र १०), परिवर्तन गाउपालिकाको कुरेली (वडा नं. १) र सुनछहरी गाउपालिकाको जेल्वाङ (वडा न. ७) समेत गरी ४ वटा स्थानीय तहका १० वटा वडाहरुमा फैलिएर रहेको छ।




### ३.२ जलजला क्षेत्रको भू- उपयोगिता विवरण

ICIMOD 2021 को डिजिटल भू- उपयोगिताको तथ्याङ्को आधारमा यस संरक्षित वनमा वन क्षेत्र ७१.९२%, कृषि क्षेत्र १८.४३%, घाँसे मैदान ९.५१%, र अन्य क्षेत्र ०.१४४% रहेको पाइन्छ ।

## ४. जलजला संरक्षित वनको महत्व

### ४.१ सामाजिक, सांस्कृतिक तथा धार्मिक महत्व

जलजला संरक्षित वन क्षेत्रमा समावेश १० वडामा विभिन्न जातजातिको बसोबास रहेको छ, जसमा मगर समुदायको बाहुल्यता रहेको छ भने क्षेत्री, दलित तथा न्यून रूपमा ठकुरी, सन्यासी र गुरुङ समुदाय रहेका छन्। यस क्षेत्र धार्मिक रूपमा अत्यन्त महत्वपूर्ण मानिन्छ जहाँ बराह मन्दिर र भामा गुफालाई वराहको उत्पत्ति स्थलका रूपमा लिइन्छ। वैशाख, जेठ र श्रावण पूर्णिमामा यहाँ मेला लाग्ने गर्दछ र रोल्पासहित रुकुम, सल्यान, दाङ, प्यूठान र सुर्खेतबाट हजारौं श्रद्धालु भक्तजनहरू आउने गर्दछन्। यसले धार्मिक पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याएको छ।

### ४.२ वनस्पति तथा वन्यजन्तु विविधताको महत्व

यस क्षेत्र जैविक विविधताले सम्पन्न छ जहाँ करिब १४ प्रजातिका गुराँस, साल, चिलाउने, कटुस, बाँझ, देवदार, चाँप, उत्तिस, ओखर जस्ता वनस्पति तथा चिराइतो, पाँचऔले, गुर्जो, टिमुर जस्ता बहुमूल्य जडीबुटी पाइन्छन्। वन्यजन्तुमा रतुवा, बँदेल, घोरल, झारल, भालु, चितुवा, रेड पाण्डा, कस्तुरी मृग, मलसाप्रो, चरीबाघ लगायतका स्तनधारी, साथै अजिङ्गर र सुनगोहोरो जस्ता घस्रने जीव तथा कालो तित्रा, गिद्ध, चिल र बाजजस्ता चराचुरुङ्गीहरू पाइन्छन्।

### ४.३ जलाधार क्षेत्रको महत्व

यस संरक्षित वन क्षेत्रबाट फगाम, उवा, चुनवान र धांसी खोलाहरू उद्गम भई माडी र लुंग्री खोलामा मिसिन्छन्। यस क्षेत्रमा रहेका साना ताल, पोखरी तथा दलदली सिमसार क्षेत्रहरूले जलाधार संरक्षण, पानीको सन्तुलन र जैविक विविधता संरक्षणमा महत्वपूर्ण भूमिका खेलेका छन्, त्यसैले यो क्षेत्र पारिस्थितिक दृष्टिले संवेदनशील तथा महत्वपूर्ण मानिन्छ ।

## ५. जलजला संरक्षित वन व्यवस्थापनको लक्ष्य तथा उद्देश्यहरू

### अ. लक्ष्य

सहभागितामूलक संरक्षणमुखी वन व्यवस्थापनद्वारा जैविक विविधता, धार्मिक, सांस्कृतिक, जलश्रोत र पर्यापर्यटनको दीगो व्यवस्थापन एवं वातावरणीय सन्तुलन कायम गरी स्थानीय जनताको जीविकोपार्जनमा सुधार ल्याउने ।

### आ. उद्देश्य तथा अपेक्षित उपलब्धिहरु

क) समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापनद्वारा वनस्पति, वन्यजन्तु, बासस्थान एवं सूक्ष्म पारिस्थितिकीय प्रणालीहरू र प्राकृतिक सौन्दर्य क्षेत्रहरूको उचित संरक्षण, सम्बर्धन र बुद्धिमत्तापूर्वक उपयोग गर्ने ।

ख) धार्मिक, साँस्कृतिक, ऐतिहासिक र ऐतिहासिक जनयुद्धका आधार क्षेत्रको संरक्षण र सम्बर्धन गर्ने।

ग) समुदायमा आधारित पर्यापर्यटन र हरित उद्यमको स्थापनाद्वारा हरित रोजगारी सिर्जना गरी स्थानीय जनताको जीविकोपार्जनमा सुधार गर्ने ।

घ) संरक्षित वन क्षेत्रको तल्लो तथा माथिल्लो तटीय क्षेत्र बीच सुमधुर सम्बन्ध र समन्वय कायम गरी सहभागितामूलक जलाधार क्षेत्रको दिगो व्यवस्थापन गर्ने ।

ङ) संरक्षित वन परिषदको संस्थागत क्षमता र सुशासन अभिवृद्धि गर्ने ।